ISSN 2631-2298
nepalmag.com.np
आइतबार • १२ असोज २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

धमाधम कोर्टमार्सल

द्वन्द्वकालमा शाही सेनाबाट भागेर विद्रोही लडाकू बनेका सिपाहीहरूलाई सेनाले पक्राउ गर्दा माओवादी पक्ष मौन

कस्तो विश्वविद्यालय बनायौं हामीले ! | सन्दुक रूइत : पुस्तक अंश

SmartThinQ™
Better Life with IoT

LG Life's Good

खुशीको Double Upgrade

आज LG को हरेक INNOVATION हिजोको सपना थियो

LG InstaView · LG Double Door · LG TWINWash · LG Front Load · LG DUALCOOL · LG HOM-BOT · LG NeoChef · LG OLED TV AI ThinQ · LG XBOOM · LG styler

यो योजना अन्तर्गत भाग्यशाली विजेताहरुको घरलाई लक्की ड्र मार्फत LG का Innovative Product हरुले Upgrade गरिनेछ ।

UPGRADE to Smarter Life

HOME ENTERTAINMENT OFFERS

Best Price Guaranteed
LIKE NEVER BEFORE

2 YEARS* FULL WARRANTY ON LED TVs

Nepal's Best Selling UHD TV Brand

Google Assistant | alexa built-in

XBOOM SERIES

HOME APPLIANCES OFFERS

ALL INVERTER ALL 10 YEAR WARRANTY

Product	Offer
Single Door Refrigerator	BEST PRICE GUARANTEED
Double Door Refrigerator	FREE Pigeon Glasstop Worth Rs. 4,120/-
Side by Side Refrigerator	FREE Microwave Oven Worth Rs. 13,790/-
Room Air Conditioner	FREE Installation Worth Rs. 4,000/-
Microwave Oven	FREE Cooking Kit Worth Rs. 2,800/-
Washing Machine Front Load (Washer & Dryer)	FREE Water Dispenser Worth Rs. 5,250/-
Washing Machine Front Load (Washer)	FREE Pigeon Gift Set Worth Rs. 3,230/-
Washing Machine Top Load	FREE Pigeon Kadai Worth Rs. 1,130/-
Dishwasher	FREE Pigeon Gift Set Worth Rs. 3,230/-
Vacuum Cleaner	BEST PRICE GUARANTEED

Also Get ATTRACTIVE CASH BACK on all HOME APPLIANCES

लक्की ड्र मा भाग लिनको लागि
LG[space]Name[comma]model no.[comma]serial no.[comma]address
Type गरी 34343 मा MESSAGE पठाउनुहोस् ।

This Offer is valid from 24th Bhadra for limited period only.*Conditions Apply. E & OE. Rates are inclusive of Taxes.

TOLL FREE NO. 166 00 100 211
For Ncell & UTL Contact: 01-5188185

www.lgnepal.com

Stay Connected Through Our Facebook Page LGNepal

CG ELECTRONICS
ISO 9001:2015 CERTIFIED COMPANY

LG LIFESTYLE MEGA STORE Minbhawan: 01-4106530, 4106652 (Information Display Experience Zone)
LG LIFESTYLE SHOPPE Civil Mall: 01-4253974, 4254025 | Jawalakhel: 01-5546612, 5546218
Chabahil: 01-4498382,4461234 | Sitapaila: 01-4034562, 4034668 | Gwarko, Imadol: 01-5200426,5200427 | Kantipath: 01-4218116, 4253992
CG DIGITAL
Kumaripati: 01-5008771 ,5008772 | Ravibhawan: 01-4281749 , 4276049 | Tangal: 01-4431837, 4411269 UWTC: 01-4117002, 4117114
Naya Bazar: 01-4364072, 4381029 | Bhaktpur: 01-6638472, 6638871 | Kirtipur : 01-4331140, 4333241 | Itahari: 025-581126, 581136
Bharatpur: 056-533230, 533020 | Hattigauda: 01-4376815

FOR CORPORATE ENQUIRY 9851211067
Contact your nearest LG dealer

FOR DEALERSHIP ENQUIRY
Inside Valley 9851211064
Outside Valley 9855020900 9854022560

Recycle your E-waste @LG Brand Shops
FREE INSTALLATION On All Appliances

ATTRACTIVE EMI OPTION
0% FINANCE 6-12-18 Months @ LG Brand Shop & CG Digital

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
ने ग्र १९१
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

From mastering tricky conversations at a workplace to sharpening your resume for the right job, every Monday, The Post brings to you the right mix of guidelines, analysis and stories on leadership, management, and human resources.

kathmandupost.com/escalate

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
SKYWORTH
SKYWORTH
GRAND
॥ छुट उत्सव ॥
SKYWORTH सँग सबै दङ्ग
30% सम्म छुट पाइ सबै फुरुङ्ग
यो दशैं तिहारमा हरेक SKYWORTH खरिद गर्दा ३०%* सम्मको छुट पाइ छुटको उत्सव मनाउनुहोस् ।
*सर्तहरू लागू हुनेछन् ।
Smart Appliances (P) Limited
CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4437991 | COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, १२ असोज २०७६ (वर्ष २०, अंक ९)
Nepal National Weekly, 29 Sept 2019 (Vol. 20, No. 9)

हरे ! कस्तो विश्वविद्यालय बनायौं हामीले ?

१८



सुकुलगुन्डे अर्थतन्त्र | ३६

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
झटारो : लक्ष्मण गाम्नागे | ११
स्मरण | १४
बिर्सिंईंदै ठूला अपराध | १५
स्थायी उपविजेता ! | ४२
रङ | ५०
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

१२
हाम्रो नेपालमा
नदी तर्न बीस किलो धान

१६
अन्तर्वार्ता
शंकर पोखरेल

२६
(अ) सहमति
भास्कर गौतम

२८
आवरण
पहिले अभिनन्दन,
अहिले बिलखबन्द

३४
नेमकिपा
समाजवादतर्फको
पैदल यात्रा

४०
सन्दर्भ
अश्लील साइट प्रतिबन्ध,
परिणाम शून्य

४४
सन्दुक रुइत
'मलाई एक बाकस आँखा
ल्याइदिन नबिर्सिनु है'

आगामी अंक
दसैं विशेष

सैनिक ऐन सच्याएर कोर्टमार्सल प्रकरण सल्टाऊ

सैन्य सेवाको प्रकृति अरू पेसाभन्दा फरक हुन्छ । आदेश र नियन्त्रणको भरमा चल्ने यो संरचना आफैँमा कठोर अनुशासनको परिचायक पनि हो । राष्ट्रका सामुन्ने कुनै पनि संकट आइपर्दा अन्तिम शक्तिका रूपमा खडा हुने यो मुख्य आधारस्तम्भ हो । त्यसैले कुनै पनि देशको सैनिक ऐनकानुन मानेर भर्ती हुँदै गर्दा प्रत्येक जवानले आफ्नो ज्यानको मूल्य बाजी राखेरसमेत आदेश पालना गर्ने र त्यसमा किमार्थ सम्झौता नगर्ने शपथ खाएको हुन्छ ।

विगतमा शाही नेपाली सेनाका रूपमा स्थापित यो संरचनालाई लोकतान्त्रिक गणतन्त्रको पछिल्लो परिवर्तनसँगै नेपाली सेनाका रूपमा पुनःसंरचना गर्ने प्रतिबद्धता राजनीतिक पार्टीहरूको थियो । जनआन्दोलन ०६२/६३ भन्दा अगाडि नागरिक आन्दोलनले सेनाको पुनःसंरचना र लोकतन्त्रीकरणको मुद्दा केन्द्रभागमा ल्याउँदै थियो । पुरानो सैन्य संरचनामाथि आवश्यक परिमार्जनसँगै विद्रोही माओवादीले खडा गरेका लडाकू संरचनालाई समेत यथोचित निकास दिने आह्वान त्यसमा निहित थियो । जनआन्दोलनको स्वरूप शान्तिपूर्ण थियो तर त्यसका एजेन्डाहरू सशस्त्र विद्रोहीसमेतसँग बसेर कोरिएका थिए । हिजोका शत्रुहरू अब परस्पर संवादबाट देशलाई अगाडि बढाउने संकल्प गर्दै थिए । नेपाली सेनाको रूपान्तरण त्यस संवादको अनिवार्य कार्यसूची थियो ।

हो, त्यही शत्रुसम्बन्धी कसुरलाई टेकेर सेनाभित्र पछिल्लो समय केही निर्णय भएका छन्, जसले त्यो संस्थाभित्र प्रश्नहरू उठाइदिएका छन् । नेपाली सेनाका लागि बनाइएको सैनिक ऐनमा शत्रुसम्बन्धी कसुर, सैनिक विद्रोह (म्युटिनी) र भगौडासम्बन्धी कसुर व्यवस्था गरिएको छ, जसमा शत्रुसम्बन्धी कसुर सबैभन्दा कडा व्यवस्था मानिएको छ । *नेपाल* संवाददाता माधव बस्नेतले लेखेको यो अंकको आवरण कथाले त्यस्ता सैनिकहरूको वर्तमान अवस्थाबारे चित्रण गरेको छ, जो उक्त कसुर लागेर अहिले कोर्टमार्सल बेहोर्ने र थुनिने परिस्थितिको सामना गरिरहेका छन् । यसलाई सेनाको दैनिक पेसागत जीवनको परिघटना मानेर छलफल गरियो भने वस्तुनिष्ठ निष्कर्षमा पुगिँदैन । बरु यो त बृहत् शान्ति सम्झौता र समग्र शान्ति प्रक्रियाका क्रममा मिहीन रूपमा सम्बोधन गर्न बाँकी एउटा मुद्दा हो, जसका आयामहरू निष्पक्ष र यथार्थपरक भएर केलाउनैपर्छ ।

यो विश्लेषणको आवश्यकता किन पनि छ भने, युद्धका दुवै पक्षको उच्च तह आजपर्यन्त सुरक्षित र सम्मानित जीवन बाँचिरहेको छ । 'जनमुक्ति सेना' गठन गरेर त्यसको सुप्रिम कमान्डर दरिएका पुष्पकमल दाहाल 'प्रचण्ड' दुईपल्टसम्म प्रधानमन्त्रीको कुर्सीमा बसिसके । हिजोका लडाकू कमान्डर तथा माओवादी नेताहरू आज उपराष्ट्रपति, सभामुख, विभिन्न मन्त्री, मुख्यमन्त्री आदि बनेर यो व्यवस्था उपभोग गरिरहेका छन् । उनीहरूको आह्वानलाई पत्याएर हिँडेका सैनिक जवानहरू अभियुक्त बन्नुपर्ने अवस्था आइलागेको छ । यसमा माओवादी पक्ष त बोल्नैपर्छ, साथै सरकारले पनि आवश्यक निर्णय लिनुपर्छ- कम्तीमा इतिहासको एउटा खास कालखण्डको परिघटना मानेर । किनभने हामीमध्ये कसैलाई मन परे या नपरे पनि माओवादी युद्ध नेपाली इतिहासको एउटा अध्याय भइसकेको छ । त्यसो गरिएन भने युद्धका बाछिटाका रूपमा देखिएका विभिन्न घटनामध्ये यो पनि एउटा असन्तुष्टि निम्त्याउने कारक बन्न सक्छ । त्यो न्यायपूर्ण र समाजका लागि दीर्घकालीन रूपमा फाइदाकारी हुँदैन ।

प्रधानसेनापति पूर्णचन्द्र थापा, जो पछिल्ला दिनहरूमा सेनाभित्र आर्थिक आचरण र पारदर्शिताको प्रयासका लागि सराहनाका केन्द्र बन्न गएका छन्, उनले पनि यसमा आवश्यक ध्यान पुऱ्याउनुपर्छ । यसका लागि सैनिक ऐन संशोधन अब मन्त्रिपरिषद् र संसद्को विषय बन्नुपर्छ । यसमा थापाले पनि आवश्यक रचनात्मक र सल्लाहकार भूमिका निर्वाह गर्न सक्छन् । सेनापतिले याद गर्नुपर्छ, विगतमा सेना छाडेर माओवादीमा छिर्नेहरू मात्रै छैनन्, माओवादी छाडेर सेना प्रवेश गर्नेहरू पनि छन् ।

युद्धका कमान्डरहरू दैनिकजसो सल्युट खाँदै हिँड्ने, अनि तिनले युद्धमा मर्न-मार्न उक्साएकाहरू आज जेलमा बस्नुपर्ने स्थिति सुन्दै सहज लाग्ने कुरो त पक्कै होइन ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ५ असोज २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

न्यायपालिकामा दाग

संविधान कार्यान्वयनको मुख्य थलो न्यायपालिकाभित्रै भ्रष्टाचार हुन्छ भने सर्वसाधारण न्याय माग्न कहाँ जाने ? *(त्राहिमाम् न्यायाधीश, खस्कँदो जनआस्था, ५ असोज)* । कानुनको व्याख्याता न्यायाधीश नै धमाधम भ्रष्टाचार काण्डमा पर्न थालेपछि न्यायालयप्रति जनआस्था घट्नै नै भयो ।

जिल्ला, उच्च र सर्वोच्च अदालतका न्यायाधीशले कर छली, एकै विषयको मुद्दामा पनि छुट्टाछुट्टै फैसला गर्नुले कहीं न कतै आर्थिक चलखेल भएको देखिन्छ । न्यायाधीशले संविधानमा लेखिएअनुसार फैसला सुनाउनुपर्नेमा आर्थिक चलखेलमा बढ्ता ध्यान दिएकै कारण न्यायालयप्रति औंला ठड्याउने अवस्था आएको हो । झन्डै २ दर्जन न्यायाधीशबारे अनुसन्धान भइरहेको स्वयं न्याय परिषद्ले नै बताउनुले न्यायालयको साख कसरी उँभो लाग्ला ?

■ **प्रेमप्रसाद सापकोटा**
सूर्यविनायक, भक्तपुर

- सार्वजनिक सरोकार वा राजनीतिक मुद्दामा तोकिएको इजलास हेरेरै आदेश फैसलाको पूर्वानुमान गर्न सकिने स्थिति बनेको रहेछ । न्यायपालिकालाई विकृत तुल्याउने कारण खोज्न अन्त जानैपर्दैन । राजनीतिक भागबन्डामा न्यायाधीश बनाउने परिपाटी निम्त्याउने राजनीतिक दल नै हुन् । सर्वोच्च र उच्च अदालतका अधिक न्यायमूर्ति कांग्रेस-कम्युनिस्ट खेमामा बाँडिएपछि तिनले दिने फैसला कति स्वतन्त्र होला ? न्यायाधीश नै राजनीतिक पार्टी समर्थित र आर्थिक उपार्जनमा लागेपछि स्वच्छ फैसलाको कल्पना गर्नु बेकार छ ।

■ **कान्ति देवान**
बूढानीलकण्ठ, काठमाडौं

कूटनीतिमा फेल

नेकपाका दोस्रा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले दक्षिणी छिमेकका विदेशमन्त्री जयशंकर नेपाल आएका बेला प्रोटोकल नमिलेको भनेर भेट नगर्नु कमजोर कूटनीति नै हो *(आलाकाँचा प्रचण्ड, ५ असोज)* । भारतका विदेशमन्त्री बसेको होटलमा भेट गर्न नजाने तर चिनियाँ विदेशमन्त्री वाङ यीसँग भेट गर्नुले दोहोरो मापदण्ड देखियो ।

भारतीय विदेशमन्त्री नभेटेपछि चिनियाँलाई पनि सोही व्यवहार गरिएको भए प्रचण्डमा कूटनीति कौशल बढी भएको मानिन्थ्यो ।

■ **अनिल गौतम**
पोखरा लेखनाथ महानगरपालिका, कास्की

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

त्राहिमाम् न्यायाधीश, खस्कँदो जनआस्था
Trailokya Raj Aryal-王老外_@Trailokyaaryal

नेपालबाट पापपुण्य, इमानजमान सबै हराइसकेको गतिलो उदाहरण ।

Humanity,Neutrality@subhash521260

त्यसैले अब जगजित सिंहको गजल सुनेर चित्त बुझाउने-
मेरा कातिल ही मेरा मुन्सिफ है
क्या मेरे हक मे फैसला देगा
(मुन्सिफ : न्यायकर्ता, इन्साफ करनेवाला)

विदेशीको अपराध भूमि
Hari krishna shakya@Harikrishnashky

हुने नै भयो । नेपालमा प्रशासन पैसामा बिक्छ भन्ने आम मानिसको धारणा छ । नोटको बिट्टाले छेलेपछि सबैको आँखामा जालो पर्छ ।

१८ करोडको भ्रष्टाचारलाई वैधता
Rabinkandel@rabinrkandel

अदालत नै भ्रष्ट न्यायाधीशहरूको अखडा भएपछि न्याय निसाफ कहाँ हुन्छ ? कार्यपालिका, प्रशासन, पुलिस जताततै भ्रष्टाचार गर्नेहरू भएपछि न्यायपालिका अछुतो रहने कुरै भएन । यही हो, लोकतन्त्र ?

हल्लैहल्लाको देश र 'स्मल कन्ट्री सिन्ड्रोम'
Damodar chalise@chalise_damodar

हामी नेपालीलाई घुमाउन सजिलो । सिंगापुरबाट इमर्जेन्सी द्वारिका होटलमा रहेका भारतीय एउटा कर्मचारी भेट्न आउनुको औचित्य, प्रचण्ड पहिलोपल्ट प्रधानमन्त्रीबाट बाहिरिएका बेला दिएका बयान अनि *प्रयोगशाला* पुस्तकमा उल्लेख गरिएका घटना खण्डन नगर्नुले के सावित हुन्छ ?

प्रेमको प्रशंसामा
Kailash Rai@Kailash1819

पाठकको पठन इच्छा जागृत गर्ने खत्रै विषय छानिएछ ।

किसानका नाममा स्वाहा
Binod Neupane@Neupane1Binod

मिसाएर लेख्नुभयो । बीचमा प्याक्ट मिसियो । पुनः दरा मान्छे खोजेको भए भैरे भनिदिन्थ्यो ! ठुलो मान्छे समाउनुभयो । दलाल, बिचौलिया एन्ड कम्पनी छ । कथा ठूलै छ ।

पोस्ट

आलाकाँचा प्रचण्ड
Sanjaya Parajuli

नेकपाका दोस्रा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' चुकेका होइनन् । उनी आफ्नो उद्देश्यबमोजिम नै हिंडेका छन् । समय-समयमा परिस्थितिअनुसार उनी जताततै ठिक्क पर्छन् । कम्युनिस्ट शासन व्यवस्था लागू गर्न आइपर्ने तगारा मास्दै जानु उनको उद्देश्य देखिन्छ ।

त्राहिमाम् न्यायाधीश, खस्कँदो जनआस्था
Sundar Shree

इमान त कसरी आओस्, सबै पदमा भागबन्डा छ । न्यायाधीशमा भागबन्डा, प्रहरी प्रमुखमा भागबन्डा । सबै चीजबिजमा भागबन्डा भएको देशमा केको न्याय निष्पक्ष हुन्छ भनेर सोच्नु ? देशमा अब त जसको लठ्ठी उसैको भैंसी हो ।

GHORAHI CEMENT INDUSTRY
ISO 9001:2015
ISO 14001:2015
ISO 45001:2018
Certified Company

TRIVENI
A Promise for Life

सगरमाथा सिमेन्ट

जुनी जुनीलाई...

www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

प्रवेश

सोझै



साताका चर्चित

आभास मास्के र हरिराम श्रेष्ठ
नेपाली स्याटेलाइट निर्माणकर्ता

नेपालको झन्डाअंकित वस्तु अन्तरिक्षमा पहिलोपल्ट पुर्‍याउन सफलता प्राप्त गरेकामा कीर्तिमय राष्ट्रदीपबाट सम्मानित ।

सन्दुक रुइत
आँखा डाक्टर

५ लाख रूपैयाँको प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार ।

राहुल चौधरी
कार्यकारी निर्देशक, सिजी होटल्स

होटल व्यवसायीसम्बन्धी म्यागजिन *होटलिअर*द्वारा सन् २०१९ का ३५ प्रभावशाली व्यवसायीको सूचीमा पर्न सफल ।

बैरागी काइँला
साहित्यकार

१ लाख १ हजार रूपैयाँको यस वर्षको 'बिपी साहित्य सम्मान पुरस्कार' ।

गिरिराजमणि पोखेल
शिक्षामन्त्री

चितवन मेडिकल कलेजमा भइरहेको विद्यार्थी आन्दोलनबारे गैरजिम्मेवार अभिव्यक्ति ।

मुलुकबाहिर

माउन्टेन लायन घरमा पसेपछि



हिन्दी चलचित्र रकस्टारमा एउटा गीत छ- 'नादान परिन्दे घर आ जा... ।' अहिले तपाईं-हामी बसिरहेको ठाउँमा कुनै बेला जंगल थियो । त्यहाँ पशुपक्षी बस्थे, हरिया पाखामा मस्त चर्थे । मान्छेका आवादी बढे । ती रूख काटिए । कहाँ गए होलान्, ती चराचुरुंगी र जनावर, कहिले सोच्नुभएको छ ? अमेरिकाको क्यालिफोर्नियाको एउटा घरमा माउन्टेन लायन बाथरूममा फेला परेको छ । *युपीआईडटकमका* अनुसार उक्त जंगली जनावर घरको प्रमुख ढोकाबाट भित्र पसी दोस्रो तल्लाको शौचालयमा बसेको तौल्युम काउन्टीका प्रहरी अधिकारीलाई उद्धृत गर्दै वेबसाइटले जनाएको छ । जनावरलाई त्यहाँबाट लैजान फिस एन्ड वाइल्डलाइफलाई जिम्मा दिइसकिएको छ । माउन्टेन लायन त्यहाँ बसे पनि घरधनी तथा छिमेकीलाई कुनै खतरा भने नरहेको अधिकारी बताउँछन् । ने

त्यस बखतको **नेपाल**

पारसमाथि मात्रै किन खनिने ?

पारस शाहलाई दोषी भन्दै ५ लाखको हस्ताक्षर संकलन गरी ज्ञापनपत्र बुझाउने 'न्यायप्रेमी' नेकपा (माले) को विद्यार्थी संगठनसहितका ६ वटा ती जनवर्गीय संगठनहरूले त्यसैगरी के अनैतिक, भ्रष्ट र गैरकानुनी काम गर्ने नेताहरूविरुद्ध हस्ताक्षर संकलन गर्न सक्छन् ? आफ्नै नेताहरूलाई जेल पठाएर टुहुरो बन्ने साहस उनीहरूले किन गर्थे ! कानुनी रेखा कोरेर राजनीतिक अगुवाहरूको अग्निपरीक्षा गर्ने हो भने ती सबै भष्म हुन्छन् भन्ने सबैलाई थाहा भएकै कुरा हो । अब त्यस्तो नेतृत्वले दिएको कानुन पालनाका पाठहरू दरबारले सुन्नैपर्छ भन्ने पनि के छ ? मुखले नभने पनि मनमनै दरबार पनि त भन्दो हो, 'तिमीहरूले नाङ्गानाङ्गै ताण्डव नृत्य गरेर हिँडे पनि हुने, अनि कानुनको कार्यान्वयन हाम्रै हकमा मात्र हुनुपर्ने ?'

रवीन्द्र मिश्र

***नेपाल*, १-१५ असोज २०५७**

सुरेश किरण

आउनुस्-आउनुस् ! लगानी गर्नुस् !

विदेशी लगानी भित्र्याउने सरकारको प्रयास जारी छ । देशमा विदेशी सामान, विदेशी रेमिट्यान्स, विदेशी विचार र विदेशी राजनीति त धेरै अघि नै भित्रिसकेको हो । भित्रिन बाँकी विदेशी लगानी मात्रै हो, जो अहिलेसम्म भित्रिन सकिरहेको छैन ।

यो मामिलामा केही उपबुज्रुक भन्छन्, नेपालमा लगानी गर्ने वातावरणै छैन । तर म भन्छु, किन छैन ? वातावरण त प्रशस्तै छ । बरू विदेशीलाई आफ्नै देशमा लगानी गर्ने वातावरण छैन होला, नेपालमा प्रशस्तै छ । सरकारले घरिघरि लगानी गर्न आऊ भनेर बोलाइरहेकै छ । लगानीकर्तालाई कर्मचारीले साथ दिइरहेकै छन् । मन्त्रालयमा थोरै ढिलासुस्ती हुन सक्ला । तर पनि अलिकति यसो दिलाइदियो भने कर्मचारीले जम्मै मिलाइदिन्छन् । मिलाउनै नहुने काम पनि मिलाइदिन्छन् । लगानीकर्ता भाग्लान् भन्ने चिन्ताले कर्मचारीले त्यसरी मिलाइदिने हो ।

अब करको त चिन्तै नलिए पनि भयो । त्यो तिर्दै नतिरे पनि केही छैन । सरकारले तिर भनेको कर पनि सर्वोच्च अदालतले नतिर भनेर फैसला गरिदिने व्यवस्था छ ।

त्यसमाथि बिप्पा भन्ने अर्को एउटा सम्झौता छ, जसले लगानीकर्ताको लगानी डुब्यो भने पनि त्यसको क्षतिपूर्ति सरकारले दिलाइदिन्छ । स्वदेशीलाई समेत नभएको सुविधा विदेशी लगानीकर्तालाई छ । यति सुविधा हुंदाहुंदै पनि लगानीको वातावरण छैन भनेर कसरी भन्ने ?

हामी राष्ट्रवादी

अन्ततः चीनका राष्ट्रपति नेपाल आउने पक्का भएको छ । आउने भन्ने कुरा त धेरै अघिदेखि नै आइरहेको हो । साँच्चै मान्छेचाहिं यसपालि आउने भएका हुन् ।

अब चिनियाँ राष्ट्रपति आउने भएपछि नेपालले पनि त्यसको तयारी सुरू गरेको छ । अर्थात्, चीनसँग के-के माग्ने, सूची बनाइँदै छ । नेपालले गर्ने तयारी भनेको यही त हो नि !

तर हालै घटित केही घटनाका कारण मलाई चीनसँग केही नमाग्दा नै हुन्छ कि जस्तो लागिरहेको छ । हामी सोच्छौं, चीनसँग धेरै पैसा छ । तर यथार्थमा चीनसँग त्यति धेरै पैसा छ जस्तो पनि लाग्दैन । धेरै पैसा भएको भए चिनियाँ नेपालको एटीएममा पैसा लुट्न आउँथे ? जतिसुकै पैसा नभएको देश भए पनि आजसम्म कुनै नेपाली लुटेराले चीनको एटीएममा गएर पैसा लुटेका छन् ? त्यो त छैनन् नि । चिनियाँले एटीएम लुटेका कारण नेपालभित्र चीनको कत्रो बेइज्जत भयो ।

बरू नेपाली लुटेरा एवं चोरमा यति राष्ट्रवादी भावनाचाहिं अझै ज्यूँदै रहेछ । आफू जतिसुकै खान नपाए पनि विदेशमा गएर बैंक फोडेका छैनन् । कति राष्ट्रवादी भावना ? देशको कति ठूलो चिन्ता ? नेपालमा चोरसमेत यति धेरै राष्ट्रवादी हुन्छन् । विदेशमा चोर्न नजाने ती चोरप्रति हामीलाई गर्व छ । उनीहरूका कारण आज हामीले चीनको जस्तो राष्ट्रिय बेइज्जत भोग्नुपरेको छैन । सम्पूर्ण चोर एवं लुटेरा वर्गलाई सलाम !



लामखुट्टे र सरकार

देशमा दुई तिहाइको सरकार छ । तर सरकार दुई तिहाइवाला भए पनि हाल यसको प्रभाव कम हुंदै गएको पो हो कि ? अहिले सरकारलाई लामखुट्टेले समेत हेप्न थालेको छ । लामखुट्टेका कारण राजधानीमै डेंगु फैलिएपछि सरकार सतर्क भएको छ । तर सरकार सतर्क भएर के गर्नू, लामखुट्टे सतर्क भएको छैन । यी लामखुट्टेलाई भगाउन सरकारले के मात्रै गरेको छैन ? सिंहदरबारमा बैठकका बैठक बसेका छन् । दर्जनका दर्जन निर्णय गरेका छन् । ठाउँ-ठाउँमा मन्त्री गएर भाषण गरेका छन् । अस्पताल निरीक्षण गरेका छन् । पत्रिकामा अन्तर्वार्ता दिएकै छन् । रेडियोमा बोलेका छन् । के मात्रै गरेका छैनन् ! तर जे गरे पनि आजसम्म एउटा लामखुट्टेले सरकारलाई टेरेको देखिएन । के लामखुट्टेले पनि दुई तिहाइ सरकारलाई हेपेकै हो ?

नयाँ संसद् भवन

प्रधानमन्त्री केपी ओलीले हालै सिंहदरबार परिसरमै नयाँ संसद् भवनको शिलान्यास गरेका छन् । देशमा संसद् त छ तर संसद् भवन छैन । त्यसैले संसदै भाडामा बस्नुपर्ने अवस्था छ । भाडामा बस्न कति कठिन छ भन्ने कुरा काठमाडौंका भाडावाललाई सोध्दा थाहा हुन्छ । जाबो बत्तीमा समेत घरबेटीले बढी पैसा लिएर हैरान पारिदिन्छन् । भाडामा बसेको संसद् भवन पनि यो समस्याबाट मुक्त छैन होला । तथापि कुलमान घिसिङले अब घरबेटीले विद्युत्को बढी पैसा लिन पाइँदैन भनेर हालै दिएको निर्देशनले संसद् भवनलाई राहत मिलेको हुन सक्छ ।

अब संसद्को पनि आफ्नै भवन हुने भएपछि यस्तो झन्झट नहुने नै भयो । तर नयाँ बन्ने संसद् भवन कस्तो बन्दै छ, त्यसप्रति भने सबैको चासो बढेको छ । कस्तो होला त हाम्रो नयाँ संसद् भवन ? संसद्को सभाकक्षमा रहेका माइक त जम्मै झिक्न नहुने फिक्स नै होला । विगतका अनुभवले पनि यस्तै माइकको माग गर्छ । भवनको कुनै कुनातिर सुत्न मिल्ने पलङसहितको दुई-चार वटा कोठा पनि हुनैपर्ने देखिन्छ, जसले संसद्को बैठक कक्ष कुनै लजको कोठाजस्तो देखिने छैन । त्यस्तै, बडी बनाउने एउटा जिमखाना पनि राख्नैपर्ने देखिन्छ । सरकारले कुनै विवादास्पद विधेयक ल्याउन खोज्यो भने त्यसलाई रोक्ने तयारी कार्यका लागि पनि जिमखाना आवश्यक पर्छ । एउटा तबला-सबला बजाउने संगीत कक्ष पनि राख्दा राम्रै होला । माननीयहरूले संसद्को टेबुलमै तबला बजाइरहेको हेर्दा राम्रो लाग्दैन ।

संसद्को नयाँ भवनमा यी कुरा छन् ? जनता जान्न चाहन्छ ।

[झटारो]

जनताको सेवामा

लक्ष्मण गाम्नागे

स्थानीय सरकारका पदाधिकारीले तलबभत्ताबाहेक पौने अर्ब रुपैयाँ गैरकानुनी हजम गरेको र सो रकम बेरुजु कायम गरी असुलउपर गर्नू भनेर महालेखाले स्थानीय निकायलाई निर्देशन दिइटोपलेछ । जनताका प्रतिनिधि, त्यो पनि पक्ष-प्रतिपक्ष सबैले सर्वसम्मत निर्णय गरी मिलिजुली खाएको । यसरी मिलाएर खाएको, लाएको र पचाएको फिर्ता गर भन्नु कस्तो हास्यास्पद ! जनताले तिरेको करबाट जनताकै लागि जनताकै प्रतिनिधिले खाए । यसमा कसैलाई किन ज्वरो आउनू ! जनताका प्रिय प्रतिनिधिले त्यसरी लाएको, खाएको र पाएकामा केही पत्रकार बारम्बार उनीहरुका विरुद्ध समाचार बनाएर समाजलाई भड्काउने प्रयास गरिरहेका छन् । केही गरी समाज भड्के पनि हाम्रा जनप्रतिनिधि भड्किने छैनन् । उनीहरु खानबाट पछि हट्ने छैनन् । यतिको अडानचाहिँ उनीहरुले कायम गर्नेछन् भन्ने अनुभव हामीले बितेका दुई वर्षमा गरिसकेका छौँ ।

जनप्रतिनिधिले कानुनमै नभएको पोसाक शीर्षकमा करोडौं रकम बुझेको भनेर केही पत्रिकाले लेखे । कानुनमा छैन भन्दैमा पोसाक नलगाई उनीहरूले घरबाहिर निस्कन मिल्छ त ? जनताको सेवामा राम्ररी ध्यान दिनका लागि हाम्रा जनप्रतिनिधिलाई कम्तीमा सुट, टाई, दौरा-सुरुवाल, कोट, धोती, सारी त सरकारले दिनैपर्छ । त्यसमा थप पेटिकोट, जुत्ता, मोजा कट्टु, धोती र गर्मीमा घर बस्दा लगाउने हाफपाइन्ट पनि चाहिन्छ । रातबिरात जनताको सेवामा खटिने जनप्रतिनिधिलाई सिरक, डसना, तन्ना, झुल, छाता, टर्चलाइट आदि पनि दिनुपर्छ । काइँयो, कपालमा लगाउने तेल, नेल कटर, लिपिस्टिकलगायत प्रसाधनका सामानका लागि पनि रकम उपलब्ध गराउनुपर्छ । खल्तीको खर्च गरेर जनताको काम गर्ने कुरा अन्यायपूर्ण हुन्छ । जनप्रतिनिधि नै अन्यायमा परे भने जनतालाई न्याय कसले दिन्छ ?

संघीयतामा सधैं सरकारको मुख हेरेर हुँदैन, आफ्नो गाउँ आफैं बनाउनुपर्छ । आफूलाई चाहिने सुविधा आफैँले निर्णय गरेर लिनुपर्छ । मोटर, मोटरसाइकल, स्कुटर, ल्यापटप, मोबाइल, क्याल्कुलेटर इत्यादि स्रोत-साधन उपकरण लिइसक्नुभएकै होला । छैन भने लिनुहोला । घर नहुने जनप्रतिनिधिले घरै नत्र घरभाडा लिने निर्णय गर्नुहोला । घर छ भने मर्मतसम्भार खर्च लिने निर्णय गर्नुपर्छ । महँगीले कर्मचारीलाई भन्दा बढी जनप्रतिनिधिलाई सताउँछ । निर्णय गरेर महँगी भत्ता लिनुहोला । जनप्रतिनिधि भएपछि अनेकौं काम गराउन नागरिक आउँछन् । उनीहरुलाई चिया खुवाउनुपर्छ, कहिलेकाहीं त बासै बसाउनुपर्छ । पाहुना भत्ता झन् आवश्यक देखिन्छ । औषधोपचार खर्च त लिइसक्नुभयो होला ।

जनताको सेवामा समर्पित हुन जनप्रतिनिधिले यी सबै प्रकारका सेवा-सुविधा लिन हिचकिचाउनु, लजाउनु हुँदैन । डाह गर्नेहरुले गर्दै गर्छन्, खान नपाउनेहरुले दाह्रा किट्दै गर्छन्, खान छाड्नु हुँदैन । विकास निर्माणका काममा मेयर, उपमेयर, वडाध्यक्ष, सदस्यज्यूहरु एकआपसमा जतिसुकै गाँड कोराकोर गर्नुस्, टाउको फोराफोर गर्नुस्, तालाबन्दी, नाकाबन्दी गर्नुस् तर तलब-भत्ता, कपडा-लत्ता, टोपी-जुत्ता, गन्जी-ब्लाउजलगायतका सेवासुविधा थप्ने, बढाउने विषयमा सदा मेलमिलापको नीति अपनाउनुस् । एक बारको जुनीमा यस्तो सुखद पाँच वर्ष फेरि आउँछ-आउँदैन, के थाहा, त्यसैले झोली राम्ररी भर्नुस्, भोलि सुरक्षित गर्नुस् । यो दसैंमा सबैलाई कम्तीमा एक-एक वटा खसी, च्यांग्रो, पाडो, नयाँ लुगा र दक्षिणाभत्ता लिने निर्णय गर्नुभयो ? छैन भने गर्नुस् । महालेखा कराउँदै गर्छ, खानेकुरा पच्दै गर्छ । जनताको सेवाका लागि खान नछाड्नुस् । विजया दशमीको मंगलमय शुभकामना ।

नदी तर्न बीस किलो धान

सिरहा र धनुषा जोड्ने कमला नदी

राजकुमार राउत/लहान

राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गअन्तर्गत सप्तरी, सिरहा जोड्ने बलान नदी र सिरहा तथा धनुषा जोड्ने कमला नदीमा पुल निर्माण सुरु भएको आठ वर्ष बितिसके पनि अलपत्र छ । कमला नदी पुलको पिलर निर्माण अहिलेसम्म अधूरै छ । कमला नदीमा पुल अलपत्र परेपछि सिरहा र धनुषाका करिब ६ सय मानिस दैनिक जोखिम मोलेरै डुंगामार्फत नदी आउजाउ गर्छन् । सिरहा नगरपालिका–६ बाँसबिट्टाका स्थानीय सञ्जय यादव कमला नदीमा वर्षायाम सुरु भएपछि असारदेखि कात्तिकसम्म पाँच महिना डुंगा चल्ने बताउँछन् । "करोडौँ लागतको पुल अलपत्र छ, सर्वसाधारण भने जोखिम मोलेर नदी तर्नुपर्छ," सिरहा नगरपालिका बाँसबिट्टाका ६५ वर्षीय रामविलास साह आठ वर्षअघि बाजागाजासहित पुलको शिलान्यास भएको क्षण सम्झँदै भन्छन्, "पुलको शिलान्यास हुँदा स्थानीयमा हर्षको सीमै थिएन । आफ्नै घरआँगनबाट गाडी चढ्न र पुलबाट नदी वारपार गर्न पाइने आशमा थिए ।"

पुल निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनी हिउँदभरि कामै नगरी बस्छन् । वर्षायाम सुरु हुनासाथ आठ–दस जना मिस्त्री लगाएर काम गरेजस्तो गर्ने र कमला नदीको बाढीले सिमेन्ट, रड बगायो भनेर सरकारसँग

कमला नदीमा निर्माण गरिएको अधूरो पिलर

क्षतिपूर्ति लिने गरेको स्थानीय बताउँछन् । ठेकेदार कम्पनीले पिलरको आधा काम पनि पूरा नगरेको स्थानीय उर्मिला यादव बताउँछिन्।

पुल नबन्दा डुंगालाई ५० रुपैयाँ तिरेर जोखिम मोलेरै बजार भर्न सिरहा सदरमुकाम आउनुपर्ने बाध्यता रहेको धनुषा कमला नगरपालिका–३ तेतरियाकी इन्द्रीदेवी दासको गुनासो छ। कमला नदीमा बाढी आएका बेला बिहारको जयनगर भएर आउजाउ गर्नुपर्ने अवस्था छ। साँझ ५ बजेपछि नदीमा डुंगा नचल्ने हुँदा रातबिरात कोही गाउँमा आकस्मिक बिरामी भए अकालमा ज्यान गुमाउनुको विकल्प नरहेको दुःखेसो इन्द्रीदेवीको छ । सिरहा नगरपलिका–६ बाँसबिट्टा घाटमा डुंगा चलाउँदै आएका छेदी मुखिया कमला नदीमा पुल नबनेकाले सर्वसाधारणको आउजाउका लागि डुंगा चलाएबापत सिरहा र धनुषाका १५ गाउँका स्थानीयसँग पाँच महिनाको २० किलो धानबाली लिने गरेको बताउँछन्। त्यस्तै, ५० रुपैयाँ मोटरसाइकलको, साइकलको २० रुपैयाँ लिने गरेको उनको भनाइ छ। डुंगाबाट दैनिक करिब ६ सय मानिसलाई तार्ने गराएको उनले सुनाए।

सप्तरी, सिरहा जोड्ने बलान नदीमा २४ करोड ६२ लाख र सिरहा–धनुषा जोड्ने कमला नदीमा २८ करोड १५ लाख रुपैयाँ लागतमा पुल निर्माण गर्न सरकार र पप्पु लुम्बिनी जेभी कन्ट्रक्सनबीच ३० मंसिर ०६८ मा ठेक्का सम्झौता भएको थियो। दुई पटक म्याद थपिसक्दा पनि पुल निर्माणले गति लिन सकेको छैन। ने

दरबार जाँचबुझ केन्द्र

रा**जा महेन्द्रले तत्कालीन जेठा छोरा वीरेन्द्रलाई** शासन-प्रशासन सिकाउने अभिप्रायले ०२७ सालको अन्त्यतिर दरबार जाँचबुझ केन्द्र स्थापना गरे । युवराज वीरेन्द्रबाट जाँचबुझ केन्द्र स्थापनाको केही महिनापछि सिंहदरबारस्थित दुर्गम क्षेत्र विकास समितिको कार्यालयमा 'सरप्राइज' भ्रमण भयो । युवराज वीरेन्द्र समितिको कार्यालय आउँदा अध्यक्ष सुरेन्द्रबहादुर शाह धार्मिक यात्रामा काशी गएका थिए । युवराज वीरेन्द्रसँग दार्जिलिङ नर्थप्वाइन्ट अध्ययनताका सामान्य चिनापर्ची थियो । त्यसैले हुनुपर्छ, मलाई देख्नेबित्तिकै अंग्रेजीमै 'आर यू हेअर ?' भने । त्यसपछि मैले कार्यक्षेत्र पर्ने जिल्लाको ठूलो नक्सा देखाएर युवराजलाई समितिबाट भए-गरेका कामकारबाहीबारे एक घन्टाजति ब्रिफिङ गरेँ । त्यसको एक घन्टापछि युवराज वीरेन्द्र 'आई विल बी ईन टच विथ यू' भनेर कार्यालयबाट बाहिरिए ।

युवराज वीरेन्द्रले समितिको भ्रमण गरेको महिना दिनपछि तत्कालीन गृहसचिव क्षेत्रविक्रम राणाले गृह मन्त्रालयमा बोलाए । मन्त्रालय पुगेर आफ्नो नाम बताएँ । त्यसपछि गृहसचिव राणाले 'तपाईंलाई भोलि श्री ५ युवराजधिराज सरकारबाट साढे ३ बजे दर्शनभेट हुन्छ । राजदरबारको पूर्वी ढोका (जयनेपाल हलछेउ) जानू' भने । समितिको कार्यालयमा डोरबहादुर विष्टसँग युवराजसमक्ष दर्शनभेटका लागि कसरी प्रस्तुत हुने भनेर छलफल गरेँ । पहिलोपल्ट युवराज वीरेन्द्रलाई भेट्न दौरासुरूवाल लगाएर पूर्वी गेट पुगेँ, ३:१५ बजे । त्यहाँ जाँचबुझ केन्द्रमा काम गर्ने मेरै समूहका अन्य साथीद्वय डा नवराज चालिसे र बालकृष्णलाल जोशी पनि रहेछन् । तर मैले चिनेको थिइनँ । युवराजको कार्यालयबाट एउटा सैनिक आयो र मेरो नाम बोलायो । युवराजको कार्यालय र वासस्थान दुवै रहेको श्रीसदन पुगेँ । युवराजसँगको भेटमा जाँचबुझसम्बन्धी कामलाई कसरी अगाडि बढाउने भनेर छलफल भयो । युवराजले भने, "सामान्यतया जाँचबुझ केन्द्र गठन भएको तिमीलाई थाहा छ । मैले तिमीलाई केन्द्रमा एउटा एसाइन्मेन्ट दिँदै छु ।" अन्य केही विषयमा छलफल गरेपछि श्रीसदनबाट बाहिरिएँ ।

जाँचबुझको अफिस हालको नारायणहिटी संग्रहालय मुख्य ढोकाको बाहिरपट्टि लालदरबारको कम्पाउन्डमा थियो । जाँचबुझमा हामी तीन जना विशेष अधिकृतका रूपमा नियुक्त भएका थियौँ । विज्ञविशेषज्ञमध्ये डा चालिसे राष्ट्र बैंकका जागिरे र जोशी एनआइडीसीमा कार्यरत थिए । बेलायतको इटन, अमेरिकाको हार्वर्ड, बेलायतकै अक्सफोर्ड, टोकियो युनिभर्सिटी, सेन्टजोसेफ नर्थप्वाइन्ट दार्जिलिङमा अध्ययन गरेका युवराज वीरेन्द्रलाई नेपालको परिस्थितिअनुसार यहाँको विकास-निर्माणमा संलग्न गराउने, नेपाली जनजीवनबारे गहिरोसँग अध्ययन र अभ्यास गराउन राजा महेन्द्रले जाँचबुझ केन्द्र स्थापना गरेको भनिन्थ्यो । उक्त जाँचबुझ केन्द्र वीरेन्द्रको प्रत्यक्ष निगरानीमा सञ्चालित थियो ।

तामा उक्याब

जाँचबुझ केन्द्रमा हरेक तीन जनाको कार्यदललाई एउटा विशेष प्रोजेक्ट एसाइन्ट हुन्थ्यो । हामीहरूले गरेको कार्यप्रगतिबारे युवराज वीरेन्द्रलाई ब्रिफिङ गर्थ्यौँ । यसअघि अनौपचारिक रूपमा नेपालका विभिन्न स्थान घुमेका वीरेन्द्र त्यसपछि मात्र आधिकारिक रूपमा विकास क्षेत्र भ्रमणमा जान थाले । जाँचबुझ केन्द्रबाट खटिएका हामीले सम्बन्धित क्षेत्रको रेकी गरेर काठमाडौं आएपछि बुझाएको रिपोर्टका आधारमा वीरेन्द्र भ्रमणमा निस्कन्थे । यस्तो काम पुलिस, सेना, राष्ट्रिय अनुसन्धान विभागबाट पनि हुन्थ्यो ।

यस्तो रिपोर्ट संकलनमा ०२८ मा मेची, कोसीका पहाडी जिल्ला भ्रमणमा म आफैँ गएको पनि थिएँ । भ्रमणका क्रममा युवराजसमक्ष सर्वसाधारणले व्यक्त गर्ने विकास निर्माणका गुनासा, विभिन्न आयोजनामा हुने ढिलासुस्ती, भ्रष्टाचार, अन्य विषयबारे ब्रिफिङ अनि डि-ब्रिफिङ पनि गर्थ्यौँ ।

केन्द्र स्थापनाको वर्ष दिनमै राजा महेन्द्रको निधन (०२८) भयो र युवराज वीरेन्द्रले शासन सम्हाले । केही समय जाँचबुझ केन्द्र अन्योलमै रह्यो । पछि युवराज वीरेन्द्रको सचिवालयमा रहेको अड्डा राजा भएपछि निजी सचिवालयअन्तर्गत भयो । त्यसपछि राजाको विकास क्षेत्र भ्रमणको सुरूआत जाँचबुझ केन्द्रबाटै हुन थाल्यो । पहिले केन्द्रबाटै रेकी गर्न जाने र हामीले तयार गरेको रिपोर्ट र अन्य रिपोर्टका आधारमा राजा भ्रमणमा निस्कन्थे । राजाको यस्तो विकास क्षेत्र भ्रमणमा म आफैँ ६ पटक सँगै गएको छु । राजाको भ्रमणमा अरू निकाय पनि सक्रिय रहन्थे ।

पटक-पटक काज सरूवा भएर जाँचबुझ केन्द्रमा मैले ४ वर्षजति काम गरेँ । राजाको सवारीमा बोलावट हुनेबित्तिकै जाँचबुझ केन्द्रमा हाजिर हुनैपर्थ्यो । जाँचबुझ केन्द्र पञ्चायत नीति तथा जाँचबुझ समिति स्थापनासँगै विघटनजस्तै भयो । विकास प्रशासन सबलीकरण जाँचबुझ केन्द्रको विशेष कार्यभार थियो । तर पञ्चायत नीति तथा जाँचबुझ समिति पञ्चायत राजनीतिसँग बढी सम्बन्धित थियो ।

▪ **प्रस्तुति : गोकुल अर्याल**

बिर्सिइँदै ठूला अपराध

अधिकांश सामूहिक हत्या घटनाका दोषी पत्तै लाग्दैनन्

माधव घिमिरे/विराटनगर

भोजपुर हत्याकाण्डमा छोराछोरी गुमाएका अभिभावक

निर्मला फुयाँलका आँखा दुई वर्षयता ओभाना हुन पाएका छैनन् । अझै पनि बेलाबेला कुना बसेर भक्कानिएको देख्दा परिवारका अरू सदस्य पनि आफूलाई थाम्न सक्दैनन् । कसरी थामियोस् मन ?

फूलका कोपिलाजस्ता ८ वर्षे छोरा प्रदीप र १४ वर्षकी छोरी सुष्माको हत्या भएयता ३७ वर्षीया निर्मला मात्र होइन, उनका पति चेतनाथ पनि उस्तै अवस्थामा छन् । श्रीमती र अर्की छोरीलाई सम्हाल्नुपर्ने भएकाले उनी मन थाम्न खोज्छन् ।

दुई वर्षअघि १० असारमा भोजपुरको अरुण गाउँपालिका-३ प्याउलीका उनीहरूका दुई सन्तान र छिमेकी रवीन्द्र सापकोटाका १५ वर्षीय छोरा रञ्जितको एकसाथ हत्या भएको थियो । खेल्न निस्केका उनीहरू भोलिपल्ट गाउँकै एक पोखरीमा तैरिरहेको अवस्थामा मृत फेला परेका थिए । घटनाको प्रकृति हेर्दा हत्या गरेपछि पोखरीमा ल्याएर फालिएको प्रारम्भिक अनुसन्धानका क्रममा प्रहरी ठम्याइ थियो । हत्या कसले, किन गर्‍यो, अझै पत्तो लागेको छैन । हत्यापछि फुयाँलको परिवार ६ रोपनी जग्गा र घर छाडेर सुनसरी, इटहरीको हलगडा आएर बसेको छ ।

यो एउटा प्रतिनिधि घटना मात्र हो । घटना अनुसन्धानमा प्रहरी निष्कर्षमा पुग्न नसक्नु अनि दोषी पत्ता नलाग्दा पीडित थाकेका छन् । मोरङको कानेपोखरी-३ हरकपुरमा दुई वर्षअघि मध्यराती घरसहित जलेर परिवारका चार जनाको मृत्यु भयो । कसैले आगजनी गरिदिएको भन्दै आफन्तले उजुरी पनि गरे । सोही आधारमा प्रहरीले अनुसन्धान थाले पनि दोषी पत्ता लाग्ने गरी निष्कर्षमा पुग्न सकेन । न त घटनाको कारण नै प्रस्ट भयो । दसैं आउन लाग्दा भएको उक्त घटनामा ८६ वर्षीया गंगामाया राई, ५६ वर्षीय छोरा चन्द्रकुमार राई, ४९ वर्षीया छोरी पार्वता तामाङ र ४६ वर्षीया बहिनी विष्णुकुमारी मारिएका थिए । दुईतले घरको चारैतर्फबाट एकसाथ आगो दन्किनु र त्यहाँ रहेका चारै जनाको मृत्यु हुनु रहस्यमय भएको आफन्त र स्थानीयको भनाइ छ । मृतकका आफन्तले शंका गरेका परिवारभित्रैका सदस्य कानेपोखरी-४ का रामबहादुर तामाङ बेलबोटेलाई प्रहरीले त्यसैबेला नियन्त्रणमा लिएर सोधपुछ गरी केही समयमै छाडेको थियो । उनी मृतक पार्वताका पति हुन् । केही शंकास्पद व्यक्तिबारे जानकारी दिए पनि गहिरो अनुसन्धान नहुँदा वास्तविकता पत्ता लाग्न नसकेको मृतक गंगामायाकी छोरी इन्दिरा राईको गुनासो छ ।

गत वर्ष झापाको शिवसताक्षी नगरपालिका-७ लालझोडास्थित एक घरमा राती आगलागी हुँदा परिवारका चार जनाको मृत्यु भयो । यो घटनाको पनि प्रहरीले वास्तविकता बाहिर ल्याउन सकेको छैन । घटनामा जलेर ३४ वर्षीय लक्ष्मण खनाल, उनकी श्रीमती २९ वर्षीया राधिका, ४ वर्षीया छोरी चन्द्रा र ५ महिने नाबालक टीकारामको मृत्यु भएको थियो । काठको दुईतले घरको चारैतर्फ एकै पटक आगो दन्किएको देखेका गाउँलेले त्यसलाई नियोजित आगजनी भएको बताउँदै आएका छन् ।

सामूहिक हत्या घटना सुरुमा सक्रिय रूपमा अनुसन्धान गरिए पनि पछिल्लो समय ध्यान नगएको एक प्रहरी अधिकृत बताउँछन् । प्रदेश प्रहरी कार्यालयका ती अधिकृतका अनुसार काठमाडौंबाट समेत विशेष टोली खटिएर अनुसन्धान गरिँदा स्थानीय प्रहरीले सहयोग गरे पनि फेरि त्यसमा अनुसन्धान गर्ने क्रम घटेको छ ।

प्रदेश १ प्रहरी कार्यालयका अनुसार गत वर्ष प्रदेशका १४ जिल्लामा ४ हजार २ सय ३१ आपराधिक घटना भएका छन् । कार्यालयका अनुसार तीमध्ये हत्याका ७२ र ज्यान मार्ने उद्योगका १ सय १८ थिए ।

ठूला अपराध/सामूहिक हत्या घटनाका दोषी किन पत्ता लाग्दैनन् त ?

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका संस्थापक निर्देशक पूर्वएआईजी राजेन्द्रसिंह भण्डारीका केही तर्क छन् । पहिलो, सामान्यतः सामूहिक हत्या घटनामा प्रत्यक्षदर्शी अभाव हुने गरेको छ । अर्को, यस्ता हत्या आवेशप्रेरित र मनसाययुक्त पनि हुने भएकाले कतिपय घटनामा दोषीसमेत हुने मृतकसँगै यथार्थ कुरा हराएर जान्छ ।

भण्डारीका अनुसार कतिपय घटनामा पेसेवर आपराधिक समूहको संलग्नता हुने गरेको छ । यस्तोमा प्रमाण नष्ट गर्ने गरिएको छ । “कतिपय ठूला घटनाका दोषी लामै समयपछि पनि पक्राउ परेका उदाहरण छन्,” भन्छन्, “तर प्रमाण नभेटिने, प्रत्यक्षदर्शी अभाव हुने अनि सम्भावित दसी प्रमाण नरहने गरी नष्ट गर्ने अवस्थामा भने दोषी पत्ता लगाउन सहज हुँदैन ।” ■

‘काठमाडौँ केन्द्रित मनोविज्ञान अझै छ’

विद्यार्थी राजनीति हुँदै मूलधारमा आउँदा **शंकर पोखरेल** अरू नेताझैँ काठमाडौँ केन्द्रित हुन पुगेथे । आफ्नो खासै दिलचस्पी नरहेको जिम्मेवारी अर्थात् प्रदेश ५ को मुख्यमन्त्री उनलाई आइलागेको छ । संघीय सरकारलाई उछिन्दै ७.७ प्रतिशतको आर्थिक वृद्धि गराउन आफ्नो प्रदेश सफल भएको भन्दै अघिल्लो साता काठमाडौँमा आँकडा सुनाए । उनको हाउभाउले भनिरहेथ्यो, आफ्ना भनाइ मुखर ढंगले राख्नैका लागि भए पनि बेलाबखत काठमाडौँ आइराख्नुपर्ने बाध्यता अरू मुख्यमन्त्रीझैँ उनलाई पनि छ । वैचारिक प्रस्टता राख्ने नेतामध्येका उनी पार्टीपंक्तिमा भने उति हेलमेल गर्दैनन् । पोखरेललाई काठमाडौँस्थित निवासमा **बसन्त बस्नेत**का प्रश्न :

काठमाडौँबाट प्रदेशमा फर्केर मुख्यमन्त्री हुँला भनी सोच्नुभएको थियो ?

संघीयता र स्थानीय सरकार सन्दर्भमा सुरुदेखिकै बहसकर्ता भएको नाताले त्यसबारे मलाई जानकारी थियो । तर आफैँ प्रदेशमा जाने मानसिकतामा चाहिँ थिइनँ । संघीयता कार्यान्वयन गर्ने समय आएपछि दुई कम्युनिस्ट पार्टीबीच तालमेल हुँदा मेरो सन्दर्भमा पनि छलफल भयो । एमालेतर्फबाट मेरो नाम सर्वसम्मत सिफारिस भएकै थियो । त्यही ठाउँबाट कृष्ण महरा पनि उम्मेदवार बन्ने कुरा आएपछि दुवै पार्टीमा यसबारे मुख्य नेताहरूबीच छलफल भयो । दुवै अध्यक्षले म जान उचित हुने प्रस्ताव राख्नुभयो । पूर्वयोजना नभए पनि स्वीकारेँ ।

प्रदेशमा रहँदा काठमाडौँको के कुरा मिस् हुन्छ ?

काठमाडौँ जाँदाखेरि आफ्नो भूमिका बढाउन सकिने आम मान्छेको मनोविज्ञानजस्तै ममा पनि प्रभाव परेकै हो । मैले एसएलसी पछाडिको अध्ययन बनारसबाट गरेको हुँ । तर अन्तिम अध्ययन काठमाडौँमै गर्ने निधो गरेँ । त्यसले स्वाभाविक रूपमा मलाई नेपाल सिक्न र भूमिका खेल्न सहयोग गर्‍यो । यसले गर्दा ०४६ र ०६२/६३ को आन्दोलनको संयोजन गर्ने मौका पनि पाएँ । काठमाडौँ नआएको भए त्यो अवसर पाउन्नथेँ । हामीले राजनीतिको एउटा चक्र त पूरा गर्‍यौँ । जे कुराका लागि हामीले केन्द्रीय सत्ता बदल्नु थियो, बदल्यौँ । अब जनताको पक्षमा केन्द्रीय सत्ता ल्याएर जनजीवनको स्तरोन्नति गर्ने राजनीतिक अभीष्ट बन्नुपर्छ । त्यो काम काठमाडौँभन्दा प्रदेशमै बसेर बढी राम्रो हुन्छ ।

यो डेढ वर्षलाई हेर्दा जति भएको छ, त्यति उपलब्धिपूर्ण देख्छु । शून्यबाट आरम्भ गरेर एउटा पोजिसनमा आइसकेका छौँ । ६ महिने अवधिमा काम गर्ने मौका पाउँदा १४ प्रतिशत हाराहारी बजेट कार्यान्वयन गर्न सकेका छौँ । प्रदेशका संरचना निर्माण सन्दर्भमा चाहिँ पहिले हामीले त्यसको स्थिति बुझ्न जरुरी छ । हामी सात प्रदेशमध्ये औसतमा छौँ । चुनौतीका चाङ छँदै छन् ।

काठमाडौँ केन्द्रित मानसिकता राजनीतिक परिवर्तनले मात्रै नबदलिँदो रहेछ । हामीले राजनीतिक रूपमा संघीयतालाई अगाडि बढायौँ । प्रशासनिक रूपमा पनि संघीयताको कार्यान्वयनमा एक हदसम्म अगाडि बढ्यौँ । वित्तीय संघीयता कार्यान्वयनको क्रममा छ । तर अहिले पनि अवसर पाउने ठाउँको रूपमा काठमाडौँलाई हेरिन्छ । जबसम्म हामीले प्रदेशलाई आर्थिक-सामाजिक विकासको केन्द्रको रूपमा आम मान्छेमा अनुभूति दिलाउन सक्दैनौँ, तबसम्म संघीयता प्रभावकारी हुनेमा चुनौती नै रहन्छ ।

हामी सबै केन्द्रीकरणका सहउत्पादन भएकाले पो त्यस्तो हुन गयो कि ?

सयौँ वर्षअगाडिदेखि बनेको जुन सोचाइ र प्रणाली छ, त्यसलाई रातारात बदल्न गाह्रो छ । तर प्रणालीभन्दा मनोविज्ञान बदल्नु गाह्रो छ । काठमाडौँ केन्द्रित सम्बन्ध मनोविज्ञानको तहमा विकसित छ । अहिले हामीले केवल राजनीतिक प्रणाली बदलेका छौँ । आर्थिक, सामाजिक प्रणाली त पुरानै छ । राजनीतिक प्रणाली बदल्न सुरु भएपछि केही नयाँ सम्भावना पनि देखाएको छ । पछिल्लो समय प्रदेशलाई बुझ्ने खालको वातावरण बनेको छ । पहिले कार्यक्रममा केन्द्रीय मन्त्रीलाई खोज्ने चलन थियो तर आजभोलि काठमाडौँले मुख्यमन्त्रीलाई खोज्न थालेको छ । यो सकारात्मक सन्देश हो ।

तपाईंले भन्नुभएको मनोविज्ञानको कुरा प्रधानमन्त्रीमै लागू हुन्न र ? उहाँले धादिङमा भन्नुभयो- एउटा देशमा एउटा सरकार हुन्छ, त्यो नेपाल सरकार हो । प्रदेश र स्थानीय भनेको त सरकारका इकाइ हुन् ।

(एकछिन रोकिएर) राष्ट्र एउटै हो, समृद्धि एउटै हो । हामीले शासन-प्रणालीका लागि अवलम्बन गरेका हौँ, संघीयता । अन्यत्र बहुराष्ट्रियताभित्र संघीयता, बहुराज्यभित्रको संघीयता पनि अभ्यासमा छन् । जस्तो, अमेरिका र भारतलाई उदाहरणका रूपमा लिन सकिन्छ । शासन प्रणालीको रूपमा अहिले संघीयतालाई आत्मसात् गर्नुपर्छ । एउटै राष्ट्रभित्रको सरकारका रूपमा काम गरिरहेका छौँ । प्रदेशले आफ्नो प्रदेश र स्थानीय तहले आफ्नो स्थानीय तहभित्रको काम गर्छन् । तिनीहरू सबै नेपाल सरकारका अंग हुन् । कार्यसम्पादनका लागि स्वतन्त्र, स्वायत्त छन् किनकि उनीहरू कार्यकारी अधिकारप्राप्त छन् ।

प्रदेश प्रमुखका रूपमा प्रधानमन्त्रीसँग काम गर्दाको अनुभव कस्तो छ ?

प्रधानमन्त्रीले चाहनेबित्तिकै सबै कुरा पूरा नहुँदो रहेछ। अनुभवसहितको प्रशासन तल जानुपर्छ भन्ने प्रधानमन्त्रीको चाहना थियो। तर अभ्यासमा जान सकेन। स्थानीय तहमा जाँदा आफूलाई सक्षम ठान्नेहरू केन्द्रमै बस्न रुचाउने भए। त्यो त हामीले देख्यौँ नि। अर्कोतर्फ हाम्रो संघीयतामा एक वर्षभित्र कर्मचारी समायोजन सकिनुपर्नेमा अहिलेसम्म टुंगिएको छैन। वित्तीय संघीयता कार्यान्वयन गरिसक्नुपर्नेमा बल्ल काम सुरु भएको छ। जबकि हामीले एक वर्ष त बिताइसक्यौँ, बजेट कार्यान्वयनका सन्दर्भमा। साझा सूचीमा आधारित कानुन निर्माण गतिमा गइरहेको छैन। प्रभावकारी कानुन निर्माणमा लाग्नुपर्ने केन्द्रीय संसद् अलमलिएको छ।

बाहिरतिरका अनुभव पनि सजिला छैनन्। भारतलाई पनि नयाँ संविधान कार्यान्वयन गर्न १० वर्ष लागेको थियो। त्यसको तुलनामा हामी अनुकूल अवस्थामै छौँ। जुन पार्टीहरूले संविधान निर्माणको नेतृत्व गरे, जनताले तिनलाई नै संविधान कार्यान्वयनको जिम्मेवारी पनि दिए। संविधानप्रति जनताले अपनत्व ग्रहण गरिसके।

संविधानमाथिको असन्तुष्टि अब सकिएको हो ?

एक प्रकारले संविधानमाथिको बहस अन्त्य भयो। संविधान कार्यान्वयनको सन्दर्भमा देखिएका जटिलतामाथिको बहस सुरु भएको छ। यो अवस्था स्वाभाविकै भएकाले केही समय रहन्छ।

प्रदेशमा शून्यबाट थाल्दाको अवस्थाचाहिँ कस्तो रह्यो ?

सकेसम्म राष्ट्रिय राजनीतिको अन्तर्विरोध प्रदेशमा प्रकट नहोस् भन्नेमा ध्यान दिएका छौँ। प्रतिपक्षीको आफ्नो धर्म त छँदै छ। तर त्यो मित्रवतै छ। प्रदेशसभाको एकताबद्ध भावनाले कानुन निर्माणमा अग्रणी भूमिका निर्वाह गर्न सक्यौँ। आवधिक योजना पनि समयमै तयार गर्‍यौँ। त्यसैगरी तुलनात्मक हिसाबले बजेटलाई छरिनबाट जोगाएका छौँ।

यो सबै हेर्दा शून्यबाट काम गर्दा पनि हामीले प्रणालीलाई स्थापित गरेका छौँ र सकारात्मक परिणामका संकेत देखापरेका छन्। साधन-स्रोत अभावले सकेजति गर्न सकेका छैनौँ। राम्रा काम गरेर देखायौँ भने प्रदेशबारे उठेका यावत प्रश्न सबै हल भएर जान्छन्।

अरू प्रदेशका मुख्यमन्त्रीसँग कत्तिको को-अर्डिनेसन हुन्छ ?

हामी अहिले सबै प्रदेशसँग अनुभव साटासाटका आधारमा आफ्नो कार्य अगाडि बढाइरहेका छौँ।

कुन प्रदेशको कामले तपाईंलाई प्रभावित पारेको छ ?

हामी सबै सिकारुजस्ता छौँ। तैपनि प्रत्येक प्रदेशका केही विशेषता छन्। मचाहिँ प्रदेश ५ लाई सबै ठाउँको विशेषता भएको मान्छु।

अबको प्राथमिकता केमा केन्द्रित गर्नुभएको छ ?

आर्थिक विकासका लागि कृषिलाई पहिलो प्राथमिकतामा राखेका छौँ। त्यसपछि उद्योग, पर्यटन र अन्त्यमा हाम्रो समृद्धिको उत्कर्ष हुन्छ। ५ वर्षभित्र हामी पालिका तहको समन्वयलाई व्यवस्थित गर्छौं।

एसएलसीपछि ठूलो संख्या प्रदेशभन्दा बाहिर जाने हुँदा त्यसलाई रोक्ने क्षमता ल्याउनुपर्छ। हामी त्यहाँ जोड दिइरहेका छौँ। सँगसँगै भारत जाने कुरा पनि बढेको छ। आफ्नै प्रदेशभित्र पठनपाठन व्यवस्था गर्ने चुनौती छ। त्यसमा पनि अगाडि बढिरहेका छौँ। आधारभूत स्वास्थ्य सेवा प्रदेशभित्र नै प्राप्त हुने बनाउन हामी स्वास्थ्य बिमामा जाँदै छौँ। त्यो स्वास्थ्य बिमाबापतको रकम प्रदेशभित्र राखे जनतामाझ पुग्छ। प्रदेशको अर्थतन्त्रलाई त्यहीँ राख्ने बाटोतर्फ हामीले फोकस गर्न खोजेका छौँ। ने

तस्बिर/भिडियो : अंगद ढकाल

nepalmag.com.np

डम्बर चेम्जोङ

हरे ! कस्तो विश्वविद्यालय बनायौँ हामीले ?

विश्वमा आज जे–जस्तो विश्वविद्यालयको कल्पना र कामना गरिन्छ, त्यसको स्थापनाको इतिहास आधुनिकताको सन्दर्भमा हेर्नुपर्छ । मानव समाज र ज्ञान-विज्ञानलाई विवेकशीलता र वस्तुपरकताका आधारमा ठीक/बेठीक मान्ने पद्धतिसँगै विचार वा ज्ञानको पक्षमा आधुनिकता सुरु भयो । ज्ञानको आधिकारिकता वा वैधता मध्यकालतिर धर्मले दिन्थ्यो । त्यो बेला चिकित्सा विज्ञान, कानुन, सामाजिक विज्ञान, भौतिक विज्ञान आदि भए पनि आधुनिक थिएनन् । युरोपकेन्द्रित नै सही तर आज हामीले अध्ययन-अध्यापन गरिरहेका सामाजिक विज्ञानका अनेक विधा (राजनीति विज्ञान, मानव विज्ञान, भूगोल, इतिहास, अर्थविज्ञान, समाज विज्ञान आदि), प्राकृतिक विज्ञानका विधा (भौतिक, रसायन, जीव, भूगर्भ आदि विज्ञान) तथा मानविकी (कला र साहित्य आदि) को जग युरोपबाटै सुरु भएको हो । युरोपमा पनि आधुनिक विश्वविद्यालयको उठान मध्यकालमा प्रचलित धर्मकेन्द्रित विश्वविद्यालयको जगबाटै

भएको हो। तर भारतीय उपमहादेशमा भने मध्यकालका अत्यन्त महान भनिएको नालन्दा विश्वविद्यालयजस्ता पनि अस्तित्वविहीन बनाइए। युरोपेलीले उन्नाइसौँ शताब्दीमा विभिन्न विज्ञानको क्रमशः स्थापना र विकास गर्दै ल्याउनुको कारण उनीहरूले आफ्ना उपनिवेशसँग फरक ढंगले व्यवहार र व्यापार गर्नुपर्ने परिस्थिति हो। औद्योगिकीकरण, अव्यवस्थित बसाइँ-सराइका कारणले बढ्दो सामाजिक अव्यवस्था र समस्याको समाधान खोज्ने क्रममा तथा आफ्ना उपनिवेशका नितान्त फरक समाज र संस्कृतिलाई कज्याएर कर उठाई खानुपर्ने हुनाले पनि नयाँ-नयाँ सामाजिक विज्ञानको स्थापना भयो। मध्यकालमा विश्वविद्यालयहरू मूलतः धर्ममा आधारित ज्ञान प्रसार-प्रचार र बढी भए बहसका केन्द्र थिए भन्न सकिन्छ। भारतमा प्रचलित गुरुकुल शिक्षा पद्धति, बौद्ध धर्मावलम्बी समाजका गुम्बा-बिहार शिक्षा पद्धति, इस्लाम धर्मावलम्बी समाजका मदरसामा आधारित शिक्षा पद्धति तत्-तत् समाजमा विश्वविद्यालयको रूपमा विकसित भएजस्तो लाग्दैन। बरु त्यस्ता शिक्षा पद्धतिलाई युरोपकेन्द्रित ज्ञान-विज्ञानमा आधारित विश्वविद्यालय पद्धतिले विस्थापित गरेको सत्य हो। आधुनिक विश्वविद्यालय ज्ञान निर्माणको थलो हो तर ज्ञान निर्माणको आधार भनेको निरन्तरको वैज्ञानिक अनुसन्धान हो। आजको विश्वविद्यालयको स्तरोन्नति आधार अध्यापन मात्र हुँदै होइन, कुन विश्वविद्यालयले अनुसन्धानमा कति बजेट लगानी वा व्यवस्था गर्न सक्छ भन्ने हो। त्रिभुवन विश्वविद्यालय केन्द्रले अनुसन्धानका निम्ति मातहत विषय र विभागहरूलाई बजेट खोज्नु त टाढाको कुरा, अमूक विषयले आफ्नै प्रयासमा अनुसन्धान परियोजना पाए भने पनि त्यसलाई सहयोग गर्नुको सट्टा तिनको हुर्मत लिने प्रवृत्ति पनि देखियो।

बेलायती उपनिवेशवादी सत्ताले कलकत्तामा सन् अठारौं शताब्दीको अन्त्यतिर फोर्ट विलियम कलेजको स्थापना गरेसँगै भारतमा आधुनिक विश्वविद्यालयको स्थापना भयो भन्दा अत्युक्ति नहोला। बेलायतका विद्यालय र कलेज स्तरको पढाइमा अब्बल दर्जाका विद्यार्थीलाई छानेर भारत पठाइन्थ्यो। फोर्ट विलियम कलेजमा थप केही वर्षको पढाइ सम्पन्न गरेर मात्र ब्रिटिस-इन्डिया कोलोनिअल सरकारको अधिकृतमा नियुक्त गर्ने चलन थियो। यसरी भारतमा आधुनिक विश्वविद्यालयको सुरुआतको कारण बेलायती उपनिवेश हो भन्नमा अप्ठेरो मान्नुपर्दैन। बेलायती पद्धतिलाई फलाउन-फुलाउन भारतमा विश्वविद्यालय खोलिए। भारतको सिको गरेर करिब त्यस्तै शैलीमा नेपालमा विश्वविद्यालय स्थापना भयो। मतलब बेलायतबाट विश्वविद्यालय भारत आए र भारतबाट मूलतः संरचनाप्रधान विश्वविद्यालय पद्धति नेपालमा पनि ल्याइयो।

संरचना-प्रधान पद्धतिमा व्यक्ति क्षमताको तात्त्विक अर्थ र सन्दर्भ हुँदैन। त्रिवि अतिशय केन्द्रीकृत र संरचना-प्रधान विश्वविद्यालय हो। त्रिविमा बेलायतबाट भारत हुँदै नेपाल प्रवेश गराइएको संरचनामा प्राध्यापकहरूको व्यक्तिगत प्राज्ञिक क्षमता, बौद्धिक सामर्थ्य र हैसियतले तात्त्विक अर्थ राख्दैन। संरचना-प्रधान र केन्द्रीकृत पद्धति हाबी भएसम्म व्यक्ति क्षमताले अर्थ राखे पनि नकारात्मक किसिमले व्यक्तिको अयोग्यतालाई योग्य साबित गर्ने खाले नियम र कानुन निर्माण गर्नमा मात्र व्यक्ति क्षमता अर्थपूर्ण हुँदै आएजस्तो लाग्छ। त्रिवि पद्धतिभित्र अमूक भावी उम्मेदवारलाई लक्षित गरेर उनीहरू सुहाउँदा नियम बनाएर प्राध्यापक बनाउने, बढुवा गर्नेजस्ता जालझेल गर्नेको पनि कमी छैन। अमेरिकी विश्वविद्यालय पद्धतिमा प्राध्यापकको क्षमताको मूल्यांकन प्रथमतः विद्यार्थीले गर्ने, प्राध्यापक आफैँले समेत दाबी गर्ने र सम्बन्धित विषय विभागले समेत मूल्यांकन गर्दै प्रक्रिया अघि बढाएर सम्बन्धित विषयको डीनबाट अनुमोदन हुँदै जाने चलन छ। त्रिविको प्राध्यापक भर्ना र बढुवा प्रक्रिया अति कर्मचारीतन्त्रीय र केन्द्रीकृत देखिन्छ। प्राज्ञिक क्षमताको खुला प्रदर्शन र प्रतिस्पर्धा गरेर कार्यकाल सुरक्षित गर्नुपर्ने विश्वविद्यालयजस्तो प्राज्ञिक संस्थामा ०४७ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि 'पञ्चायती शासनले दमन र शोषण गरेको' भन्ने निहुँमा सयौँको संख्यामा प्राध्यापकलाई त्रिवि सेवामा बिना कुनै वैज्ञानिक प्रक्रिया स्वतः स्थायी नियुक्ति दिइयो।

परीक्षा 'गोप्य' र 'अति गोप्य' गर्नुपर्ने हुनाले त्रिविले ताप्लेजुङदेखि दार्चुलासम्मका उत्तरपुस्तिका बोकेर ल्याएर परीक्षा नियन्त्रण कार्यालय बल्खुले जँचाएर नतिजा निकाल्ने अतिशय केन्द्रीकृत पद्धति त्रिविमै छ। त्रिविमा मूलतः पाठ्यक्रम बनाउनेले नपढाउने, पढाउनेले परीक्षामा प्रश्नपत्र नबनाउने, प्रश्नपत्र बनाउनेले उत्तरपुस्तिका नजाँच्ने चलन हाबी थियो/छ। दुनियाँमा त्रिवि मात्र यस्तो विश्वविद्यालय होला, जहाँ प्राध्यापक र कर्मचारीको तलबलगायत सबैखाले सुविधा बराबर छ। त्रिविमा कर्मचारीसमेत बढुवा भएर प्राध्यापक तहका हुन्छन्। त्रिविमा लेक्चरर भनेको उपसचिवसरह, रिडर भनेको सहसचिवसरह, प्रोफेसर भनेको सचिवसरह भन्ने मान्यता छ। प्राध्यापकलाई रेगुलर टेन्युरमा लैजाने पद्धतिसमेत निजामती सेवामा प्रवेश गराउने चलनजस्तै भएपछि हामीले त्रिविमा शिक्षक र कर्मचारीलाई फरक रूपमा हेर्न नमिल्नु स्वाभाविकै होला। तर कर्मचारी भन्नु र शिक्षक भन्नुमा धेरै फरक छ। कर्मचारी सेवामूलक पेसा हो तर शिक्षक वा प्राध्यापन पेसा भनेको प्राज्ञिक हो। यो पेसा ज्ञान निर्माण, प्रसार र अनुसन्धानसँग सम्बन्धित

हो । प्राध्यापन पेसा सेवामूलक होइन, ज्ञान निर्माण र ज्ञानवर्द्धक हो । तर त्रिविले यति ठूलो फरकसमेत आजसम्म छुट्याउन सकेको छैन । सबै विषयका प्रोफेसर : फिजिक्स, म्याथम्याटिक्स, केमिस्ट्री, मूर्तिकला, संगीत, नेवारी, हिन्दी, संस्कृत, बुद्धिस्ट स्टडिज आदिका प्रोफेसरको तलबमान एकै छ त्रिविमा, सबै मालसामानको एक मोल भनेझैं ।

आफ्नो कार्यक्षमताको तुलनामा त्रिवि भयंकर केन्द्रीकृत छ । कञ्चनपुरको क्याम्पसमा कुचीकार चाहियो भने कीर्तिपुरस्थित केन्द्रीय कार्यालयको कुल-सचिव (रजिस्ट्रार) समक्ष निवेदन टक्र्याउनुपर्छ । नेपालका अन्य प्रायः क्षेत्र संघीय प्रणालीमा गइरहेको अवस्थामा एकातिर त्रिवि झनै केन्द्रीकृत भइरहेको भान हुन्छ भने अर्कातिर अतिशय विशद् आकारको हुनाले त्रिवि प्राज्ञिक रूपमा क्रमशः अकर्मण्य बन्दै गएको देखिन्छ । स्रोत, साधन र व्यवस्थापकीय हिसाबले समेत त्रिवि आफ्नो क्षमताको तुलनामा साह्रै ठूलो भयो । यस्तो लाग्छ, त्रिविलाई सात प्रदेशमा सात वटा प्रदेश विश्वविद्यालयका रूपमा विभक्त गरिदिए हुन्छ ।

नेपालमा विश्वविद्यालय राम्रो र क्षमतावान बनाउने हो भने भारतको अनुभवबाट सिक्ने होइन, अमेरिकाका विश्वविद्यालयबाट सिक्नुपर्छ । त्यहाँका विश्वविद्यालय विश्वभरका विद्यार्थीका निम्ति सबैभन्दा आकर्षणका केन्द्र हुन् । नेपालमा शिवालयका लागि मुठीदानदेखि गुठीदान गर्ने चलन छ । अमेरिकामा शिक्षालय, विश्वविद्यालयका लागि गुठीदान गर्ने चलन व्यापक छ । दुनियाँको सबैभन्दा ठूलो गुठी भएको धनधान्य हार्वर्ड विश्वविद्यालयको सम्पत्ति अमेरिका र दुनियाँभरका धनीहरूले समेत गुठीदान गरेर जम्मा भएको हो । छिमेकी भारतको टाटा कङ्लोमरेटका अध्यक्ष रतन टाटाले कोर्नेल विश्वविद्यालयमा बीए र हार्वर्डमा एमए पढेका हुन् । रतन टाटा कोर्नेल र हार्वर्ड दुवैको बोर्ड अफ ट्रस्टिज (सञ्चालक समिति) मा थिए । रतन टाटाले सन् २००८ मा आफू पढेको दुवै विश्वविद्यालयलाई पाँच/पाँच करोड डलर एकै वर्षमा सर्तसहितको गुठीदान गरे ।

कोर्नेललाई गुठीदान गरेको पाँच करोड डलर गुठीको सर्तमध्ये दुई करोड पचास लाखको आम्दानीबाट भारतकै २५ विद्यार्थीले कोर्नेलको बिजिनेस स्कुलमा पढ्ने छात्रवृत्ति पाउनुपर्ने र बाँकी दुई करोड पचास लाखको आम्दानीबाट भारतकै अनिकालग्रस्त क्षेत्रमा उच्च पोषणयुक्त कृषिबाली लगाउनेबारे अनुसन्धान गर्न भनेर सर्त राखिएको छ । नेपालमा हिजो शिवालय गुठी स्थापना गर्ने मनकारी, परोपकारीले आज शिक्षालय वा विश्वविद्यालय सञ्चालनमा गुठीदान सुरु गरे कति राम्रो हुन्थ्यो । नेपालमा परोपकारी मनको कमी छैन । कमी छ त, आपसी विश्वास र भरोसाको । अमेरिकी विश्वविद्यालयहरूमा छात्रवृत्ति शून्यबाट उपलब्ध हुँदैन, कोही न कोही परोपकारीले 'यस्तोहरूले पढ्नका लागि' भनेर सर्त राखेर स्थापना गरिदिएको गुठीको रकमबाट आएको आम्दानीबाट छात्रवृत्ति र निःशुल्क वृत्ति प्राप्त हुने हो । यस सन्दर्भमा त्रिविमा हाल प्रचलित 'जनयुद्धका घाइते' ले पाउने निःशुल्क वृत्तिको स्मरण गर्न उपयुक्त हुन्छ । नेपाल सरकारले वा कुनै परोपकारीले कोष खडा गरेर त्रिवि पढ्न आउने 'जनयुद्धका घाइते' ले निःशुल्क वृत्ति पाए बराबरको रकम भने त्यस्ता विद्यार्थी पढ्ने विभागले निकासा पाउनैपर्ने हुन्छ । मलाई लाग्छ, त्रिविका विद्यार्थीले पाउने निःशुल्क वृत्ति फुइयामा प्राप्त हुने हो । यो कुनै गुनासो वा विरोध गर्न खोजिएको होइन, बरु बिनास्रोत र गुठी कुनै पनि निःशुल्क वृत्ति वा छात्रवृत्ति पश्चिमा विश्वविद्यालयमा छैनन् भन्न खोजेको मात्र हो ।

हाल त्रिविको मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गतका विषयमा डीनको कार्यालयले दुई सेमेस्टर नियमित कक्षा लिनैपर्ने र त्यसपछि मात्र शोधप्रस्ताव लेखन गर्ने विद्यावारिधि तहको पठनपाठन सुरु गरेको छ । विद्यावारिधि तहका विद्यार्थीको सुपरभाइजर हुनका लागि कम्तीमा सह-प्राध्यापक हुनैपर्ने नियम त्रिविमा लागू छ । विश्वकै ए क्लासका विश्वविद्यालयबाट विद्यावारिधि गरेको भए पनि त्रिविका उप-प्राध्यापकले विद्यावारिधिका विद्यार्थी लिन नपाउने नियम छ । कहीं नभएको जात्रा त्रिविमा देख्न पाइन्छ यसरी । त्रिवि पद्धतिमा सामन्तवाद छ भन्ने थप उदाहरण हो, यो । कुनै पनि तहको पढाइमा विद्यार्थीको सुपरभाइजर हुने भनेको विषयविज्ञतामा भर पर्छ । विद्यार्थीले काम गर्ने विषयमा विज्ञ भए र तिनीहरूले रुचाएर छनोट गरे नियमित प्राध्यापन गरिरहेका उप-प्राध्यापक वा सहायक प्राध्यापकलाई विद्यावारिधिका विद्यार्थी आफैंले सुपरभाइजर छान्ने चलन विश्वकै नामी-दामी हार्वर्ड, येल, प्रिन्सटन, कोर्नेल, कोलम्बिया, अक्सफोर्ड, क्याम्ब्रिज विश्वविद्यालयमा छ । त्रिविमा भने बरु अनिवार्य अवकाश पाइसकेका प्राध्यापकलाई सुपरभाइजर बनाइने नियम छ । अनिवार्य अवकाश भनेको के हो ? त्रिविको नियमित जिम्मेवारी बहन गर्न, पढाउन, अनुसन्धान गर्न, विद्यार्थीको सुपरभाइजर हुन अबउप्रान्त सक्दैन भनेरै त अनिवार्य अवकाश भएको होला । अवकाशप्राप्त शिक्षकलाई विद्यार्थी सम्परीक्षण गर्ने र नियमित पढाउने जिम्मेवारीमा त्रिविले नै पुनः फर्काउने हो भने अनिवार्य अवकाश दिनुपर्ने कारण युक्तिसंगत लाग्दैन ।

केही अपवाद छाडेर अमेरिका, युरोप, पूर्वी एसियामा विश्वविद्यालय र महाविद्यालय तहमा पढाउन योग्य हुनका लागि शैक्षिक योग्यता विद्यावारिधि अनिवार्य हुनुपर्छ । तर नेपालमा त्रिविलगायत अन्य विश्वविद्यालयले समेत आजसम्म पनि एमएलाई नै विश्वविद्यालय शिक्षणमा प्रवेश गर्न पाउने योग्यताको मान्यता दिइरहेकै छन् । त्रिविमा एमए उत्तीर्ण गरेर अध्यापन सुरु गर्ने र विद्यावारिधि गरेर सुरु गर्नेका बीचमा तलबमान सुविधा समान छ । अर्को अर्थमा भन्दा एमए डिग्री र विद्यावारिधि डिग्री त्रिविका लागि समान स्तरका हुन् । तर अचेल त्रिवि केन्द्रीय विभागमा एमएका भन्दा पीएचडीका विद्यार्थीको संख्या बढीझैं देखिन्छ । लाग्छ, पीएचडी भनेको एउटा अलंकार मात्र हो, आफ्नो नाममा सिउरिने फूल । केही नभए पनि त्यो फूलले शोभा त दिन्छ, डाक्टर जिमेलडटकम प्रसादझैं ।

विश्वविद्यालय भनेको के हो र यो कसरी सञ्चालन हुन्छ भन्ने प्राज्ञिक र व्यवस्थापकीय ज्ञानविहीन त्रिविको प्रायः प्रमुख जिम्मेवारी सम्हाल्न पुगेको देखिइरहेको छ । त्रिविमा कुनै किसिमको जिम्मेवारी वहन गर्ने पदमा नियुक्ति गर्ने प्रक्रियामा पदीय वरिष्ठतालाई योग्यता मान्ने नियम नै छ । तर 'वरिष्ठतावाद' भनेको सामन्ती प्रचलनको निरन्तरता हो । लोकतन्त्र र खुला प्रतिस्पर्धात्मक व्यवस्थामा क्षमता, कार्य सम्पादन गर्ने कुशलता नै कुनै पनि नियुक्तिको मापदण्ड हुनुपर्ने हो । कुनै पनि संगठन हाँक्ने जिम्मेवारी वहन गर्ने भनेको सामर्थ्यले हो, न कि वरिष्ठता-कनिष्ठताको विभाजनले । सुरुमै उल्लेख गरिएअनुसार त्रिवि आधुनिक विश्वविद्यालयमा रूपान्तरण हुने कहिले होला ? चिनियाँ उखान भन्छ- मुसा मार्नका लागि बिरालो रोज्दा बिरालोको रंग नहेर्नू, क्षमता हेर्नू । त्रिविको अवस्था भने नेपाली उखानले भनेझैं छ- रंगीबिरंगी बिराली मुसा नमारी । ने

प्राज्ञिक अवसानतिर

विश्वविद्यालयको गिर्दो साख सुधार्ने सोचसहित बलियो नेतृत्वको खाँचो

योगेश ढकाल

टोकियोस्थित बुँक्योको विशाल क्षेत्रभित्र मौलिक र परम्परागत शैलीका भवन प्रशस्त छन् । सहरभन्दा अलिक पर देखिने भौतिक आकर्षण र रमणीय वातवरणभित्रै पर्छ, टोकियो विश्वविद्यालय । प्राध्यापक र विद्यार्थी झिसमिसेदेखि साँझसम्मै अध्ययन, अनुसन्धानमा घोत्लिरहेका हुन्छन् । झन्डै १५ महिना टोकियो विश्वविद्यालयमा अध्यापनको अवसर पाएका राजनीतिशास्त्री गंगाबहादुर थापा सम्झिन्छन्, "प्राध्यापक र विद्यार्थी अध्ययन-अनुसन्धानमा केन्द्रित रहेको मात्र भेटेँ ।"

नवीन अन्वेषणमा सक्रिय ती प्राध्यापक र विद्यार्थीहरू हरेक विषयलाई आलोचनात्मक चेतबाट हेर्छन् । सरकार र राजनीतिक दलको प्रवेश मात्र होइन, प्रभाव पनि शून्य हुन्छ । अनुशासन पनि लोभलाग्दो । "विद्यार्थी कक्षामा अनिवार्य उपस्थित हुनुपर्छ, प्राइभेट परीक्षा प्रणाली गुन्जायस छैन," थापा भन्छन्, "त्यहाँका कक्षाकोठामा पढाउने मात्र होइन, अनुसन्धानमा सक्रिय हुन्छन् ।"

प्राध्यापकलाई आकर्षक तलब मात्र होइन, अनुसन्धान र अध्ययनका लागि प्रशस्त सुविधा दिइएको हुन्छ । थापाका अनुसार हरेक प्राध्यापकलाई एक/एक वटा कोठा दिएको हुन्छ, जहाँ पुस्तकालय, चिया पकाउने कित्ली, खाना पकाउने सामग्रीदेखि फ्रिजसम्म हुन्छ । विद्यार्थी, कर्मचारी, शिक्षक संगठनका नाममा आन्दोलन देखिँदैनन् । विश्वविद्यालयमा जोकोहीलाई सहज प्रवेश हुँदैन ।

थापाका अनुसार विश्वविद्यालयमा प्राध्यापक अवकाश हुने प्रचलन छैन । प्राध्यापक र विद्यार्थी नयाँ खोज र प्राज्ञिक पहिचान निर्माणमै सक्रिय हुन्छन् । विश्वविद्यालय सञ्चालकमा सरकारको प्रभाव हुँदैन । अर्थात्, टोकियो विश्वविद्यालयको स्वायत्तता, अध्ययन अनुसन्धान, अनुशासन र सन्दर्भ सामग्रीको उपलब्धता लोभलाग्दो पाटो हो, जसले प्राज्ञिक पहिचान अक्षुण्ण राखेको छ ।

विश्वका उत्कृष्ट विश्वविद्यालय सूचीमा अमेरिकाको कोर्नेल विश्वविद्यालय पनि पर्छ । कोर्नेलबाट विद्यावारिधि गरेर फर्केका मानवशास्त्री मुक्तसिंह लामाका लागि संसारका विद्यार्थी आकर्षण गर्ने सपना, प्राज्ञिक स्वायत्तता, ज्ञानको खोजको स्वतन्त्रता सबैभन्दा लोभलाग्दो पक्ष हुन् । "विश्वविद्यालयको प्रशासनिक र प्राज्ञिक स्वतन्त्रतामा नेपालमा जस्तो सरकार र राजनीतिक दलबाट प्रभाव पार्दैनन्," लामा भन्छन् ।

संसारभरबाट विद्यार्थी पुग्छन् । विश्वविद्यालयमा नभएका विषय छैनन् । संसारमा अहिलेसम्म प्रकाशित सबै प्रकारका पुस्तक उपलब्ध छन् । १९ वटा भव्य पुस्तकालय छन् । लामाको भनाइमा सामाजिक विषयमा बेलामौकामा विद्यार्थीका धारणा र प्रदर्शन त हुन्छ तर नेपालजस्तो व्यक्तिगत सौदाबाजीका लागि विद्यार्थी आन्दोलन हुँदैन । दलीय विचारमा संगठित विद्यार्थी, प्राध्यापक र कर्मचारीका संगठन हुँदैनन् ।

प्राध्यापक नियुक्तिमा पनि नेपालमा जस्तो दलीय भागबन्डा र आफन्त प्राथमिकतामा पर्दैनन् । जस्तो, विश्वविद्यालयमा सुरुमा सहायक प्राध्यापक भई अस्थायी रूपमा काम गर्छन् । ६ वर्ष काम गरेपछि बल्ल स्थायीसहित

सहप्राध्यापकका लागि प्रतिस्पर्धी हुन्छन् ।

यी दुई विश्वविद्यालयका मसिनाजस्ता लाग्ने उदाहरण आदर्श विश्वविद्यालयका भऱ्याङ भइदिएका छन् । र, विश्वविद्यालय स्वायत्तता, प्राज्ञिक स्वतन्त्रता र दलीय प्रभाव शून्यताबाट मात्रै प्राज्ञिक पहिचान बनाउन सकेका छन् । अमेरिकाको हार्वर्ड विश्वविद्यालय होस् वा चीनको पेकिङ विश्वविद्यालय नै किन नहोस् । ती विश्वविद्यालयको प्राज्ञिक पहिचानको ओजले हरेकलाई आकर्षित गरेको हुन्छ । दक्षिण कोरियाको सियोल विश्वविद्यालयदेखि भारतको जवाहरलाल नेहरु विश्वविद्यालयमा पनि सरकारी प्रभाव, दबाब नेपालको जस्तो देखिँदैन, जसले तिनको साख उँचो बनाएकै छ ।

नेपालका विश्वविद्यालयमा पुस्तकालय गतिलो छैन । विद्यार्थी अध्ययनमा भन्दा बढी आन्दोलनमा निस्कन्छन् । प्राध्यापक अनुसन्धानमा भन्दा बढी पद प्राप्तिका लागि नेता व्यवस्थापनमा सक्रिय हुन्छन् । यही देखे-भोगेको शिक्षाविद् वासुदेव काफ्ले नेपालका विश्वविद्यालय र कलेजलाई गाईगोठजस्ता ठान्छन् ।

विश्वविद्यालयभित्र दलीय भागबन्डा र विकृत रूपको प्रारम्भको समय हो, ०६३ साल । विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिस्ट्रार मात्र होइन, क्याम्पस प्रमुख, उप-प्रमुखसम्म दलीय कोटा भाग लगाएर नियुक्त गर्न थालियो । जुन दिन पूर्वमाओवादी शान्ति प्रक्रियामा ओर्लियो, त्यही दिनबाट दलीय कोटा छुट्याउन थालियो ।

अनि सुरु भयो, प्राज्ञिक अवसान । दलको झोला बोक्ने र कक्षाकोठामा नछिरी प्राध्यापक भएकाहरूले प्राज्ञिक अवसरलाई राजनीतिक लाभमा बदले अनि प्राज्ञिक उन्नयनमा गौण र दलप्रति वफादार हुने जमातको हालीमुहाली बढ्यो । प्राध्यापक बालकृष्ण माबुहाङ भन्छन्, "दलीय भागबन्डाले ज्ञानको स्रोत मार्न र निकास थुन्न थाले, त्यसले स्वाभाविक रूपमा विश्वविद्यालय दुर्गन्धित र विषाक्त भइदिए ।"

विश्वविद्यालय थिंक ट्यांकभन्दा प्राज्ञिक पहिचान नै गुमाएका साक्षरको भीड मात्रै बनिसकेको छ । शिक्षाविद् वासुदेव काफ्ले भन्छन्, "विश्वविद्यालयका प्राध्यापकको प्राज्ञिक मृत्यु भइसकेको छ । शिक्षण र सिकाइ सँगसँगै नहुँदा विश्वविद्यालय अवसानतिर लागेका छन् ।"

विश्वविद्यालयका प्राध्यापकमा अध्ययन-अनुसन्धान र अभ्यासमा गतिशीलता छैन । प्राज्ञिक चेतलाई दलको झोलाभित्र राखेर प्राज्ञिक अवसान रोज्नेको प्रबलता छ । त्यही कारण विद्यार्थीमा भरोसा टुट्दै गएको पुष्टि बर्सेनि बिदेसिने नेपाली विद्यार्थीको संख्याले नै गर्छ । विश्वविद्यालयमा दलीय प्रभाव ०४६ को जनआन्दोलनलगत्तै सुरु भइदियो । पञ्चायतमा बरु पदाधिकारीका लागि योग्यताको मापदण्ड माथि थियो, केवल पञ्चायतको विरोध नगरे हुन्थ्यो । ८ वर्षभन्दा बढी त्रिभुवन विश्वविद्यालयको मानविकी संकायको डीन हाँकेका इतिहासविद् त्रिरत्न मानन्धरको भनाइमा रुद्रराज पाण्डे, त्रैलोक्यनाथ उप्रेती, सूर्यबहादुर शाक्य त्रिविको उपकुलपति भए तर उनीहरू न पञ्चायतका समर्थक थिए, न त विरोधी ।

> “विश्वविद्यालयका प्राध्यापकको प्राज्ञिक मृत्यु भइसकेको छ । शिक्षण र सिकाइ सँगसँगै नहुँदा विश्वविद्यालय अवसानतिर लागेका छन् ।
>
> – **वासुदेव काफ्ले**, शिक्षाविद्

०४६ सालको सुरुमै कांग्रेस कोटाबाट उपकुलपतिमा वासुदेवचन्द्र (बीसी) मल्ल र एमाले कोटाबाट राममान श्रेष्ठ रेक्टर भएर आए अनि दलीय कार्यकर्ताको स्वार्थ पूरा गर्ने दुइटा निर्णय गरे । पहिलो, १५ वर्ष सेवा पुग्ने सबै सह-प्राध्यापकलाई प्राध्यापकमा बढुवा । दोस्रो, करार सेवामा रहेका अध्यापक स्वतः स्थायी । दलीय बहुलताको प्रवेशसँगै विश्वविद्यालयको संख्या पनि त्यसरी नै बढ्यो । शिक्षाविद् काफ्लेको भनाइमा अदक्ष जनशक्तिबाट प्रदान हुने सेवा, त्यसका लागि खर्चिनुपर्ने थप समय र आर्थिक पक्ष झन् महँगो पर्छ । त्यसर्थमा विश्वविद्यालय ज्ञानभन्दा पनि बदनामी उत्पादन गर्ने थलो भएका छन् ।

राजनीतिक चक्र

राजनीतिक भागबन्डाको चक्र अहिलेसम्म आइपुग्दा बदनामीको उत्कर्षमा पुगेको छ । बीसी मल्ल र राममान श्रेष्ठको बदनामीको नजिर प्रयोग गरेर अहिले पनि त्रिविका करार र आंशिक शिक्षक स्थायी भइरहेका छन् । ०४८ मा कांग्रेसकै कोटामा केदारभक्त माथेमा उपकुलपति, देवेन्द्र मिश्र रेक्टर र सुदर्शन रिसाल रजिस्ट्रार भए । मिश्र र रिसालको नाम नेताको खल्तीबाट आएको थिएन, माथेमाले सिफारिस गरेका थिए ।

०५१ मा एमालेको अल्पमतको सरकार बनेलगत्तै शिक्षामन्त्री मोदनाथ प्रश्रितले माथेमाको राजीनामा मागे र कमलकृष्ण जोशीलाई उपकुलपति नियुक्त गरे । त्रिविका प्राध्यापक माथेमा र जोशी दलीय भागबन्डामा आए पनि प्राज्ञिक उन्नयनमा विश्वविद्यालयको साख जोगाउने प्रयत्नमै थिए । जोशीपछि कांग्रेस कोटाबाट नवीनप्रकाशजंग शाह उपकुलपति भए । शाह त्यस्ता भाग्यमानी हुन्, जो परीक्षा नियन्त्रक, त्रिवि सेवा आयोगको अध्यक्ष मात्र होइन, थाइल्यान्डको राजदूतसमेत भए ।

१८ असोज ०५९ को राजा ज्ञानेन्द्रको 'सफ्ट कू' पछि उपकुलपतिमा नियुक्त गोविन्द शर्माको समय राजावादी कोटाबाट महेन्द्र सिंह रेक्टर र गीताभक्त जोशी रजिस्ट्रार भए । दुवैको भाग्य कतिसम्म चम्कियो भने सिंह माओवादी कोटाबाट राजदूत हुन पाए भने जोशी योजना आयोगको सदस्य । त्रिविको साख र प्राज्ञिक अभ्यास खस्कने क्रम ०६२/६३ को जनआन्दोलनपछि चरमचुलीमा पुग्यो । त्यही बेला एमाले कोटाबाट उपकुलपति माधव शर्मा, कांग्रेस कोटाबाट रेक्टर सूर्यलाल श्रेष्ठ र माओवादी कोटाबाट भीमराज अधिकारी रजिस्ट्रार भए । तीन दलले तीन पद मात्रै बाँडेनन्, डीनदेखि क्याम्पस प्रमुख र उपप्रमुखसम्मको पद पनि भागबन्डा गरे ।

सुधार्ने कसरी

विश्वविद्यालय भन्नेबित्तिकै सोचिन्छ- ज्ञान आर्जनको स्रोत र निकासको थलो । विश्वविद्यालयले समालोचनात्मक चेत भएको जनमत उत्पादन गर्छ । तर नेपालका विश्वविद्यालय 'क्रिटिकल मास' उत्पादन गर्ने र राज्यको थिंक ट्यांकभन्दा दलप्रति बफादार, क्रियाशील कार्यकर्ता उत्पादनको कारखाना हुँदै छन् । कतिसम्म लाजमर्दो छ भने स्नातकोत्तर

तहका शोधपत्रलाई 'सारपत्र' भन्न थालियो, अरूको सार्ने भएकाले। अनि, प्राध्यापक नै अरूका शोधपत्र सारेर अनुसन्धानपत्रको संख्या धेरै देखाउने र पुस्तक प्रकाशन गरी बढुवा हुन्छन्।

प्राध्यापक माबुहाङको भनाइमा नेपालको उच्च शिक्षाका नाममा पश्चिमाको ज्ञानको पोखरीबाट उघाएर ल्याइयो, आफ्नो मौलिक ज्ञानको पोखरी सुकाइयो। अर्थात्, राज्य व्यवस्थाले मौलिक ज्ञानलाई ग्रहण गरेन अनि नेपालको अनौपचारिक ज्ञानलाई औपचारिक ज्ञानमा रूपान्तरण र प्रवर्द्धन गर्ने प्रयत्न पनि गरेन।

जंगबहादुर राणाले बेलायत भ्रमणपछि दरबार हाइस्कुल खोल्दा काठमाडौँ उपत्यकामा नेवारी, मैथिली र संस्कृत भाषाको प्रबलता थियो। तर जंगबहादुरले पश्चिमा पोखरीको अंग्रेजीलाई जोड दिए। "जंगबहादुरको जगमा विश्वविद्यालयले ठूलो मान्छे उत्पादन गर्‍यो तर कामकाजी ज्ञानी मान्छे उत्पादन गरेन," माबुहाङ भन्छन्, "राजनीतिक हिसाबको ठूलो मान्छे भन्ने भ्रमले विश्वविद्यालयलाई पनि गाँज्यो र दलीय पोल्टामा पुग्यो।"

लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति त्रिरत्न मानन्धरको भनाइमा विश्वविद्यालयले प्राज्ञिकभन्दा पार्टीको 'गुडलिस्ट' का मान्छे मात्रै जन्मायो। "त्यस कारण आत्मसम्मान भएको प्राज्ञ आत्मसन्तुष्टिका लागि मात्रै विश्वविद्यालयको प्राज्ञिक काममा सक्रिय छन्," मानन्धर भन्छन्, "त्यस्तो व्यक्ति उपकुलपति हुन पनि हच्किन्छ।" त्यसो भए विश्वविद्यालय सुधार गर्न के गर्नुपर्छ त? मानन्धर थप्छन्, "विद्यार्थी, कर्मचारी, शिक्षकका दलसम्बन्ध वैचारिक संगठनको विघटन पहिलो सर्त हो।"

विश्वविद्यालय सुधारकै लागि शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा उच्चस्तरीय शिक्षा सुधार आयोग बन्यो र प्रतिवेदन तयार गरियो। विश्वविद्यालय सुधारका लागि ट्रस्टी बनाएर पदाधिकारी नियुक्त गर्न प्रस्ताव गरियो। आश्चर्य के भने, भर्खरै खुलेको मदन भण्डारी प्राविधिक विश्वविद्यालयको हकमा ट्रस्टीको कुरा आयो। तर अन्य ७ वटा विश्वविद्यालयका पदाधिकारी नियुक्तिको प्रसंगमा चुपचाप मात्र बसिएन, प्रतिवेदन नै सार्वजनिक गरिएन।

गलत अभ्यास

लुम्बिनी बौद्ध विश्वविद्यालय अहिले क्षेत्राधिकारभन्दा बाहिर गइसकेको छ। बौद्ध



दर्शनको उन्नयनमा काम गर्ने विश्वविद्यालय इन्जिनियरिङ कलेज र कानुन कलेज सञ्चालनमा लाग्यो। प्रदेश ५ को सरकारले नै लुम्बिनी बौद्ध विश्वविद्यालयलाई कानुन अध्यापनमा दबाब दियो। उद्देश्य र प्राज्ञिक संरचनाविपरीतका कलेजलाई सम्बन्धन दिन मिल्छ कि मिल्दैन भनेर प्रश्न सोध्ने हिम्मत सरकारसँग छैन।

क्षेत्रीय विश्वविद्यालयको अवधारणामा खुलेका पोखरा, पूर्वाञ्चल, सुदूरपश्चिम, मध्यपश्चिमाञ्चल विश्वविद्यालयको बदमासी र हर्कत झन् उदेकलाग्दो छ। विराटनगरस्थित पूर्वाञ्चल विश्वविद्यालयका ५ वटा आंगिकमध्ये एक र १७ सम्बन्धन कलेजमध्ये १० वटा काठमाडौँ उपत्यकामा छन्। उही हविगत पोखरा विश्वविद्यालयको छ। जस्तो, आंगिक र सम्बन्धन गरेर १३ वटा कलेज काठमाडौँ उपत्यकामा छन्। विडम्बना नै भन्नुपर्छ, ०७२ मा स्थापित सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको त्यही हविगत भइदियो र १० वटा आंगिक क्याम्पसमध्ये ५ वटा काठमाडौँमा छन्।

लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति त्रिरत्न मानन्धर भन्छन्, "विश्वविद्यालय क्षमता, दक्षता र उद्देश्यमा टिक्नै चाहेका छैनन्, काठमाडौँ-मोह र उद्देश्यविपरीतको सम्बन्ध दिनु त्यसैको परिणति हो।" ती विश्वविद्यालयमा आर्थिक अनियमितताको मुद्दामा नमुछिएका पदाधिकारी नै छैनन्। डेढ वर्षभन्दा बढी निलम्बनमै परेर सुदूरपश्चिम विश्वविद्यालयका पदाधिकारीले ५ भदौ ०७६ मा अवकाश पाए। र, प्राज्ञिक परिषद्को बैठक डाक्नसमेत सकेनन्।

विकृतिका अनेक रूप

त्रिविका रजिस्ट्रार डिल्लीराम उप्रेतीले आफैँ प्राध्यापक हुन रहर गरेर बढुवा कार्यविधि नै परिवर्तन गरिदिए। नयाँ मापदण्डमा विद्यावारिधि उत्तीर्ण गरेको नम्बर ८ मात्र निर्धारण गरियो, जबकि पहिला १२ नम्बर थियो। २४ चैत ०७५ मा उप्रेती र बुटवल बहुमुखी क्याम्पसका सहप्राध्यापक नूरजंग केसीलाई बढुवा गर्न सेवा आयोगको सिफारिस थियो। अन्यायमा परेको भन्दै सहप्राध्यापक दिलनाथ फुयाँल र नरेन्द्र कटुवालले विरोध गरे। उप्रेतीको यो बढुवा प्रकरण त्रिवि पुनरावेदन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्म पुगेको छ। तर रजिस्ट्रार उप्रेती आफ्नो बढुवा विवादमा बोल्न चाहेनन्। "यो विषयमा अहिले बोल्नु उपयुक्त हुँदैन," उप्रेती भन्छन्।

सेवा आयोगका अध्यक्ष चैतन्य शर्मासहितका उच्च पदाधिकारीले आफन्तलाई जागिर दिन र बढुवाका लागि लिखितमा अनधिकृत रूपमा परीक्षाफल प्रकाशन गराएपछि अख्तियारले अनुसन्धान सुरु गर्‍यो र अन्तर्वार्ता रोक्यो। त्यही मौकामा प्राध्यापकको अन्तर्वार्ता

गरियो र रजिस्ट्रार उप्रेती स्वयं बढुवा भए । यो आफैँमा नैतिक प्रश्न थियो ।

स्मरण रहोस्, त्रिवि पुनरावेदन आयोग एक वर्षदेखि पदाधिकारीविहीन छ, दलीय भागबन्डा नमिल्दा । उप्रेतीभन्दा अघिल्लो पटक माओवादी कोटाबाट रजिस्ट्रार भएका चन्द्रमणि पौडेल पनि चलखेलबाटै प्राध्यापक भएर निस्के । आफैं पदमा बसेर आफैं बढुवा हुने यो काइदा पौडेलले उनीभन्दा अघिल्ला रजिस्ट्रार गीताभक्त जोशीबाट सिकेका थिए ।

व्यक्तिगत स्वार्थले व्यक्तिलाई कतिसम्म गिराएको हुन्छ भन्ने देखाउन उपकुलपति त्रिपाठी र रजिस्ट्रार उप्रेतीको घटनाले पनि पुष्टि गरिदिन्छ । ५ भदौ ०७६ मा त्रिपाठीलाई उपकुलपतिको जिम्मा दिइयो, उपकुलपति खनियाँको अवकाशपछि । प्राध्यापकको बढुवा कार्यविधिमा सहयोग नगरेको झोक उप्रेतीले त्रिपाठीमाथि पोखे । त्यसैको दबाबमा उपकुलपति त्रिपाठीले काम् रेक्टरको जिम्मा मानविकी संकायका डीन शिवलाल भुसाललाई दिइन् ।

यस्तै घटना त्रिवि केन्द्रीय विभागको विभागीय प्रमुख नियुक्ति प्रकरणमा देखियो । जस्तो, १२ साउन ०७६ मा अवकाश भएका नेपाली विभाग प्रमुख देवीप्रसाद गौतमपछि कृष्णप्रसाद घिमिरेलाई प्रमुख बनाइयो । यसमा त्रिपाठीको राम्रै चलखेल थियो । त्रिपाठीको कोपभाजनमै परेर महोदव अवस्थी र मोतीलाल पराजुलीले घिमिरेको नियुक्तिसँगै राजीनामा दिए । त्रिविकै अंग्रेजी विभागका प्रमुख प्रेम फ्याकले पनि राजनीतिक दबाबकै कारण ५ महिना पहिला राजीनामा दिएका थिए । फ्याक भन्छन्, "दलमा खुल्नका लागि अनेकन दबाब आएपछि काम गर्न समस्या भयो । त्यसैले राजीनामा दिएँ ।"

नेकपा निकट कर्मचारी संगठनका नेता हेम न्यौपानेको सल्लाहमा दलीय स्वार्थ पूरा गर्न रजिस्ट्रार उप्रेती कर्मचारी सरुवामा हाबी हुन्छन् । शिक्षक सरुवा प्रकरणमा उपकुपति

> "दलीय भागबन्डाले ज्ञानको स्रोत मार्न र निकास थुन्न थाले, त्यसले स्वाभाविक रूपमा विश्वविद्यालय दुर्गन्धित र विषाक्त भइदिए ।
>
> – **बालकृष्ण माबुहाङ**, प्राध्यापक

त्रिपाठीको हर्कत पनि कम छैन । अझ त्रिपाठीको हकमा त उनका श्रीमान् रमेश भट्टराई हाबी हुन्थे । तर त्रिपाठी यो स्वीकार्दिनन् । भन्छिन्, "म आफैँ सक्षम छु । श्रीमान्लाई निर्णयमा सोधेकी छैन ।" उपकुलपतिसँग विगतमा बेलामौका झगडा परेर बोलाचाल बन्द हुने गरेकोचाहिँ स्वीकार्छिन् ।

'होम सेन्टर' विश्वविद्यालयमा पछिल्ला समय मौलाएको रोग हो । परीक्षा केन्द्र प्रभावमा राख्ने यस्तो रोग निजीदेखि आंगिक क्याम्पससमेत संक्रमित छन् । गत वर्ष तत्कालीन त्रिवि रेक्टर त्रिपाठीले उपत्यकाका ९ वटा क्याम्पसमा गरेको अनुगमनमा 'होम सेन्टर' र मिलेमतोमा साटफेर गरेको भेटेकी थिइन् । पनिकालाई सुझावको लामो फेहरिस्त पनि बुझाइन् तर सुधार भएन । त्रिपाठी भन्छिन्, "गत वर्ष उपत्यकाका ९ वटा कलेज अनुगमन गर्दा सेन्टर खरिद गर्ने रहस्य खुल्यो र मैले पनिकालाई लेखेरै सुधार गर्न दिएकी थिएँ ।"

विश्वविद्यालयमा उत्तरपुस्तिका साट्ने हर्कत पनि भएका छन् । गत वर्ष मात्रै जनकपुरको रारा बहुमुखी क्याम्पसका विद्यार्थीको अंग्रेजी विषयको उत्तरपुस्तिका यही शंकाको घेरामा परे । त्यो शंकाको तीर मानविकी संकायकै केन्द्रीय विभागमा पनि तेर्सिएको थियो, राजनीतिशास्त्रको स्नातकोत्तर तहको उत्तरपुस्तिकामा । २० भदौ ०७६ मा सञ्चालित स्नातकोत्तर तहको नेपाली विषयको प्रश्नपत्रको समस्या पनि यस्तै प्रकृतिको थियो, जसले त्रिविको केन्द्रीय विभागबाहेकमा १ घन्टा ढिला गरी परीक्षा भयो । प्रश्नपत्रकै कारण गत वर्ष परीक्षा रद्द गर्नुपर्ने बाध्यता आइलागेको थियो ।

त्रिविका पदाधिकारीहरू आफन्त मात्र होइन, दलीय कार्यकर्तालाई काखी च्याप्छन् भन्नलाई अहिले त्रिविका विभिन्न कार्यालयका कामुहरूको रमिताले पुष्टि गर्छ । जस्तो, निवर्तमान उपकुलपति खनियाँले नातामा ज्वाइँ पर्ने विष्णु थपलियालाई सामान्य प्रशासन महाशाखाको कामु दिए । पूर्वएमालेको कोटामा रजिस्ट्रार डिल्लीराम उप्रेतीले कुमारप्रसाद हुमागाईंलाई आर्थिक प्रशासन महाशाखाको प्रमुख बनाइए । अनि, पूर्वमाओवादीको कोटा अर्थात् रेक्टर सुधा त्रिपाठीको कोटामा वासु गिरीलाई कर्मचारी प्रशासन महाशाखा प्रमुखमा कामु बनाइयो ।

आफन्तलाई सुविधा बाँड्नलाई पदाधिकारीले कतिसम्म गर्छन् भन्ने अर्को उदाहरण छ । जस्तो, भागबन्डाको चरम रूप देखाएर पदाधिकारीले उपकुलपतिको कार्यालयमा कामुको जिम्मा पाएका छन्, कमलप्रसाद घिमिरेले । रेक्टरको कार्यालयमा निर्मल मिश्र र रजिष्ट्रार कार्यालयमा नवीन्द्रप्रसाद भण्डारीलाई कामु दिइयो । उपकुलपति कार्यालयमा कामु दिएपछि रेक्टर त्रिपाठीले विरोध गरिन् । त्यसको बदलामा त्रिपाठीलाई पनि कामु राख्ने सुविधा दिइयो अनि रजिस्ट्रारसम्म पुग्यो । त्यसरी नै भागबन्डाको खेलमा लागेका पदाधिकारीले भागबन्डा मिलाउन ४ वटा

निर्देशकको पद पनि बढाए ।

राजनीतिक स्वार्थले काम गर्दाको उदाहरण मानवशास्त्र विभागको अमेरिकी परियोजनामा पनि परेको छ। विभागले सोसल इन्क्लुजनसम्बन्धी करिब १३ करोड रुपैयाँको ३ वर्षे परियोजना सञ्चालन गरिरहेको छ। सुरुमा त्यो परियोजना रेक्टर कार्यालयकै भएकाले उसबाट स्वीकृति लिएको थियो । तर उपकुलपति खनियाँले अड्काएर राखेका थिए । अमेरिकी दूतावासले दुईपल्ट चिट्ठी लेखेपछि खनियाँले रोक्का गरेको परियोजना सञ्चालन गर्न असार ०७६ मा स्वीकृति दिए ।

त्रिविका प्रश्नपत्र निरन्तर बाहिरिन्छन्, परीक्षाअगावै । अंग्रेजीमा सोधिएका प्रश्नपत्रको वाक्य अशुद्ध हुन्छन् । हुँदाहुँदा हालै शिक्षाशास्त्र संकायले शिक्षाको स्नातकोत्तर तहको प्रश्नपत्र नेपालीमा तयार गर्ने निर्णय गराउन भ्याए ।

जनप्रशासनबाट समाजशास्त्र विभागतिर लाग्दा अर्को उदेकलाग्दो घटना भेटिन्छ । समाजशास्त्र विभागले स्नातकोत्तर तह तेस्रो सेमेस्टरको विद्यार्थीको उत्तरपुस्तिकामा प्राप्तांकमा ५ र १० नम्बर थपेर नतिजा प्रकाशन गरियो । यसो गर्नुको कारण उत्तीर्ण संख्या बढाउनलाई थियो । विद्यार्थीको अध्ययनमा सुधार र परीक्षाफल प्रकाशन छिटोछरितो गर्न सेमेस्टर प्रणालीको सुरुआत भएको थियो ।

झोलामा कलेज

त्रिविका व्यवस्थापन संकाय र मानविकी संकायका डीनले साउन ०७६ मा विकृतिको चरम रूपमा देखाए । काठमाडौंमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्बन्धन लिएका दुई कलेजलाई उनीहरूले त्रिविको कानुनविपरीत पोखरा र चितवनमा स्थानान्तरण गरे- त्यो पनि सञ्चालकको प्रभावमा परेर । विद्यार्थी नपाएको भन्दै कलेजका सञ्चालकहरू डीन कार्यालय पुगे र दलीय प्रभाव र आर्थिक प्रलोभन देखाए। प्रधानमन्त्री केपी ओली निकट बताउने व्यवस्थापनका डीन डिल्लीराज शर्माले दलीय प्रभावसहितको आर्थिक लाभको काम नगर्ने कुरै थिएन । अनि, काठमाडौंमा ती कलेज कार्यालय सञ्चालन गरेको रेकर्डसमेत नभेटिँदा कारबाहीको सट्टा पुरस्कृत गरे । बीबीए अध्यापनका लागि सम्बन्धन लिएको कलेजलाई व्यवस्थापनका डीन डिल्लीराज शर्माले काठमाडौंबाट पोखरा पठाइदिए। त्यही नजिरलाई टेकेर मानविकी संकायका डीन शिवलाल भुसालले काठमाडौंमा ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए) अध्यापनका लागि सम्बन्धन लिएको कलेजलाई चितवन पठाए । यसमा त्रिविको योजना निर्देशनालयका निर्देशक ऋषिद पोखरेलको चासो मात्र होइन, संलग्नता छ। विकृतिको चरम नमुनालाई डीन शर्मा भने सामान्य ठान्छन् । "क्याम्पस स्थानान्तरण गर्न मिल्छ, त्यसैअनुसार गरेको हो," शर्मा भन्छन् । तर त्रिविमा जिल्ला नै फेर्ने व्यवस्था नभएको त्रिविका कर्मचारी बताउँछन् ।

अलिक फरक प्रसंग नै सही, निजी कलेज ट्रिनिटीको लगानीमा त्रिविले ब्याचलर्स अफ कम्प्युटर एप्लिकेसन (बीसीए) कार्यक्रमको पाठ्यक्रम तयार गरियो। सुरुमा यो कार्यक्रमलाई मानविकी संकायकै अंगको रूपमा ब्याचलर्स अफ आर्टस् एन्ड कम्प्युटर एप्लिकेसन (बीएसीए) भनिएको थियो। तर ट्रिनिटीमा मानविकी संकाय नभएका कारण कार्यक्रमको नाम नै परिवर्तन गरियो र भनियो- ब्याचलर्स अफ कम्प्युटर एप्लिकेसन (बीसीए) । तत्कालीन उपकुलपति हिराबहादुर महर्जनको समयकै सन्दर्भ हो, त्यतिबेला ५२ वटा कलेजलाई बीसीए कार्यक्रम सञ्चालन गर्न दिने तयारी हुँदै थियो । तर महर्जनपछि आएका उपकुपति तीर्थ खनियाँले भागबन्डामा १ सय २३ कलेजलाई अनुमति दिए । त्यतिले नपुगेर नेविसंघ आन्दोलनमै उत्रियो, आफूले भनेको कलेजले बीसीए कार्यक्रम नपाएको झोकमा। र, अन्तिममा सहमति जुट्यो, २६ मंसिर ०७५ मा । त्रिवि र नेविसंघबीचको सहमतिपत्रमा भनिएको छ- बीसीएको सन्दर्भमा आफूले कार्यक्रम पाउनुपर्ने भनेर निवेदन दिएका क्याम्पसको सन्दर्भमा तथ्य बुझी प्रक्रिया अगाडि बढाउने ।

अर्को उदाहरण पनि जोड्नैपर्ने हुन्छ, नेपाल फिल्म कलेजको । यो कलेजलाई सम्बन्धन दिन निवर्तमान उपकुलपति खनियाँको जोडबल प्रशस्त थियो र जाँदाजाँदै सम्बन्धन सकारे। खनियाँले पहिला नै सम्बन्धन दिए पनि ०७५ मा कलेजको पूर्वाधार नै नपुगेको भन्दै त्रिवि र अख्तियारमा उजुरी पर्‍यो । आयोगले तत्काल सम्बन्धन रोक्न र पुनः अध्ययनपछि मात्रै सम्बन्धन दिन निर्देशन दियो । त्यही निर्देशनअनुसार त्रिविले सहायक डीन शरद ठाकुरको नेतृत्वमा अध्ययन समिति बनायो । ठाकुर नेतृत्वको समितिले सम्बन्धन दिन योग्य नदेखेपछि प्रतिवेदन बुझाउनुको सट्टा राजीनामा दियो । त्यसपछि अर्को सहायक डीन किरण आचार्यको नेतृत्वमा अर्को समिति गठन भयो तर समितिले प्रतिवेदन तयार नपार्दै खनियाँले सम्बन्धन टुंगो लगाइदिए । ने

कस्ता उपकुलपति

शिक्षाविद्को विश्लेषणमा विश्वविद्यालयमा अबको उपकुलपतिलाई मूलतः चार सूचकांकमा हेर्नुपर्छ । पहिलो, राजनीतिभन्दा प्राज्ञिक चेतले नेतृत्व गर्ने क्षमता भएको। दोस्रो, भिन्न विचार समूहलाई विस्थापन होइन, व्यवस्थापन गर्न सक्ने क्षमताको। तेस्रो, अध्ययन-अनुसन्धान, अभ्यासबाट प्राज्ञिक उन्नयनमा क्रियाशील। चौथो, अन्तर्राष्ट्रिय सम्बन्ध र परिवर्तनसँगै गतिशील भइरहेको। हुन पनि, बजारले मागेको विषय नहुँदा विश्वविद्यालयका कक्षा निरस लाग्छन्। जस्तो, इतिहास, संस्कृति, भूगोल र राजनीतिशास्त्रको पाठ्यक्रम समयानुकूल परिमार्जन गर्न सकेन, जसले विद्यार्थी आकर्षित भएनन्। शिक्षाविद् प्रेम फ्याकको भनाइमा बजारको गतिशीलतासँगै विश्वविद्यालयसँग अपेक्षा धेरै छ। त्यस कारण अपेक्षा पूरा गर्ने क्षमता छैन भन्ने छूट विश्वविद्यालयसँग छैन। "अबको उपकुलपतिसँग विश्वको प्राज्ञिक अभ्यासमा आएको परिवर्तन र गति जानकारी भएर कर्पोरेट सम्बन्ध विस्तार गर्ने नेतृत्व क्षमता पनि चाहिन्छ," फ्याक भन्छन्।

हुन पनि, बिग्रिँदो विश्वविद्यालयको अवस्था र गिर्दो साख उजिल्याउने सोचसहित नेतृत्व आउँछ कि आउँदैन भन्ने मुख्य चुनौती छ। माबुहाङको भनाइमा अबका उपकुलपति विश्वविद्यालयलाई पाराडाइम सिफ्ट गराउने र उत्पादित जनशक्तिलाई कामकाजी बनाउने भिजनसहित आउनुपर्छ। त्यस मतमा पूर्वउपकुलपति मानन्धर सहमत छन्। तर त्यसका लागि दलीय प्रतिबद्धता अनिवार्य ठान्छन्।

विश्वविद्यालय स्वायत्त हुनुपर्छ। प्राज्ञिक अभ्यास र स्वतन्त्रतामा जोड दिनुपर्छ। र, प्राध्यापकमा नवीन खोजको भोक मात्र हुनुपर्छ। अनि सचेत नागरिक निर्माणका लागि विश्वविद्यालय बहस गर्ने थलो बन्नुपर्छ। फेरि पनि कुलपति र सह-कुलपतिले यी सन्दर्भ बिर्सिए भने देशको भावी सन्तति सचेत होइन, साक्षर मात्रै हुनेछ।

(अ) सहमति

लोकतन्त्रमा समय

गत साता मेक्सिकोकी पूर्ववातावरणमन्त्री योसेफा गोञ्जालेज ब्लांको चर्चामा रहिन् । त्यो पनि नेपालमा । पर्यटनमन्त्री योगेश भट्टराई र अभियन्ता ज्ञानेन्द्र शाही वरिपरिको विवादले उनको जवाफदेहीको सम्झना दिलायो । ब्लांकोले चार महिनाअघि ३८ मिनेट उडान ढिलो गराएपछि राजीनामा दिएको सन्दर्भ सार्वजनिक वृत्तमा दोहोरियो । आफ्नै कारणले विमान ढिलो भएको आलोचना भएपछि तारिफयोग्य राजीनामा लेखेर पदबाट हटिन् । आफूले बुझाएको राजीनामा पत्रमा योसेफाले लेखिन्, 'जनतालाई दुःख दिने विशेषाधिकार कसैले पाउनुहुन्न । एक जना व्यक्तिको सुविधाका लागि सर्वसाधारणलाई समस्यामा पार्नुहुन्न । तर मेरो कारणले ३८ मिनेट जहाज ढिलो भयो । यो गल्ती अक्षम्य भएकाले म राजीनामा दिन चाहन्छु ।' मेक्सिकोकी मन्त्रीले राजीनामा दिएको धेरै समयपछि उक्त सन्दर्भ नेपालमा उठिरहँदा नेपाली समाजको चारित्रिक भिन्नताबारे भने खासै चर्चा भएको पाइँदैन ।

भास्कर गौतम

नेपाली समाजले सार्थक परिवर्तन खोजेको धेरै भए पनि समयको गति ठम्याउन हम्मे परिरहेको छ । परिवर्तन खोज्ने तर समयको बहावलाई बेवास्ता गर्ने समाजको चरित्र बुझ्न सोचेजस्तो सजिलो हुँदैन । लोकतान्त्रिक व्यवस्थाको चाहना राख्ने तर सामान्यजनको समयलाई अवमूल्यन गर्ने सत्तासीनहरूको मनोवृत्ति केवल एउटा दृष्टान्त मात्र हो । कालपरिस्थितिका कारण यी सत्तासीनहरूमा लोकतान्त्रिक मूल्य-मान्यताको जपना छ । सामाजिक आडम्बरका कारण यिनका व्यवहारमा सामन्तवादी तुजुक छ । पुरानो तुजुक र नयाँ जपको बीचमा सार्थक परिवर्तन हासिल गर्ने समयबोध भने कतै अल्झिएको छ ।

हालका सत्तासीनहरूमध्ये अधिकांश पञ्चायत कालमा हुर्के । चाहे नेता हुन् वा प्रशासक । व्यापारी हुन् वा समाजका ठालूहरू । त्यसैले ०४६ सालपछिको खुला राजनीतिमा धेरै कार्य समयमा गरिएको दृष्टान्त थोरै छन् । प्रायः कार्य ढिलो गरेका दृष्टान्त बग्रेल्ती छन् । यस्तो सिलसिला अद्यापि कायम छ ।

समाजमा कुनै कार्य पनि समयमा नहुने भन्ने होइन । सामाजिक जीवनमा क्षण, घडी, पलाको विशाल महत्त्व छ । जसले एक वा अर्को तरिकाले जोगीहरूको संगत गर्ने मौका पाए, तिनले समयबोधको महत्त्व बुझेका छन् । तिनलाई थाहा छ, प्रत्येक पला मूल्यवान छ । जसले जोगीको संगत गर्न पाएका छैनन्, तिनले पनि साइतबारे सुनेका छन् । कतिपय अवस्थामा साइतलाई पछ्याएका छन् । कहिले पूजाआजा र विवाहभोजमा । कहिले दसैँ, तिहार, रमादान र लोसार आदि चाडपर्वमा साइतअनुसार चल्न खोजेका छन् ।

रीतिरिवाजले साइतलाई उच्चतम् महत्त्व दिइरहे पनि सामाजिक र राजनीतिक जीवनमा समयमा चल्ने मनुवाहरू थोरै छन् । क्षण र पलाको महत्त्वलाई सबैले आत्मसात् गरेका छैनन् । समयको गतिलाई धेरैले नजरअन्दाज गरेको दृष्टान्त सर्वत्र पाइन्छ । प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रमदेखि मन्त्रालयका बैठकसम्म । प्रतिनिधिसभादेखि आमसभासम्म । व्यापारिक समारोहदेखि सामाजिक कार्यक्रमसम्म । सामान्य यात्रादेखि औपचारिक उडानसम्म । समयको गति कतै नेताको त ओहोदाको, कतै सामन्तको त कतै शक्तिको, कतै प्रतिष्ठाको त कतै मर्यादाको, कतै बेढंगपनको त कतै शिष्टताको सिकार बनिरहेको अवस्था छ ।

समय अन्यायमा परिरहँदा समाज नै अन्यायमा पर्ने गर्छ । यस्तो वास्तविकतादेखि परिवर्तनकामी अनभिज्ञ देखिन्छन् । सत्तासीनहरू भने अनभिज्ञ मात्र होइन, आफ्नो ओहोदा र कर्तव्यप्रति, आधारभूत काम र सामान्यजनप्रति गैरजिम्मेवार देखिन्छन् । समाजलाई चौतर्फी हिसाबले उन्नत बनाउने क्षमताको पनि उनीहरूमा अभाव छ ।

गत साता पर्यटनमन्त्री भट्टराई र अभियन्ता शाही चर्चामा रहे । मन्त्रीले लामो समय नेपालगन्ज-काठमाडौँ उड्ने उडान रोकेको भन्दै शाहीको नेतृत्वमा केही यात्रुले विरोध जनाए । नाराबाजी गरे । उनीहरूमाथि तथानाम बोलेको र हुलहुज्जत गरेकोसमेत आरोप छ । त्यस क्षणमा मौन रहेका मन्त्रीले काठमाडौँ आइसकेपछि सामाजिक सञ्जालमार्फत आफूबाट गल्ती भएको सकारे । माफी मागे । तर यो विषय यही टुंगिएन ।

प्रहरीले शाहीलाई केही बेर समात्यो । शाहीले पत्रकार सम्मेलनमार्फत आफ्नो बचाउमा बोले । त्यसपछि मन्त्री भट्टराई संलग्न दलको भ्रातृ संगठन, राष्ट्रिय युवा संघ कास्कीले 'ज्ञानेन्द्र शाहीहरूजस्ता कुपात्रहरूलाई गणतान्त्रिक भूमि कास्कीमा प्रवेश निषेध' गर्ने विज्ञप्ति निकाल्यो । उनीमाथि 'सामाजिक सञ्जालको दुरुपयोग गरेको, द्वन्द्व सिर्जना गर्न उक्स्याएको र परिवर्तनविरोधी तत्त्वबाट सञ्चालित रहेको' आरोप लगायो ।

शाहीमाथि लगाइएको आरोप सही हो वा गलत भन्ने चासो धेरैलाई हुन सक्छ । यस्तो सवालमा शाही र उनका शुभेच्छुकको रुचि अझ बढी हुनु स्वाभाविकै हो । तर यस

परिघटनाले जन्माएको प्रमुख सवाल यो होइन ।

सही सूचना सम्प्रेषण नहुँदा अनावश्यक रूपमा यो घटना तन्किँदै गयो । मन्त्रीको उडान र समयलाई लिएर विवाद उब्जिएपछि पर्यटन मन्त्रालयले आधिकारिक तवरमा सबै कुरा सार्वजनिक गर्न विज्ञप्ति जारी गर्नुपर्थ्यो । त्यसो नगर्दा मन्त्रालय गम्भीर देखिएन । मन्त्री भट्टराई भने अतिरिक्त गम्भीर भए । त्यसैले शाहीलाई तर्साउन प्रहरी खटाइयो । दलका कार्यकर्ता परिचालित गरियो ।

प्रहरी खटाउनु प्रस्टसँग शक्तिको दुरुपयोग थियो । एउटा गल्तीलाई अर्को गल्तीले छोप्ने प्रयास । पर्यटनमन्त्रीले नगुहारी पक्कै पनि गृहबाट प्रहरी खटिएन । कुनै यात्रुले मन्त्री किन ढिलो आए भनेर सोध्यो, दुई-चार जनासँग मिलेर धेरथोर नाराबाजी नै गऱ्यो भन्दैमा सरकारको काम प्रहरी खटाउने, धरपकड गर्ने र प्रहरी आतंक सिर्जना गर्ने होइन । जवाफदेही भएर प्रस्तुत हुने हो । कसैमाथि कुनै आशंका भए सरकारले अवश्य पनि छानबिन गर्न पाउँछ । खोजीनिधि गर्न मिल्छ । तर कानुन मिचेर, शक्तिको तुजुक देखाएर र पुलिस आतंक सिर्जना गरेर त्यसो गर्न मिल्दैन । सत्तासीनहरूलाई हेक्का हुनुपर्ने हो, यो पञ्चायती समय होइन, गणतान्त्रिक काल हो । गणतान्त्रिक युगमा शासनसत्तामा बस्नुको अर्थ सामान्यजनमाथि अधिकार जमाउनु होइन, तिनको सेवा गर्नु हो ।

कास्कीमा सक्रिय राष्ट्रिय युवा संघको विज्ञप्ति हेर्दा लाग्छ- सत्तारुढ दलका कार्यकर्ता उनीहरूको दलले निर्वाचित कार्यकाल मात्र होइन, मुलुक नै बिर्तामा पाएको हो भन्ने ठानिरहेका छन् । नेकपाका नेता-कार्यकर्तालाई हेक्का रहोस्, गणतन्त्रमा गण मात्र होइन, पूर्वराजासमेत जहाँकहीँ हिँड्डुल गर्न सक्छन्, पाउँछन् ।

सत्तासीनहरूको समय स्वर्ण र बाँकीको समय कास्य ठान्ने प्रवृत्तिको अन्त्य लोकतन्त्रको आधारभूत प्रस्तावना हो ।

मुलुकका सबै बासिन्दालाई पृथक् विचार व्यक्त गर्ने अधिकार छ । फरक विचार एक्लै वा संगठित भएर व्यक्त गर्न जोकोही स्वतन्त्र छ । यी सबै हक अधिकार केवल एकआपसमा केही गर्न मात्र नभएर सत्तासीनलाई उनीहरूको काम-कर्तव्य बोध गराउन र जनगणप्रति सरकारलाई जवाफदेही बनाउनका लागिसमेत हो । त्यसैले सत्तारुढ दलका नेता-कार्यकर्ताले सबै दृष्टिबाट राष्ट्रिय युवा संघ कास्कीले निकालेको विज्ञप्तिको खुलेर निन्दा गर्नु आधारभूत कर्तव्य हो । उक्त विज्ञप्ति लोकतन्त्रको मूल्य-मान्यताविपरीत छ ।

हिजो राजारजौटालाई लाग्थ्यो- जन्मनुपूर्व नै उनीहरूले रैतीमाथि शासन गर्ने नैसर्गिक अधिकार लिएर आएका छन् । रैतीहरूको न जीवनको कुनै मूल्य छ, न त समयको । सत्तासीनहरूले रैतीमा शासन होइन, शोषण गरे । प्रत्यक्ष हिंसा प्रयोग नगरेको अवस्थामा वर्णाश्रमलाई सामाजिक उचनीचको आधार बनाएर गरे । त्यसैको जगमा कानुन बनाएर गरे । अनि, सामाजिक र राजनीतिक वृत्तमा भयको वातावरण निर्माण गरेर शोषण गरे ।

जब रैतीहरूले आफ्नो जीवनलाई आफ्नै हातमा लिने निर्णय गरे, समय फेरियो । न्यायका आधारको खोजी हुन थाल्यो । परिवर्तन आयो । रैतीहरू प्रजा हुँदै नागरिक बन्न उद्यत रहे । नागरिक बन्नुको अर्थ हो, प्रत्येक नागरिक समान हुन् । नागरिकमध्येबाट नै कोही केही कालका लागि शासनमा जाने हो । त्यसैले शासक र शासितको जीवनको उत्तिकै महत्त्व छ । प्रकारान्तरले सबैको समय उत्तिकै मूल्यवान छ । विभिन्न ठाउँबाट सबै नागरिकगण मुलुकको र सामूहिक भविष्यका निम्ति लागिपरेका छन् । सबैको क्रियाशीलता, चिन्तनशीलताले सम्मानपूर्ण वर्तमान र समतामूलक भविष्यको खोजी गरिरहेको छ । सत्तासीनले मात्र उन्नत भविष्यको खोजी गर्ने युग यो होइन । न त उनीहरूमा मात्र त्यसो गर्ने क्षमता छ ।

सत्तासीनहरूको समय स्वर्ण र बाँकीको समय कास्य ठान्ने प्रवृत्तिको अन्त्य लोकतन्त्रको आधारभूत प्रस्तावना हो । अतिशयोक्ति चर्चा हुने र सबै कुरा संविधानमै लेखिनुपर्ने जिद्दी गर्ने देशमा यो कुरा नेताहरूले लेख्न छुटाएका हुन सक्छन् । तर समयको अवमूल्यन अन्यायको आधारसमेत हुन सक्छ भन्ने सामान्यबोध संविधानमा लेखिरहनु पर्दैन । अनुभवजनित ज्ञान नै त्यसका लागि काफी छ । त्यसैले गणतन्त्रलाई सार्थक बनाउन नागरिकगणमा र सरकारी अधिकारीहरूमा समेत समयलाई कदर गर्ने अभ्यास प्रत्येक दिन झल्किनुपर्छ । यस्तो अवस्था रच्न अधिकारीहरूको सामान्य जवाफदेहिताले मात्र पुग्दैन । प्रत्येक नागरिकले निजी र सामूहिक जीवन उच्चतम तवरमा उपयोग गर्ने वातावरण बनाउनु लोकतान्त्रिक सरकारको आधारभूत कर्तव्य हो । यस्तो प्राथमिक कर्तव्यबाट समेत च्यूत हुँदा मूलतः लोकतान्त्रिक विरोधी अभ्यासको पक्षपोषण भइरहेको छ । ■

पहिले अभिनन्दन, अहिले बिलखबन्द

शाही सेनाबाट विद्रोह गर्न सैनिक जवानलाई उक्साउने तत्कालीन माओवादी नेताहरू त्यस्ता सिपाहीलाई अहिले नेपाली सेनाले पक्राउ गरी धमाधम कोर्टमार्सल गर्दा मौन छन् ।

माधव बस्नेत

१ मंसिर ०६१ मा धादिङको कृष्णभीरमा माओवादी लडाकूले थापेको एम्बुसमा परी करिब दर्जन शाही नेपाली सेना मारिए। सेनाबाट एक ट्रक हतियार कब्जामा लिएको लडाकूको दाबी थियो। यो घटनाले तत्कालीन राजनीतिभित्र ठूलै हलचल ल्यायो । यस कारबाहीका कमान्डर थिए, प्रतीक्षा। अर्थात्, यामबहादुर अधिकारी।

अधिकारी तत्कालीन शाही नेपाली सेनासँग भएका दर्जनौं भिडन्तमा सहभागी कमान्डर थिए। अनि, बन्दी अवस्थामा सुरक्षा घेराबाटै फरारसमेत भए । ३१ भदौको मन्त्रिपरिषद् बैठकले जंगी अड्डाको सिफारिसमा तिनै अधिकारीलाई नेपाली सेनाको महासेनानीबाट सहायक रथीमा बढुवा गर्‍यो ।

लडाकूबाट सेनामा समायोजन भएमध्ये सबैभन्दा माथिल्लो दर्जामा पुग्ने अधिकारी पहिलो पात्र हुन् । लडाकूका तर्फबाट अधिकारीकै नेतृत्वमा सेनामा समायोजन भएको थियो। तिनै अधिकारीले सैन्य मुख्यालय भद्रकालीमा २ असोजमा सहायक रथीको दर्ज्यानी चिह्न लगाए।

अधिकारीको बढुवाले मुलुकमा शान्ति प्रक्रिया सफल रहेको सन्देश दिएको जंगी अड्डाको दाबी छ। सेनाविरुद्ध दर्जनौं कमान्डो आक्रमणमा सहभागी पूर्वमाओवादी लडाकू यसबेला सिपाहीदेखि सहायक रथी पदसम्म बहाल छन् । तर तिनै कमान्डरको प्रभावमा परी माओवादीमा समाहित हुन पुगेका एकाध तत्कालीन शाही नेपाली सैनिक भने कारागारमा कोचिन वा लुकीछिपी हिँड्न बाध्य छन् । माओवादी नेताहरूको आह्वानका भरमा ब्यारेक छाड्ने ती 'योद्धा' मध्ये केहीले भोगिरहेको संकटबारे *नेपाल*ले यो खोजबिन गरेको हो । बाँकी सुरक्षाकर्मीको विवरण पनि हामीले प्राप्त गरेका छौं।

••

'शाही सेनाका जवानलाई चिट्ठी

प्यारा दाजुभाइहरू, गरिबी र बेरोजगारीको मारमा परेर सेना भनिने सामन्ती शाह-राणा परिवारको दासका रूपमा बेचिन र आफ्नै गाउँले गरिब दाजुभाइहरूको हत्या गर्न बाध्य पारिनुभएका तपाईं शाही सेनाको तल्लो दर्जामा कार्यरत अफिसर र जवानसँग हामी उदीयमान जनसत्ताको प्रतिनिधिका नाताले यो पत्रमार्फत केही अन्तरंग कुरा गर्ने अनुमति चाहन्छौं।... हामी आशा तथा विश्वास गर्दछौं, तपाईंहरूले यसलाई एउटा प्रति प्रचारको कुरा मात्र नठानेर आफ्नै बलले सत्य र तथ्य खुट्याउने प्रयत्न गर्नुहुनेछ र अन्ततः देश र जनताको हितमा प्रतिक्रियावादी शासकका विरुद्ध विद्रोहको झन्डा उठाउने साहस गर्नुहुनेछ।'

नेकपा (माओवादी) का तत्कालीन वरिष्ठ नेता तथा संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालका संयोजक बाबुराम भट्टराईले वैशाख ०५९ मा *जनादेश* साप्ताहिकमा प्रकाशित गरेको लेखको अंश हो, यो। स्मरण के भने जुन बेला भट्टराईले यो लेख प्रकाशित गरे, त्यस समय तत्कालीन माओवादी लडाकू र शाही नेपाली सेनाबीच भीषण लडाइँ चलिरहेको थियो।

मुलुक संकटकालले जर्जर थियो । माओवादीले शाही नेपाली सेनाका ब्यारेकमाथि एकपछि अर्को गरी हमला गरिरहेका थिए। बुझ्न कठिन छैन, शाही नेपाली सेनाबाट विद्रोह गरी आफ्नो लडाकू दस्तामा समाहित हुन अपिल गर्दै भट्टराईले उल्लिखित पत्र सार्वजनिक गरेका थिए । भट्टराई मात्र किन र नेकपा (माओवादी) का तत्कालीन अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का समेत यस्तै बेहोराका लेख, अन्तर्वार्ता सार्वजनिक हुन्थे । सामान्य कार्यकर्तादेखि शीर्ष तहका कमान्डरसम्म सेना, प्रहरीबाट विद्रोह गरी आफूहरूमा सम्मिलित हुन परिवारका सदस्यलाई समेत 'कन्भिन्स' गर्थे।

माओवादीका यस्ता आग्रहले फाट्टफुट्ट काम पनि गर्‍यो। शाही नेपाली सेनाबाट केही जवान आधुनिक हतियारसहित माओवादीको सम्पर्कमा पुग्थे। ३० साउन ०६३ मा सरकार र तत्कालीन नेकपा (माओवादी) बीच वार्ता चलिरहेको थियो।

< शाही नेपाली सेनाबाट ३० साउन ०६३ मा माओवादीको 'जनमुक्ति सेना' मा पुगेका विक्रम गुरुङको परिचयपत्र

त्यसको झन्डै २ महिनाअघि २ असारमै विद्रोही नेताद्वय प्रचण्ड र बाबुरामलाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा स्वागत गरिसकेका थिए । माओवादी लडाकूको ध्यान लडाइँमा भन्दा वार्तामै केन्द्रित थियो । भलै, उनीहरू वार्ताबाट निकास निस्कनेमा पूरै विश्वस्त हुन भने सकिरहेका थिएनन् । त्यसैले हतियारको जोहो त गरिरहेका थिए नै, सेना-प्रहरीबाट 'विद्रोह' गरेर आफूमा समाहित हुन पनि उक्साइरहेका थिए ।

यही बेला अर्थात् ३० साउन ०६३ मा तत्कालीन शाही नेपाली सेनाको कालीबहादुर गणमा कार्यरत जवान विक्रमबहादुर गुरुङ M16A2 राइफल नाल एक, त्यसको म्याग्जिन ५ वटा र ४ सय ५० राउन्ड गोलीसहित लडाकूको सम्पर्कमा पुगे । माओवादीले यस घटनालाई मसलाका रूपमा मजैले प्रचार गऱ्यो । यसरी आफ्नो सम्पर्कमा आउनेहरूलाई माओवादीले सञ्चार माध्यम बोलाएरसमेत फूलमाला तथा अबिरले स्वागत गर्थे ।

यसबेला परिस्थिति बेग्लै छ । शीर्ष नेताहरूकै आग्रहमा तत्कालीन शाही नेपाली सेनाबाट 'विद्रोह' गरी माओवादीमा पुगेका गुरुङजस्तै पात्रलाई नेपाली सेनाले खोजीनीति गर्दै जेलमा कोच्न थालेको छ । तर माओवादी नेताहरू भने मौन प्रायः छन् । माथि उल्लिखित आह्वान गर्ने भट्टराई कुनै बेला आफू माओवादी थिएँ भन्नै अन्कनाउने भइसकेका छन् । अनि, प्रचण्ड 'पुरानो सत्ताको पार्टीसँग फ्युजन' गर्दै सत्ताको छलाङ मारिसकेका छन् ।

९ साउन ०७६ । सैनिक समरी जनरल अदालतले तिनै विक्रमबहादुर गुरुङलाई ७ साउन ०७६ बाट लागू हुने गरी १० वर्ष कैदको फैसला गऱ्यो । गुरुङलाई गरेको फैसलाको 'कसुरको विवरण' मा उल्लेख छ, 'हातहतियार तथा गोली-गठ्ठासहित भगौडा परी तत्कालीन माओवादीलाई बुझाएको ।' 'फैसलाको संक्षिप्त बेहोरा' मा लेखिएको छ, 'निज मिति ०६३/०४/३० गते हातहतियार गोली-गठ्ठासहित भगौडा भई तत्कालीन विद्रोहीसँग मिल्न गएको सम्बन्धमा मिति ०७६/०४/०७ गतेबाट लागू हुने गरी १० वर्ष कैद गर्ने, भगौडा भएको मितिबाट लागू हुने गरी भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने र निजले हिनामिना गरेको बाल राउन्ड गोटा ४५० को मूल्य युएस डलर १८० निजबाट असुलउपर गरी राजस्व दाखिला गर्ने ।'

गुरुङ हतियारसहित माओवादीमा सामेल भएको ३ महिना बित्दा नबित्दै ५ मंसिर ०६३ मा तत्कालीन सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो । लडाकूहरू त्यही दिनबाट ७ मुख्य र २१ सहायक गरी २८ वटा शिविरमा बस्न थाले । उनी चितवनको शक्तिखोरस्थित तेस्रो डिभिजनमा सेक्सन कमान्डरका रूपमा भित्रिए । ०७१ मा लडाकूहरू नेपाली सेनामा समायोजन भए । गुरुङले स्वैच्छिक अवकाश रोजे । यसपछि उनी कतार हानिए । त्यहाँबाट फर्किएपछि काठमाडौँ कलंकीमा सानोतिनो व्यवसाय चलाएर परिवारको गुजारा धानिरहेका थिए । यसबेला तिनै गुरुङ जेल सजाय भोगिरहेका छन् । सेनाले यस घटनालाई ठूलै जितको रूपमा लिइरहेको छ ।

सैनिक प्रवक्ता सहायक रथी विज्ञानदेव पाण्डेका अनुसार द्वन्द्वकालमा तत्कालीन विद्रोहीसँग मिल्न पुगेका जोकसैलाई कसुरअनुसार सैनिक ऐनबमोजिम कारबाही गरिनेछ । कारबाही हुन नसकेकाहरूको खोजी जारी छ । "हिजो द्वन्द्वकालमा तत्कालीन विद्रोहीसँग मिल्न जानेलाई मात्र होइन, सैनिक ऐनअनुसार जोकोही भगौडा सैनिकलाई घटना प्रकृतिअनुसार कोर्टमार्सल हुन्छ," पाण्डे भन्छन्, "सेनाको खर्चमा जापानमा इन्जिनियर पढ्न गएर फर्किएपछि हाजिर नहुनेलाई भर्खरै नियन्त्रणमा लिएर कोर्टमार्सल सुरु गरेका छौँ । विदेशमा रहेका केही अधिकृत, पदिकलाई कारबाही गर्नकै लागि पासपोर्ट नवीकरण नगरिदिन विभिन्न दूतावाससँग आग्रह गरिरहेका छौँ । त्यसैले तत्कालीन विद्रोहीसँग गएका

सैनिकहरूलाई मात्र यस्तो कारबाही गरियो भनेर लिन मिल्दैन ।”

मोरङ सिद्राहाका झलकुमार भगत भोजपुरस्थित विष्णु दल गुल्ममा कार्यरत थिए । ८ साउन ०६२ मा उनी एक थान इन्सास राइफल, त्यसको म्यागिजन ५ वटा, ३ सय राउन्ड गोली, ग्रिनेड २, गलिल राइफल १ र त्यसको म्यागिजन ३ वटासहित माओवादी लडाकूको सम्पर्कमा पुगे । केही दिनसम्म उनलाई लडाकूले शंकाको घेरामा राखे। यसपछि सैन्य फर्मेसनमा सहभागी गराए। समयक्रममा भगतलाई सेक्सन कमान्डरको जिम्मेवारी दिइएको थियो। सेना समायोजनमा उनले पनि स्वैच्छिक अवकाश रोजे। माओवादीको टुक्रिने क्रम बढेसँगै पछिल्ला दिनमा उनी नेत्रविक्रम चन्द नेतृत्वको नेकपामा आबद्ध भएका थिए।

०७४ को प्रदेशसभा र संघीय संसद्को निर्वाचन बिथोल्न ध्वंसात्मक कार्यक्रम गरेको भन्दै प्रहरीले विप्लव निकट कार्यकर्तालाई नियन्त्रणमा लिने अभियान चलाएको थियो। यसै मेसोमा मोरङबाटै पक्राउ परेका भगतको सुइँको सेनाले पायो। पूर्वमाओवादीका नेताहरूले पनि यसको भेउ पाए। त्यसबेला नेकपा (माओवादी केन्द्र) मोरङका प्रमुख युद्धकालका लडाकू कमिसार गोपी अछामी थिए। उनीलगायतले निर्वाचनलगत्तै भगतलाई गुपचुप हिरासतबाट मुक्त गर्न प्रहरीसँग सल्लाह गरेका थिए । स्रोतका अनुसार प्रहरी पनि सकारात्मक थियो।

> **विशिष्ट परिस्थिति भएकाले त्यसबाट निकास निकाल्न चाहने हो भने अर्को ऐन ल्याएर अहिलेको ऐनलाई विस्थापित गर्नुपर्छ ।**
>
> **– बालानन्द शर्मा**
> पूर्वरथी, सेना समायोजन विशेष समिति सचिवालयका पूर्वसंयोजक

यही बेला सेनाको दबाबसामु प्रहरी टिक्न सकेन । न त नेकपा (माओवादी केन्द्र) का नेताहरूले नै प्रतिवाद गर्न सके । यसपछि सेनाको हेलिकोप्टरमार्फत १३ पुस ०७४ मा भगतलाई मोरङ प्रहरीबाट सीधै सैन्य हेडक्वार्टर भद्रकाली ल्याएर कोर्टमार्सल गरियो । सैनिक समरी जनरल अदालतले भगतलाई गुरुङलाई भन्दा कडा कारबाही गरेको छ। उनीमाथि सैनिक ऐनअनुसार समरी जनरल अदालतले ‘शत्रुसम्बन्धी कसुरसमेत’ मा ‘मिति ०७४/०९/१३ गतेबाट लागू हुने गरी सर्वस्वसहित जन्म कैद गर्ने, भगौडा भएको मितिबाट लागू हुने गरी भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने’ फैसला भएको छ । यो फैसलापछि १७ पुस ०७४ देखि भगत मकवानपुर भीमफेदीस्थित कारागारमा बन्दी जीवन बिताइरहेका छन्। जुन पार्टीप्रति भरोसा गरेर उनी हतियारसहित पुगे, त्यसका नेताहरू भने घटना जानकारी नभएजस्तो मौन छन्।

पूर्वमाओवादीको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग (वाइसीएल) का पूर्वअध्यक्ष तथा युद्धकालका सोलु-सल्लेरी बिग्रेड कमिसार रामचन्द्र शर्माका भनाइमा लडाइँका बेला बन्दुक शक्तिको स्रोत थियो। “त्यतिबेला सेना-प्रहरीबाट हतियारसहित आउनेहरूलाई फूलमालाले स्वागत, अभिनन्दन गर्नुको अर्थ बन्दुकलाई सम्मान गरिएको थियो । यसबेला राजनीति ‘माइनर’ भएको छ,” पूर्वकमिसार शर्मा भन्छन्,



सैनिक ऐनको अंश

भगौडाबारे सैनिक ऐन

आफ्नो पल्टन छाडेर हिँडेका सैनिकमाथि छानबिन गरी गर्नुपर्ने कारबाहीबारे सैनिक ऐनको परिच्छेद ७ मा कसुर उल्लेख छ। त्यसको धारा ३८ मा शत्रुसम्बन्धी कसुर तोकिएको छ। त्यसमा उल्लेख छ, ‘देहायका कुनै कार्य गरे शत्रुसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) आफूले सुरक्षाको जिम्मा लिएको कुनै ग्यारिजन, किल्ला, चौकी, ठाउँको पालो-पहरा छाडे वा नामर्दगी गरी शत्रुलाई सुम्पिदिए, गराउन कुनै कमान्डिङ अधिकृत वा अरू कसैलाई प्रेरित गराएमा वा विवश पारेमा,

(ख) शत्रुसामु लाजमर्दो किसिमले हातहतियार, खरखजाना, सरसामान फ्याँके वा काँतरपन झल्किने अन्य दुर्व्यवहार गरेमा,

(ग) युद्ध वा सैनिक कारबाही चलिरहेको समय ग्यारिजन, क्याम्प वा पल्टनलाई हरेश खुवाउने वा आतंकित गराउने उद्देश्यले झूटा खबर फैलाएमा,

(घ) नेपाल राज्यविरुद्ध हातहतियार उठाइराखेको कुनै व्यक्ति वा शत्रुसँग देशका विरुद्ध विश्वासघात हुने गरी पत्र, व्यवहार वा गोप्य खबर आदान-प्रदान गरेमा वा अन्य कुनै काम गरेमा,

(ङ) शत्रुलाई हातहतियार, गोली-गट्ठा, नगद जिन्सीलगायतका कुनै जिन्सी सरसामान दिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मद्दत गरेमा,

(च) नेपाली सेना वा त्यसको कुनै बल वा अंगलाई असफल बनाउने कुनै काम गरेमा,

(छ) विश्वासघात गरी वा काँतरपन देखाई शत्रुसमक्ष युद्धविश्रामको झन्डा उठाएमा,

“अहिले राजनीति पैसा र शक्तिको भयो । जोसँग पैसा र शक्ति छ, उनीहरू नेताका नजिक भए ।”

शर्मा थप्छन्, “त्यसैले युद्धकालमा ज्यान हत्केलामा राखेका भगत र गुरुङहरू सामान्य भए । उनीहरूको संरक्षण गर्ने कोही भएन, जुन नेपाली राजनीतिका लागि विडम्बना हो ।”

सैनिक प्रवक्ता सहायक रथी पाण्डेले सैनिक ऐनको जिकिर गरे पनि त्यसबेलाको पृष्ठभूमि र प्रकृति फरक थियो । जो-जो सैनिक हातहतियारसहित माओवादीमा पुगेका थिए, उनीहरू व्यक्तिगत स्वैच्छाले भन्दा पनि माओवादी युद्ध र आग्रहबाट प्रभावित भएर गएका थिए । त्यसरी आग्रह गर्ने प्रचण्ड, भट्टराई प्रधानमन्त्री भइसकेका छन् भने लडाकूका कमान्डर नन्दबहादुर पुन उपराष्ट्रपति पदमा आसीन छन् । लडाकूका डेपुटी कमान्डर वर्षमान पुन, चक्रपाणि खनाल मन्त्री छन् । कालीकोटको पिली, पाल्पालगायत थुप्रै सैन्य आक्रमणका कमान्डर तथा अर्का डेपुटी कमान्डर जनार्दन शर्मा शान्ति तथा पुनर्निर्माण, ऊर्जा र गृहमन्त्री भइसकेका छन् । सभामुख, मुख्यमन्त्री, मन्त्री हुनेहरूको संख्या गन्ने हो भने सय नाघ्छ ।

●●

लडाकूको पहिलो र सातौं डिभिजनका कमान्डर रहिसकेका सन्तु दराईका भनाइमा सेनाले अहिले विगतका घटनासँग जोडेर ज-जसलाई कारबाही गरिरहेको छ, त्यो तरिका ठीक होइन । “जनयुद्धका बेला उताका सेना यता आए । शान्ति प्रक्रिया सुरु भएपछि यताका उता गए । एउटा विशिष्ट परिस्थितिमा घटेका घटना जोडेर र सैनिक ऐन देखाएर यसबेला कारबाही गर्नु ठीक होइन,” दराई भन्छन्, “यसमा कसरी अघि बढ्ने ? हामी सल्लाह गरेरै बोल्ने तयारीमा छौं ।”

पछिल्लो पटक गुरुङ पक्राउ परेपछि उनकी पत्नी सुजना पूर्वमाओवादी नेताहरूसँग हारगुहार माग्दै ढोका ढक्ढक्याउन पुगिन् । उनीहरूले कोठे आश्वासन त दिएका छन् तर कसैले पनि औपचारिक रूपमा केही बोलेका छैनन् । त्यसबेला युद्धको नेतृत्व गरिरहेका प्रचण्डले एउटा विज्ञप्ति निकालेरै सही, गुरुङको रिहाइको पहल गर्नु आवश्यक ठानेनन् । पूर्वमाओवादी नेताहरूले यस्ता घटनालाई हलुका विषयका रूपमा लिएको प्रस्ट हुन्छ ।

माओवादी लडाकूलाई नेपाली सेनामा समायोजन गर्न बनेको सेना समायोजन विशेष समितिको सचिवालयका संयोजक तथा पूर्वरथी बालानन्द शर्माका भनाइमा कानुनबाट न्याय



युनिट	व्या.नं.	दर्जा	नामथर, वतन	बाजेको नाम	बाबुको नाम	भ-गयर परेको मिति	भ-गयर परेको स्थान	भ-गयर हुंदाको अवस्था	साथमा लिई गएको
बटुकदल गण	१९७१४२	सि	मदन प्रसाद देवकोटा, विजयश्वरी ७ रुकुम	रत्नबहादुर देवकोटा	रविन्द्र बहादु देवकोटा	२०६१ चैत्र १ गते	ओदिनव्यारेक पांचथर	परिमिटर डिउटीको समयमा	५.५६ मि.मि. ईन्सास राइफल नाल १ ऐ.को म्यागिजन १, ऐ.को राउण्ड ४२० र प्लाष्टिक ह्याण्ड गृनेड गोटा ३
बीरदल गण	१७५६३४७	सि.	खड्ग नारायण थारु, सुनवल ८, नवलपरासी	शेर बहादुर थारु	छविलाला थारु	२०६१ श्रावण १५	कुलेखाने प्राधिकरण अन्तरगत धुसिङ्ग सुरक्षा बेशबाट	धुसिङ पोष्टको परिमिटर डिउटीबाट	एस.एल.आर. नार १ ऐ.को म्यागिजन ५ र ऐ.को राउण्ड २८६
रणदल गुल्म	१५७१११	अम	गोपाल जैशी, तारताल गा.वि.स. वडा नं.६, बर्दिया	धर्मदत्त जैशी	हनुमाननाथ जैशी	२०६१ पौष १०	नं.४ सै.ता. गुल्म कपासे व्यारेक, सुर्खेत	सैन्यको बाहिरी अभ्यासमा शिक्षक खट्टिएको अवस्थामा	एस.एल.आर नाल १
काली बहादुर गण	१९३००९	सि.	विक्रम बहादुर गुरुङ्ग आरुपोखरी ९, गोरखा	पहलमान गुरुङ्ग	बुद्धिमान गुरुङ्ग	२०६३ श्रावण २९		डिउटीमा रहंदा	M16A2 राईफल नाल १, ऐ.को. म्यागिजन ५ र ऐ.को. बाल राउण्ड ४५०
फष्ट रैफल गण	१६१४६०	प्युठ	ईन्द्र बहादुर कठायत, मष्टामण्डौ ७ डडेल्धुरा	खड्क सिंह कठायत	लालबहादुर कठायत	२०६० आश्विन १९	चितवनको दियालो बंगलाबाट	दियालो बंगला ड्युटीमा रहदा	९ मि.मि. एस.एम.जि. नाल १, ऐ.को म्यागिजन गोटा ६ ऐ.को राउण्ड १९२ र प्लाष्टिक ह्याण्ड गृनेड गोटा १
कालीजंग गण	१६१४६०	सि	खडक सिंह कार्की, खण्डेश्वरी २ दार्चुला	धनविर कार्की	तिल्बकार्की	२०६१ माघ ९ गते	बझाङ्ग	एल.पि. बसेको समयमा	९ मि.मि. ब्राउनिङ्ग पेस्तोल नाल १ र ऐ.को म्यागिजन गोटा १
			रामजाली मगर वेतानी-९ सुर्खेत	बहादुर रामजाली मगर	मान सिंह रामजाली मगर	२०६० मंसीर १८	मार्तडी व्यारेक, बाजुरा	व्यारेको दक्षिण पश्चिममा रहेको पावर हाउ एल.पि.डिउटीमाखट्टिएको बखत	M16A2 राईफल नाल १ ऐ.का. म्यागिजन ५, ऐ.को. बालराउण्ड ४५० र प्लाष्टिक ह्याण्ड गुनेड २
भवानीबक्स गण	१९१३२६	सि.	गणेश बहादुर शाही लहं-८, जाजरकोट	बल बहादुर शाही	पहलमान शाही	२०६० चैत्र २५	कांडाचौर व्यारेक दैलेख,	रातको समयमाअर्को व्यक्तिको हतियार लिई आफुखुसीभगयर	M16A2 राईफल नाल १ ऐ.का. म्यागिजन ५, ऐ.को. बालराउण्ड ७५० र प्लाष्टिक ह्याण्ड गुनेड २
शिवदल गण	१०७०३१८	सि.	नरेन्द्र बहादुर के.सी. गोगनपानी ५, दैलेख	नन्दराम भाट (के.सी.)	लिलाराम के.सी. (भाट)	२०६१ असार १७	पेरिमिटर डिउटीपोष्ट	ईन्सास राइफल नाल १ ऐ.को म्यागिजन ५ र ऐ.को राउण्ड ३००	
तारादल गण	२०१८३६	सि	सिंह बहादु शाही सुकाटिया ४ कालिकोट	मानबहादुर शाही	बल बहादुर शाही	२०६१ मंसीर ८	चरौदी धादिङ्ग	धादिङ्ग जिल्ला स्थित चरौदीमा अपरेशन जाने क्रममा भयगर परेको	५.५६ मि.मि. ईन्सास राईफल नाल १, ऐ.को म्यागिजन गोटा ३, र ऐ.को राउण्ड ६०

द्वन्द्वकालमा शाही नेपाली सेनाबाट भागेर माओवादीमा समाहित सिपाहीको सूची । यो डकुमेन्ट हामीले नेपाली सेनाको उच्च स्रोतबाट हात पारेका हौँ ।

खोज्दा यो समस्याको उपचार छैन । किनभने यससम्बन्धी कुनै कानुनै छैन । माओवादीले तत्कालीन शाही नेपाली सेनाका बाबुआमा,

(ज) कैदी बनेको शत्रुसँग राजीखुसीले मिलेर काम गरे वा शत्रुलाई सहयोग गरेमा,

(झ) युद्धबन्दी भई नरहेको कुनै शत्रुलाई जानीजानी आश्रय दिएमा वा रक्षा गरेमा...

त्यसैको धारा ४२ मा भगौडासम्बन्धी कसुर- (१) देहायको कुनै कार्य गरेमा भगौडासम्बन्धी कसुर गरेको मानिनेछ :

(क) जंगी कारबाहीको आदेश जारी भएपछि वा त्यस्तो कारबाही सुरु भएपछि सेवा छाडी भागेमा,

(ख) खण्ड (क) मा लेखिएबाहेक अन्य अवस्थामा सेवा छाडी भागेमा,

(ग) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छाडी भागेकामा निजलाई जानीजानी शरण दिएमा,

(घ) भगौडा भन्ने थाहा हुँदाहुँदै निजलाई फाइदा, मद्दत वा सहयोग पुऱ्याउने कार्य गरेमा,

(ङ) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छाडी भागेको वा भाग्न लागेको जानकारी भएर पनि आफ्नो वा अरू कुनै माथिल्लो अधिकृतलाई तुरुन्त सूचना नदिएमा वा पक्राउ गर्नुपर्ने आफ्नो अख्तियारबमोजिम पक्राउ नगरेमा,

(च) भगौडालाई तदारुकतासाथ खोजी गरी पक्राउ नगरेमा,

(छ) भगौडा भन्ने थाहा हुँदाहुँदै पनि आवश्यक कारबाही नगरेमा,

(ज) ब्यारेक, क्याम्प वा क्वार्टर छाडी भागेमा,..

सैनिक प्रवक्ता पाण्डेका भनाइमा शत्रुसम्बन्धी कसुरसमेतमा फैसला भए सर्वस्वसहित जन्म कैद हुन्छ । भगत र शाहीलाई शत्रुसम्बन्धी कसुरसमेतको फैसला भएकाले सर्वस्वसहित जन्म कैद तोकिएको हो । जबकि जसलाई विगतमा तत्कालीन शाही नेपाली सेनाले ‘शत्रु करार’ गरेको थियो, उनीहरूलाई नै सल्युट ठोकिरहेको छ । तर उनीहरूकै उक्साहटमा त्यहाँ पुगेकालाई भने सर्वस्वसहित जन्म कैद गर्दा प्रश्न उठ्न गएका छन् । स्मरण रहोस्, पछिल्लो पटक सैनिक ऐन, ०६३ मा जारी भएको हो । माओवादी लडाकू सैनिक ऐन लागू हुनुपूर्व नै शिविरमा बस्न थालिसकेका थिए ।



नेपाली सेनाबाट हतियार सहित भगौडा भएका व्यक्तिहरु उपर भएका सैनिक अदालतबाट भएका कारबाहीको संक्षिप्त बिवरण

सि.नं.	युनिट	व्य.नं.	दर्जा	नामथर	कसुरको बिवरण	फैसलाका संक्षिप्त व्यहोरा	फैसला सदर मिति
१	श्री कालि बहादुर गण	१९३००९	सि.	विक्रम बहादुर गुरुङ	हातहतियार तथा गोलीगठ्ठा सहित भगौडा परी तत्कालिन माओवादीलाई लगी बुझाएको	निज मिति २०६३/०४/३० गते हातहतियार र गोलीगठ्ठा सहित भगौडा भई तत्कालिन विद्रोहीसंग मिलन गएको सम्बन्धमा मिति २०७५/०४/०७ गतेबाट लागु हुने गरी १० बर्ष कैद गर्ने, भगौडा भएको मितिबाट लागु हुने गरी भविस्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने र निजले हिनामिना गरेको बाल राउण्ड गोटा ४५० को मुल्य यु.एस. डलर १८० निजबाट असुल उपर गरी राजश्व दाखिला गर्ने ।	२०७६/०४/०९
२	श्री तारादल गण	२०१८३६	सि	सिंह बहादुर शाही	शत्रु सम्बन्धी कसूर समेत	निज मिति २०६१/०९/१८ गते ईन्सास राईफल नाल १, ऐ. को म्यागिजन र राउण्डहरु सहित भगौडा भई तत्कालिन विद्रोहीसंग मिलन गएको सम्बन्धमा मिति २०७५/०१/०९ गतेबाट लागु हुने गरी सर्वस्व सहित जन्म कैद गर्ने, भगौडा भएको मितिबाट लागु हुने गरी भविस्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने र निजले हिनामिना गरेको म्यागिजन र राउण्डहरुको मुल्य रु.२०१८।८८ निजबाट असूल उपर गरी राजश्व दाखिला गर्ने ।	२०७५/०१/२१
३	श्री बिष्णुदल गण	२१११२१	सि	झल कुमार भगत	शत्रु सम्बन्धी कसूर समेत	निज मिति २०६२/०४/०८ गते ईन्सास राईफल नाल १, ऐ. को म्यागिजन र राउण्डहरु सहित भगौडा भई तत्कालिन विद्रोहीसंग मिलन गएको सम्बन्धमा मिति २०७४/०९/१३ गतेबाट लागु हुने गरी सर्वस्व सहित जन्म कैद गर्ने, भगौडा भएको मितिबाट लागु हुने गरी भविस्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।	२०७४/०९/१७

माओवादीमा समाहित ३ सिपाहीलाई सैनिक समरी जनरल अदालतले गरेको फैसला

श्रीमती, छोराछोरीलाई भौतिक वा मानसिक यातना दिएर जागिर छाड्न वा आफ्नो समूहमा प्रवेश गराएका थिए। "माओवादीमा न तलब, न भत्ता, न त अरू कुनै सेवा-सुविधा थियो। शाही सेनामा जागिर खाइरहेका व्यक्ति स्वैच्छाले गएको मलाई जानकारी छैन," शर्माको कथन छ, "यसरी जानेलाई माओवादीले त्यसबेला फूलमाला नै लगाइदिएका भए पनि उनीहरूले आफ्नो प्रचारका लागि त्यसो गरे होलान्। जानेहरूले खुसी भएर लगाएका होइनन् जस्तो लाग्छ।" मौजुदा ऐनअनुसार सेनाले उनीहरूलाई कारबाही गर्नुको विकल्प छैन। किनभने ऐनमा यस्तो कुरा पहिले पनि थियो, अहिले पनि छ। त्यसबेला ऐन बनाउँदा नेताहरूले नै दूरदर्शिता अपनाउनुपर्थ्यो। ऐनअनुसार शत्रु पक्षसँग मिलेर आफ्नै संगठन तथा सहकर्मीको सुराकी, हत्या, क्षति पुर्‍याउनेभन्दा ठूलो अपराध कोही हुँदैन। यसर्थ, त्यसब ला ऊ तत्कालीन शाही नेपाली सेनाका लागि माओवादीभन्दा ठूलो शत्रु हो। त्यसैले सेनाले कारबाही गर्नैपर्छ। कारबाही नगर्ने हो भने सेना नै दोषी ठहरिन्छ। पूर्वरथी शर्मा थप्छन्, "विशिष्ट परिस्थिति भएकाले त्यसबाट निकास निकाल्न चाहने हो भने अर्को ऐन ल्याएर यसबेलाको ऐनलाई विस्थापित गर्नुपर्छ।"

●●

नेपाली सेनाका प्रवक्ता सहायक रथी पाण्डले सुरुमा ३ जना सैनिक मात्र माओवादी विद्रोहमा संलग्न रहेको विवरण आफूसँग भएको बताएका थिए। तर सैन्य मुख्यालय स्रोतबाट प्राप्त विवरण रुजु गरिहेर्दा पाण्डे स्वयंका शब्दमा 'पत्याई नसक्नु विवरण' फेला पर्‍यो। प्रवक्ता पाण्डेले दिएको विवरणअनुसार ०५८-०६२ को अवधिमा शाही सेनाबाट ५८ जना अधिकृत, ४४ जना पदिक, १४ हजार ३ सय २७ जना सिपाही र ५ सय ३१ जना पिपा गरी १४ हजार ९ सय ६० जना भागेका थिए। ०५८ मा ६ सय ८२, ०५९ मा २ हजार १ सय १३, ०६० मा २ हजार ७ सय ८९, ०६१ मा ४ हजार ६ सय ५ जना र ०६२ सालमा ४ हजार १ सय ३८ जना शाही नेपाली सेना ब्यारेकबाट भागेका थिए। तर यो विवरण आफैँलाई विश्वास नलागेको पाण्डे बताउँछन्। भन्छन्, "यति धेरै भागे होलान् भन्ने विश्वास मलाई नै लाग्दैन।"

यद्यपि सैनिक जागिर परित्याग गरेकाहरू सबै माओवादी विद्रोहमा पक्कै सहभागी भएनन्। यसमध्ये ठूलो संख्या विदेश गए। कोही चुपचाप घरमै बसे। कोही सहर-बजारतिरै अर्कै पेसा, व्यवसाय गर्न थाले। सेनाबाट विद्रोह गरेमध्ये सानो संख्या मात्र माओवादी द्वन्द्वमा सहभागी भएको पूर्वलडाकूका एक कमान्डर बताउँछन्। सैन्य मुख्यालय स्रोतबाट प्राप्त विवरणअनुसार १० सैनिक द्वन्द्वकालमा 'हतियार तथा एम्युनिसन' लिई माओवादी विद्रोहीसँग मिल्न पुगेका थिए। तीमध्ये गुरुङ, भगतबाहेक अर्का एक सिपाहीलाई पनि सेनाले सर्वस्वसहित जन्म कैद गरेको छ। उनी हुन्, कालीकोट सुकाटिया-४ का सिंहबहादुर शाही।

शाही त्यसबेला धादिङको चरौदीमा रहेको श्री तारादल गुल्मबाट ८ मंसिर ०६१ मा ५.५६ मिमि इन्सास राइफल, त्यसको म्यागिजन ३ वटा र ६० राउन्ड गोलीसहित माओवादी लडाकूको सम्पर्कमा पुगेका थिए। ९ वैशाख ०७५ बाट लागू हुने गरी सैनिक समरी जनरल अदालतले उनलाई २१ वैशाख ०७५ मा 'सर्वस्वसहित जन्म कैद' र उनले 'हिनामिना गरेको म्यागिजन र राउन्डको मूल्य रु २०१८.८८ असुलउपर गरी राजस्व दाखिला गर्ने' फैसला गरेको छ।

द्वन्द्वकालमा सबभन्दा पहिले आधुनिक हतियारसहित माओवादी सम्पर्कमा पुग्ने पहिलो शाही नेपाली सेना हुन्, डडेल्धुरा मष्टामान्डौं-७ का इन्द्रबहादुर कठायत। चितवनको दियालो बंगलास्थित फस्ट राइफल गणमा ड्युटीमा रहेका बेला १९ असोज ०६० मा कठायत ९ मिमि एसएमजी एक नाल, म्यागिजन ६ वटा, त्यसमा लाग्ने १ सय ९२ राउन्ड गोली र १ वटा प्लास्टिक ह्यान्ड ग्रिनेट लिएर लडाकूको सम्पर्कमा पुगेका थिए। त्यसको ठीक २ महिनापछि १९ मंसिर ०६० मा सुर्खेत बेतानी-९ का ज्वाला दल गणमा कार्यरत सिपाही लालबहादुर रामजाली मगर बाजुराको मार्तडीमा रहेको ब्यारेकबाट M16A2 राइफल, ५ वटा म्यागिजन, ४ सय ५० राउन्ड गोली र २ वटा प्लास्टिक ह्यान्ड ग्रिनेटसहित माओवादीमा समाहित भएका थिए। मगर आफ्नो लडाकू दस्तामा सहभागी भएको घटनालाई माओवादीले त्यसबेला निकै जोडतोडसाथ प्रचार गरेको थियो। M16A2 राइफल लिएर माओवादी सम्पर्कमा पुग्ने पहिलो पात्र उनै मगर थिए। हाल उनीहरू कहाँ, कस्तो अवस्थामा छन्, माओवादी शीर्ष नेताहरू नै बेखबर छन्।

०६३ को अन्त्यमा *नेपाल* प्रतिनिधिले सैन्य हेडक्वार्टरबाटै प्राप्त गरेको विवरणअनुसार शाही नेपाली सेना र युनिफाइड प्रहरी जवान गरी १९ सिपाही हतियार तथा बन्दोबस्तीका सामानसहित माओवादी द्वन्द्वमा सहभागी हुन पुगेका थिए। सैनिक स्रोतबाटै प्राप्त अर्को विवरणअनुसार द्वन्द्वकालको दौरानमा विभिन्न सैनिक अदालतबाट विभिन्न कसुरको अभियोगमा अधिकृत ९३, पदिक १ सय ३० र अन्य दर्जा २ सय ३५ गरी ४ सय ५८ जना कारबाहीमा परेका थिए। सैन्य मुख्यालयमै एकै विवरण नहुनुले उनीहरूको अभिलेखसमेत व्यवस्थित नरहेको देखिन्छ। ने

BAJAJ
BAJAJ
15 YEARS OF
LEADERSHIP
BAJAJ
भविष्यवाणी
किन्नु अगाडि जित्नुहोस्
किनेपछि जित्नुहोस्
१ लाख
५० हजार
३० हजार
१० हजार
१ लाख
५० हजार
३० हजार
१० हजार
॥ अब कति जितिन्छ
पहिल्यै देखिन्छ ॥
यो दशैं तिहारमा बजाज बाइक किन्नु अघि नै जित्नुहोस् रू.१,००,०००/-* सम्म ADVANCE CASH र किनेपछि फेरि रू.१,००,०००/-* सम्मको CASH PRIZE
* शर्तहरू लागू हुनेछन् ।
DOMINAR 400 Rs. 5,29,900/-
pulsar 200NS Rs. 3,19,900/-
pulsar NS160 Rs. 2,86,900/-
pulsar 220F DTS-i Rs. 3,14,900/-
pulsar 180 DTS-i Rs. 2,79,900/-
pulsar 150 DTS-i DTS-I TD Rs. 2,64,900/- DTS-I Rs. 2,53,900/-
AVENGER CRUISE 220 Rs. 3,39,900/-
AVENGER STREET 220 Rs. 3,19,900/- 180 Rs. 2,99,900/-
Discover 125 ST Rs.202,900/- DISC Rs.1,92,900/- DRUM Rs.1,85,900/-
PLATINA ES Rs. 1,64,900/-
SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np
www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555
STATE 1: Ilam 520906, Birtamod 540724, Damak 582109, Pathari 556082, Itahari 585442, Biratnagar 526242, Inaruwa 561657, Dharan 533996, Khandbari 560499, Urlabari 541876, Biratchowk 545383, Gaighat 420966, Katari 450207, Diktel 9852849404, Duhabi 9805324834, Phidim 9851230099 | STATE 2: Rajbiraj 523545, Lahan 560987, Mirchaiya 550744, Siraha 520255, Janakpur 9801667828, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Gaur 521599, Nijgadh 540079, Jitpur (Bara) 412170, Birgunj 523837, Kalaiya 551525 | STATE 3: Hetauda 522498, Parsa 583176, Narayanghat 571089, Tandi 563303, Bharatpur 526510, Kumaripati 5530187, Gongabu 4359039, Nayabaneshwor 4781946, Kalanki 4286015, Dillibazar 4435916, Baudha 4474716, Thimi 6631386, Bhaktapur 6611777, Lainchaur 4425579, Gwarko 5007553, Sukedhara 4650914, Maharajgunj 4720809, Battisputali 4465542, Banepa 660295, Charikot 421925, Balaju 4353150, Balkhu 4286377, Sitapaila 4286452, Tinkune 4117534, Nuwakot 561817, Satungal 9813687774, Dhading 521326 | STATE 4: Aabukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Dulegauda 414373, Kawasoti 540906, Syangja 9805887122, Walling 412106 | STATE 5: Butwal 437849, Bardaghat 580387, Parasi 520048, Bhairahawa 521855, Jeetpur (4No.) 550249, Chandrauta 540123, Arghakhachi 420964, Pyuthan 460755, Ghorahi 560743, Tulsipur 523402, Rampur 400480, Tamghas 520419, Nepalgunj 522751, Guleriya 420375, Kohalpur 540320 | STATE 6: Surkhet 521979, Jumla 520205, Jajarkot 9861227937, 9812546392 | STATE 7: Lamki 540365, Tikapur 560807, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 420116, Darchula 420300, Aatariya 550762

पैदलै समाजवादतिर ?

स्थापनाको चार दशक कटे पनि नेमकिपा खुम्चिएको खुम्चियै

सरोज बैद्य

< नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छे पार्टीको सातौँ महाधिवेशन उद्घाटनमा, ३ असोज

जनक नेपाल

एउटा शान्त कम्युनिस्ट पार्टी, जो संसद्मा विश्वास गर्छ तर सरकारमा जाँदैन। समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य लिएको पार्टीको दबाबमूलक आन्दोलन हो- 'भक्तपुर-काठमाडौं पैदल र्‍याली'।

नेपाल मजदुर किसान पार्टीले सोही पैदल र्‍यालीमार्फत समाजवादतर्फको यात्रा तय गरेको छ। बितेको ४० वर्षमा त्यस्ता पैदल र्‍याली ८ पटक भइसक्दा पार्टीको जनमत भने निर्वाचनपिच्छे खुम्चिँदै गएको छ। पार्टी केन्द्रीय सदस्य डिल्ली काफ्ले पैदल र्‍याली थुप्रै पटक निर्णायक बनेको दाबी गर्दै भन्छन्, "शान्तिपूर्ण दबाबको योभन्दा ठूलो अस्त्र अरू के हुन सक्छ ?"

नेमकिपाले संसद् प्रयोग गर्ने तर सरकारमा नजाने नीति लिएको छ। सरकारमा जाने मौका नपाएर मात्र ऊ बाहिर बसेको होइन। ०५२ देखि सुरु विकृत संसदीय अभ्यासमा एक सिटे पार्टीका थुप्रै नेता मन्त्री भएका छन्, सरकार गठन र विघटनका सारथि बनेका छन्। त्यो विकृतिबाट जोगिएको नेमकिपाले गाउँका संगठन जोगाउन भने सकेन। कुनै बेला कर्णाली तथा भेरी, चितवन, बारा र पर्सामा राम्रै संगठन रहेको यो पार्टी अहिले खुम्चिएर भक्तपुर केन्द्रित हुन पुगेको छ। ०४८ यताका ६ निर्वाचनमा नेमकिपाको साख भक्तपुर-१ मा मात्रै जोगिएको छ।

०५१ को मध्यावधि निर्वाचनमा नेमकिपा भक्तपुरका दुवै क्षेत्र र दैलेख तथा जुम्लामा विजयी भएको थियो। तर जुम्लाका सांसद भक्तबहादुर रोकाय कांग्रेस र दैलेखका विनोद शाह एमाले प्रवेश गरे। शाहले आफूसँगै १४ सदस्यीय जिल्ला कमिटीका १२ सदस्य लगेका थिए। १० साउन ०५२ मा एमाले तत्कालीन महासचिव माधवकुमार नेपाल दैलेख पुगेरै सिंगो नेमकिपालाई भित्र्याएका थिए। जुम्लामा अर्का नेता डिल्ली महतको नेतृत्वमा उसैगरी नेमकिपाका नेता-कार्यकर्ता एमाले प्रवेश गरे। त्यसयता नेमकिपाले आफ्नो संगठनात्मक सामर्थ्य सम्हाल्न सकेको छैन। "भेरी-कर्णालीमा कम्युनिस्ट भनेकै नेमकिपा



थियो । माले र मसालको उपस्थिति झिनो मात्र थियो," अहिले नेकपामा रहेका पूर्वसांसद शाह भन्छन्, "नेतृत्वले संगठन गर्न नजान्दा भेरी-कर्णालीमा नेमकिपा सकिएको हो ।"

नेमकिपा पश्चिमसम्म विस्तारको कारण पनि रोचकै छ । अध्यक्ष नारायणमान बिजुक्छे भारत दरभंगामा निर्वासित थिए । त्यही बसेर आईएस्सी गरेका कालीकोटका प्रेमबहादुर सिंह बिजुक्छेबाट प्रभावित भए । पार्टी बिस्तारको जिम्मेवारी लिएर आएका सिंहले नै कालीकोट, दैलेख र जुम्लामा संगठन बनाएको बताइन्छ । पार्टीको मुखपत्र *जनताको साहित्य* पढेर पनि धेरै युवा नेमकिपातर्फ आकर्षित भएको पुराना नेताहरू स्मरण गर्छन् । भेरी-कर्णालीको संगठन नेतृत्वले भन्दा परिवर्तनका पक्षपाती युवाको मिहिनेतले स्थापित भएको दाबी गर्नेहरू पनि छन् । पछि जुम्लामा क्याम्पस खुलेपछि त्यहाँ पढाउन गएका भक्तपुरे शिक्षकसँगै पढेर युवाले गाउँगाउँसम्म नेमकिपाको संगठन बिस्तार गरेको केन्द्रीय सदस्य काफ्ले बताउँछन् । ०३३/३४ देखि सुरु नेमकिपा संगठन बिस्तार ०५१ सालसम्म आइपुग्दा झाँगिइसकेको थियो ।

संसदीय मोर्चा प्रयोग गर्नुपर्छ भन्ने पहिलो कम्युनिस्ट पार्टी नेमकिपा नै थियो । पञ्चायतमै जनपक्षीय उम्मेदवारका रूपमा धेरै नेताहरू प्रधानपञ्च र राष्ट्रिय पञ्चायत पुगे । पूर्वमन्त्री प्रेमबहादुर सिंह प्रधानपञ्च हुँदै राष्ट्रिय राजनीतिमा आएका हुन् । तर पार्टी निर्देशनअनुरूप नचलेको भन्दै बिजुक्छेसँग उनको मतभिन्नता भयो । ०४६ को परिवर्तनपछि उनी पनि नेमकिपामा अटाएनन्, एमाले प्रवेश गरे । बिजुक्छेले पार्टी बैठकहरूमा बारम्बार कम्युनिस्टहरू आफ्नै लाइनमा आएको भन्दै गर्व पनि गर्ने गरेका छन् । तर संसदीय मोर्चालाई प्रभावकारी बनाउने सन्दर्भमा भने नेमकिपा चुक्दै गयो । "नेतृत्व निकै साँघुरो भयो । बदलिँदो राजनीतिक परिवेशमा प्रतिस्पर्धा गर्न नसकेपछि आफैं खिइँदै गएको हो," पूर्वसांसद शाह भन्छन् ।

केन्द्रीय सदस्य काफ्ले भने राजनीतिक कार्यकर्ता पुँजीवाद र अवसरवादको भुलभुलैयामा परेर ठूला पार्टीको पछि लागेको दाबी गर्छन् । "जनताको पक्षमा काम गर्नेहरू विचलित हुनु पर्दैन," उनी भन्छन्, "ढिलोचाँडो भ्रम टुट्नेछ र जनताका पार्टीले जित्नेछन् ।" सिद्धान्तबाट पतन भएर अवसरवाद र संशोधनवादपछि कुद्नुभन्दा जनतालाई सँगै लिएर समाजवादतर्फ लम्किनु उत्तम हुने उनको तर्क छ । त्यसका लागि समाजवादी प्रचार अभियान अघि सारिएको काफ्ले बताउँछन् ।

विश्लेषक श्याम श्रेष्ठ सिद्धान्त, विचार र रणनीति विद्यमान अरू पार्टीभन्दा भिन्न देखिए पनि गतिशील सोच र नेतृत्व नहुँदा नेमकिपा खिइँदै गएको बताउँछन् । "अरूसँग मिल्दोजुल्दो पार्टी भए एकता गरे पनि हुने हो । बाटो फरक देखिन्छ," उनी भन्छन्, "साना पार्टीबाट पार लाग्दैन भनेरै समर्थक, शुभचिन्तक ठूला पार्टीका पछि लागे ।"

नेकपाजस्ता ठूला पार्टीले औद्योगिक क्रान्ति, भूमिसुधार, असमान सन्धि खारेजी, गरिखाने वर्गको उत्थान नगर्दासम्म मुद्दा जीवितै रहन्छन् र नाराकै लागि भए पनि साना पार्टी अस्तित्वमा रहने श्रेष्ठ बताउँछन् । "परिवर्तनका मुद्दा ठूला पार्टीले बोक्ने र सत्तामा पुगेका बेला समाधान गरिदिए साना पार्टीको उपादेयता नै समाप्त हुने थियो," उनी भन्छन्, "नेमकिपाजस्ता पार्टीको अस्तित्व जोगाइराख्न ठूला पार्टीकै भूमिका छ ।"

नेमकिपाको सातौं महाधिवेशन (३-५ असोज) को उद्घाटन ऱ्याली तथा मन्तव्यमा नेताहरूले राष्ट्रियभन्दा अन्तर्राष्ट्रिय सन्दर्भको ज्यादा चर्चा गरे । त्यसले पनि उसको ध्यान घरेलुभन्दा अन्तर्राष्ट्रिय राजनीतिमा केन्द्रित रहेको देखिन्छ । नेमकिपा स्थापनाकै मूल कारण अन्तर्राष्ट्रिय मामिलामा उत्पन्न विवादबाट भएको थियो । महासचिव पुष्पलाल श्रेष्ठसँग तत्कालीन पूर्वी पाकिस्तान (बंगलादेश) माथि भारतको हस्तक्षेपलाई हेर्ने दृष्टिकोणमा मतभेद भएपछि बिजुक्छेले अलगिएर १० माघ ०३१ मा नेमकिपा गठन गरेका थिए ।

नेमकिपाले मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारालाई राजनीतिक सिद्धान्त मान्दै आएको छ । ४८ जिल्लाका प्रतिनिधि सहभागी महाधिवेशन उद्घाटनसम्म ४५ वर्षदेखि नेतृत्व सम्हालिरहेका ८० वर्षीय बिजुक्छेबाट नेतृत्व हस्तान्तरणको संकेत देखिएको छैन । "अध्यक्षले केही भन्नुभएको छैन । महाधिवेशनले पार्टीको कार्यदिशा र रणनीतिसँगै नेतृत्व पनि चयन गर्नेछ," सचिव प्रेम सुवाल भन्छन् ।

राजनीतिशास्त्रका प्राध्यापक मीना वैद्य मल्ल आम नागरिकमा भरोसा दिलाउन नसक्दा नेमकिपाजस्ता साना पार्टीहरू खुम्चिँदै गएको टिप्पणी गर्छिन् । "साना पार्टी सानै भएर बस्नुपर्छ भन्ने छैन," उनी भन्छिन्, "दशकौंसम्म पार्टी उत्रै भइरह्यो भने बुझ्नुपर्छ, त्यसको नेतृत्व र सिद्धान्तप्रति जनताले भरोसा गरेनन् ।" पार्टीहरू समयानुसार 'अपडेट' हुँदै नजाँदा मतदाताको आकर्षण घट्ने उल्लेख गर्दै उनी लोकतन्त्रमा पार्टीबाट जनताले सेवा प्रवाहको अपेक्षा राख्ने र त्यो दिन नसक्ने दल जनताको रोजाइमा नपर्ने बताउँछिन् । ■



सुकुलगुन्डे अर्थतन्त्र

अर्थतन्त्रको आकार बढे पनि गतिहीन

यम बम

घर बाहिर टाई-सुट लगाएर हिँड्ने तर भित्र सुकुलमा सुत्नुपर्ने बाध्यताको विम्ब देखिन्छ, मुलुकको अर्थतन्त्रमा । अर्थतन्त्रको आकार ३४ खर्ब ६४ अर्ब पुगे पनि रेमिट्यान्स र आयातमै निर्भर छ ।

सत्तासीन दललाई आफूले राम्रो गरेकैले आर्थिक वृद्धि ७.१ प्रतिशत पुग्यो भनेर जस लिने माध्यम पनि बनेको छ । अर्थमन्त्री युवराज खतिवडा पनि भाषणैपिच्छे जस लिन छुटाउँदैनन् । तर व्यापार घाटा, बढ्दो आयात, विस्तारित चालू खाता घाटा, प्रत्यक्ष वैदेशिक लगानीमा कमी, सुस्त पूर्वाधार विकासको हविगत यथार्थ बनिरहेको छ । यद्यपि उक्त वृद्धि उत्पादकको मूल्यमा आधारित हो, जुन प्रक्षेपित छ । आधारभूत मूल्यमा आधारित ६.८ प्रतिशत छ ।

पूर्वअर्थमन्त्री रामशरण महत आर्थिक वृद्धि परिसूचकमा भर पर्ने हुँदा अनुमान गर्नु स्वाभाविक भए पनि यतिउति प्रतिशत भनेर सरकारले 'दबाब' दिन खोजेकाले गणनामै शंका गर्ने ठाउँ देख्छन् । आधारभूतभन्दा उत्पादकको मूल्यमा आधारितलाई जीडीपी भनेर प्रचार गरिएको उनी बताउँछन् ।

रेमिट्यान्सका कारण आर्थिक परिसूचकमा देखिने सकारात्मक संकेतलाई अर्थतन्त्रको सबलता मानिँदैन । त्यसका लागि उत्पादन, निर्यात र रोजगारी बढ्नुपर्छ । अहिलेको अवस्थालाई कतिपय अर्थविद् अर्थतन्त्र मोटाएको नभई सुन्निएको मान्छन् । पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनी भन्छन्, "हामी सुन्निएको शरीरलाई मोटाएको भनेर दंग परिरहेका हुन्छौं । पेट धेरै फुल्यो भने के हुन्छ ? हाम्रो अर्थतन्त्र पनि त्यस्तै भएको छ । बाहिर डेन्टिडपेन्टिड पारेर चिटिक्क पारिएजस्तो ।"

आर्थिक वृद्धिदर लगातार ३ वर्ष ६ प्रतिशतभन्दा माथि हुनु सुखद पक्ष हो । तर दिगोपनमा शंका गर्ने ठाउँ देख्छन्, अर्थशास्त्रीहरू । पूर्वअर्थमन्त्री महत भन्छन्, "आर्थिक वृद्धिदर अहिलेको सरकारको नीति तथा कार्यक्रमका कारण बढेको होइन । भूकम्पपछिको पुनर्निर्माण र विद्युत् आपूर्तिमा सुधार भई उद्योग नियमित चल्न थालेपछि बढेको हो ।" आर्थिक वृद्धिदर दिगो बनाउन उत्पादन बढाउनुपर्ने र विकासलाई तीव्रता दिएर रोजगारी सिर्जनाको विकल्प देख्दैनन्,

उनी। आव ०७३/७४ मा ७.७ प्रतिशत रहेको आर्थिक वृद्धि ०७४/७५ ६.३ मा कायम भएको थियो । आव ०७६/७७ मा ८.५ प्रतिशत पुर्‍याउने लक्ष्य सरकारको छ।

पूर्वअर्थमन्त्रीसमेत रहेका नेकपाका महासचिव विष्णु पौडेल महतको तर्कसँग सहमत छैनन्। भन्छन्, "सरकारका राम्रा नीति तथा कार्यक्रम र प्रभावकारी कार्यान्वयनको परिणामस्वरूप आर्थिक वृद्धिदर उच्च भएको हो। पुनर्निर्माण पूरा गर्ने अभिभारा नै हो।"

अर्थमन्त्री खतिवडाले १६ चैत ०७४ मा मुलुकको आर्थिक स्थितिलाई श्वेतपत्रमार्फत सार्वजनिक गर्दै राष्ट्रिय ढुकुटी रित्तो रहेको उल्लेख गरेका थिए। अहिले भने उनी सबै ठीकठाक देख्छन्। बरु हालै एक सार्वजनिक कार्यक्रममा भनिदिए, 'बजेट भाषणपछि म २-३ महिना खुला कार्यक्रममा आइनँ। त्यो अवधिमा चामल बेच्नेहरू आएनन् भनेर पीठो बिक्रेताले हैरान पारे । चामल बेच्नेहरू त कामै नलाग्ने हुन थालियो। चामल बेच्नुपर्ने रहेछ भनेर म यहाँ आएको हुँ।' प्रधानमन्त्री केपी ओलीले २२ पुस ०७५ मा संसद्‌लाई सम्बोधन गर्दा मौजुदा आर्थिक परिसूचकमा बढ्याइँ गरेका थिए।

अर्थमन्त्री खतिवडाले चामल बेच्ने प्रसंग चलाइरहँदा जीडीपीको तुलनामा विकास खर्च घट्दो क्रममा छ, प्रत्यक्ष वैदेशिक लगानीमा पनि गिरावट आएको छ। आयातले बुर्कुसी मारिरहेको छ। आव ०७५/७६ मा १३ खर्ब १५ अर्बको बजेट रहेकामा १० खर्ब ३१ अर्ब मात्र खर्च भयो।

विकास बजेटको खर्च अवस्था झन् नाजुक छ। कतिसम्म भने प्रदेश सरकारहरूले त विकास बजेटबाट गाडी किनेर प्रगति देखाउनसम्म भ्याए। गत वर्ष संघ र प्रदेश सरकारले ७ अर्ब ५७ करोडको त गाडी नै किने। महत आफू अर्थमन्त्री छँदा ९७ प्रतिशतसम्म विकास बजेट खर्च भएको स्मरण गर्दै भन्छन्, "अहिलेको सरकारले ल्याएका नीतिका कारण भएको भए विकास निर्माणका काम समयमै हुनुपर्थ्यो।" १ हजार ८ सय सय योजना अलपत्र रहँदा १ खर्ब १९ अर्बको घाटा राज्यले बेहोर्नुपरेको सरकारी तथ्यांक छ।

व्यापार घाटाले बजेटको आकारलाई पछारिदियो, गत वर्ष । १३ खर्ब २१ अर्बको व्यापार घाटा छ जबकि बजेट १३ खर्ब १५ करोड रुपैयाँ। सोही कारण मुलुकको



"सरकारको नीतिका कारण आर्थिक वृद्धि भएको भए विकासका काम किन भएनन्?"

– **रामशरण महत,** पूर्वअर्थमन्त्री

शोधनान्तर स्थिति आव ०६६/६७ पछि पहिलो पटक ६७ अर्ब ४० करोडले ऋणात्मक भएको छ। मुद्रास्फीति ४.६ प्रतिशत रहेकामा चालू आवमा ६ प्रतिशतभित्र सीमित हुने अनुमान सरकारको छ, जुन चुनौतीपूर्ण हो।

दिगोपनमा आशंका

अर्थतन्त्र विस्तारअनुरूप वृद्धिदरको दिगोपनका लागि संयन्त्र पर्याप्त छैनन्। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शंकर शर्मा आर्थिक वृद्धिदर दिगो राख्न पूर्वाधारमा लगानी बढाएर रोजगारी सिर्जना गर्नुपर्ने बताउँछन्। भन्छन्, "जीडीपीमा रेमिट्यान्सको योगदान छ तर पुँजीगतभन्दा उपभोगमा खर्च भइरहेको छ, जुन दिगो हुँदैन। अब पूर्वाधार विकासमा ध्यान दिनुको विकल्प छैन।"

शर्माले भनेझैं जीडीपीको तुलनामा रेमिट्यान्स २५ प्रतिशत हाराहारी छ, जुन ८ खर्ब ७९ अर्बको। नेपाल जीवनस्तर सर्वेक्षणले पनि रेमिट्यान्सको ८० प्रतिशत अंश उपभोगमै खर्च हुने गरेको औंल्याएको थियो।

अर्थतन्त्रका तीन संरचनामध्ये कृषि मुख्य हो। जीडीपीमा कृषिको हिस्सा २७ प्रतिशत छ भने वृद्धिदर ५ प्रतिशत। गत वर्ष मौसम दाहिना हुँदा इतिहासमै सबैभन्दा बढी धान उत्पादन भयो, ६५ हजार १० हजार मेट्रिक टन । अन्य बालीको उत्पादन पनि राम्रै भयो। तर ०७४/७५ मा कृषिको वृद्धिदर २.८ प्रतिशतमा सीमित बनेको स्मरणीय छ। यस वर्ष पनि ढिलो गरी मनसुन सुरु हुनुका साथै केही क्षेत्रमा तुलनात्मक रूपमा कम पानी

भारतीय मन्दीका बाछिटा

भारतमा पछिल्लो पटक आर्थिक वृद्धि ७ प्रतिशतबाट झरेर ५ प्रतिशत कायम भएको छ। भारतसँगको व्यापार ६५ प्रतिशत रहेको अवस्थामा त्यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि पर्न सक्नेतर्फ अर्थशास्त्रीले सरकारलाई सचेत गराएका छन्। यद्यपि अर्थमन्त्री खतिवडा भनिरहेका छन्, 'भारतमा ७ बाट ५ प्रतिशत आर्थिक वृद्धि हुने भयो भन्दा नेपालमा धेरै रुवाबासी छ, त्यो किन भइरहेको छ, बुझ्न सकिरहेको छैन।'

भारतीय मन्दीको असर मुलुकभित्र हुने आयात, भारतबाट आउने पर्यटक, रेमिट्यान्सलगायतमा देखिने अर्थविद्को आकलन छ। पूर्वअर्थसचिव शान्तराज सुवेदी भारतमा देखिएको मन्दीले सकारात्मक–नकारात्मक दुवै असर पार्ने देख्छन्। भारतीय मुद्रासँग नेपाली मुद्राको विनिमय स्थिर छ, ०४९ सालदेखि।

भारतीय मुद्रा सबल हुँदा नेपाली मुद्रा पनि बलियो हुन्छ भने कमजोर हुँदा कमजोर। अहिले डलरको भाउ ११५ पुग्दा भारतीय मुद्रासँगै नेपाली मुद्रा पनि कमजोर छ। सुवेदी भन्छन्, "हामीकहाँ आयात बढी छ, डलर दिनुपर्छ। आयात गर्दा जति पैसा दिइन्छ, डलर घट्छ। डलर बढी जानासाथ त व्यापार घाटा बढ्छ। निर्यातको आधार बलियो भए हामीले फाइदा उठाउन सक्थ्यौं।" यस्तो असर सीधै नेपाली कामदारलाई पर्ने हुन्छ। भारतमा लाखौं नेपाली कामदार छन्। उनीहरूले पठाएको रेमिट्यान्सले घरपरिवारको खर्च चल्छ।

अहिले भारतमा लाखौंको रोजगारी गुमेको छ। उत्पादनमूलक उद्योगमा असर हुँदा नेपाली कामदारको माग पनि घट्न सक्ने उनी ठान्छन्। केही समयभित्र विश्वमै मन्दी आउने आकलन गर्न थालिएकाले त्यसको प्रत्यक्ष असर नेपाली अर्थतन्त्रमा पर्न सक्ने ठानिएको छ।

परेको छ, त्यसको सीधा असर उत्पादनमा पर्न सक्छ। उत्पादनमा कमी आएपछि स्वतः राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पर्छ ।

कृषिविद् कृष्णप्रसाद पौडेल मल, बीउबिजन समयमै नपाइने र आकाशे पानीको भरमा बर्खेबाली लगाउनुपर्ने बाध्यता रहेकाले उत्पादन पनि मनसुनमै भर पर्ने गरेको बताउँछन् । कृषिप्रधान मुलुक भनिए पनि भारतबाट मात्र ३२ अर्ब २२ करोडको चामल र १४ अर्ब ६१ करोडको तरकारी आयात भयो, गत वर्ष । पूर्वअर्थसचिव शान्तराज सुवेदी कृषिमा आधुनिकीकरण गरेर उत्पादन बढाउन सके त्यसले खाद्यजन्य आयात घट्ने र व्यापार घाटामा कमी आउने बताउँछन् ।

आर्थिक वृद्धिमा औद्योगिक क्षेत्रको योगदान १५.२ प्रतिशत छ। तर उत्पादनमूलक उद्योगको योगदान जम्मा ५.४९ प्रतिशत हाराहारीमा सीमित छ । सरकारले औद्योगिक विकास भनिरहेका बेला उत्पादनमूलक उद्योगलाई प्राथमिकता दिनुपर्ने हो । त्यसका लागि सहुलियत ऋण, औद्योगिक कच्चा पदार्थमा सहुलियत र लगानी वातावरण बनाउनुपर्ने हुन्छ। "कर्पोरेट र औद्योगिक क्षेत्रको विकास निश्चितबाहेक अझै भएन," पूर्वअर्थसचिव सुवेदी भन्छन्, "त्यो क्षेत्रको विकास गर्न सकिएन भने गाह्रो हुन्छ । सरकारले पनि उद्योगमा लगानी वातावरण बनाइदिनुपर्छ।"

> पेट धेरै फुल्यो भने के हुन्छ ? हाम्रो अर्थतन्त्र पनि त्यस्तै भएको छ ।
>
> – **प्रकाशचन्द्र लोहनी**, पूर्वअर्थमन्त्री



उद्योग र पूर्वाधारमा पर्याप्त वैदेशिक लगानी आउन सकेको छैन। गत वर्ष आयोजित लगानी सम्मेलनमा राखिएका ७७ मध्ये १७ वटा परियोजनामा लगानी गर्न विदेशी लगानीकर्ताले आवेदन दिएका थिए। ती परियोजनाको कुल लगानी १२ खर्ब १५ अर्ब रुपैयाँ हो । सोही वर्ष ऋण र अनुदान गरी १ खर्ब २२ अर्बको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको अर्थ मन्त्रालयको तथ्यांक छ । पूर्वअर्थमन्त्री महत सम्मेलनको प्रचार र हल्लाखल्ला मात्रै गरेर लगानी नआउने बताउँछन् । भन्छन्, "उत्पादकत्व र बजारलाई ख्याल गरेर मात्र लगानी आउँछ। त्यसका लागि पहिले सुशासन र शान्ति-सुरक्षाको प्रत्याभूति हुनुपर्छ।"

रणनीतिक महत्त्वका पूर्वाधारलाई अगाडि बढाउन सकिए यसले दीर्घकालीन रूपमा अर्थतन्त्रलाई सघाउ पुऱ्याउँछ। जस्तै, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, रेल परियोजना, बूढीगण्डकीसँगै माथिल्लो कर्णाली, पश्चिम सेतीजस्ता जलविद्युत् परियोजना यसका उदाहरण हुन्। आयोजनाको कुल लागतमध्ये ३० प्रतिशत कामदारको तलबमा खर्च हुने अर्थशास्त्रीय मान्यता छ। यसरी ५० अर्बको





जीडीपीमा क्षेत्रगत योगदान

(नोट : आव ०७५/७६ को प्रारम्भिक अनुमान हो ।)
स्रोत : केन्द्रीय तथ्यांक विभाग



आव	राजस्व	खर्च	चालू	पुँजीगत	ऋण	रेमिट्यान्स	एफडीआई
०७१/७२	४०,५८४	५३,१५५	३३,९४०	८,८८४	५४,००६	६१,७२७	४३८
०७२/७३	४८,२७५	६०,१०१	३७,१२९	१२,३२५	६२,२११	६६,५०६	५९२
०७३/७४	६०,९१८	८३,७२४	५१,८६१	२०,८७४	६९,६८८	६९,५४५	१,३५०
०७४/७५	७३२२३	१,०७,७७८	६९,६८७	२७,१२६	८९,४५३	७५,५०५	१,७५१
०७५/७६	८५,९५९	१,०९,४५८	७,१४,९८४	२३,८३५	१०,४१६८	८७,९२७	१,३०७

अंक रु करोडमा

स्रोत : अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंक

आयोजनाबाट १ वर्षमा १५ अर्ब बराबरको रोजगारी सिर्जना हुन सक्छ। १ खर्ब २१ अर्ब अनुमान रहेको निजगढ विमानस्थल निर्माण थालिने हो भने पनि ठूलो आर्थिक तरगंको अनुभूति हुन सक्छ। १ रुपैयाँ खर्च गर्दा ७ देखि ८ रुपैयाँ लगानी आउने सरकारी अनुमान छ।

विडम्बना ! काठमाडौँबासीको तिर्खा मेट्ने मेलम्ची खानेपानी आयोजनाको हविगत छँदै छ, बूढीगण्डकीजस्ता आयोजना अलपत्रझैँ छन्। गत वर्ष मात्र भारतबाट २२ अर्ब ८९ करोड बराबरको विद्युत् आयात हुँदा १२ करोड २० लाखको निर्यात भएको छ। सोही अवधिमा २ खर्ब १३ अर्ब ३६ करोडको पेट्रोलियम पदार्थ आयात भएको राष्ट्र बैंकको तथ्यांक छ। पूर्वअर्थसचिव सुवेदी भन्छन्, "जलविद्युत् आयोजनालाई 'फोकस' गर्न सकियो भने व्यापार घाटा कम गर्न सकिन्छ। बरु निर्यात गरेर अर्थतन्त्र बलियो बनाउन सघाउ पुऱ्याउँछ। रोजगारी सिर्जना त हुने नै भयो।"

योजना आयोगका पूर्वउपाध्यक्ष शर्मा अब प्रविधिमूलक क्षेत्रमा पनि लगानी बढाउनुपर्ने बेला आएको देख्छन्, जसले रोजगारी पनि सिर्जना गरोस्। आव ०७५/७६ को बजेट वक्तव्यमा ५ लाखलाई रोजगारी दिने लक्ष्य थियो। तर रोजगारीका लागि बिदेसिने नेपालीको संख्या उत्तिकै छ। तथ्यांक विभागका अनुसार मुलुकमा बेरोजगारी दर ११ प्रतिशत छ। गत आव अन्त्यतिर प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ३ अर्ब १० करोड रुपैयाँ खर्चियो। १ लाख ७६ हजारले रोजगारी पाएको दाबी सरकारले गरे पनि यथार्थमा झार उखेल्ने, नाली सफा गर्ने काम भए, एकाध क्षेत्रबाहेक।

जीडीपीमा ठूलो हिस्सा सेवा क्षेत्रको योगदान छ। बैंक, बिमा, पर्यटन, होटल व्यवसायसहित पर्ने यस परिसूचकको योगदान ५७.८ प्रतिशत छ, अर्थतन्त्रमा। सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष घोषणा गरेका बेला केन्द्रित हुनुपर्ने विषय हो, पर्यटन। अहिले विदेशी मुद्रा सञ्चिति पनि घट्दो छ। विदेशी मुद्रा आर्जनको माध्यम भनेको निर्यात, रेमिट्यान्स र विदेशी पर्यटक हुन्। राष्ट्र बैंकको तथ्यांक अनुसार १० खर्ब ३१ अर्ब विदेशी मुद्रा सञ्चिति छ। आयातमुखी अर्थतन्त्र रहेका बेला अहिले पर्यटन क्षेत्रमा लगानी गरेर बढीभन्दा बढी पर्यटक भित्र्याउन सक्नुपर्ने ठान्छन्, सुवेदी। भन्छन्, "पर्यटक भित्र्याउन सक्यौँ भने होटल व्यवसाय झन् विस्तार हुन्छ, रोजगारी बढ्छ र बिदेसिने क्रम कम हुन्छ।" ने

"सरकारका राम्रा नीति र प्रभावकारी कार्यान्वयनको परिणामस्वरूप आर्थिक वृद्धि उच्च भएको हो।

– **विष्णु पौडेल**, पूर्वअर्थमन्त्री

लक्ष्य भेट्न कठिन

०८७ सालसम्म आर्थिक वृद्धिदर दोहोरो अंक (१० प्रतिशतभन्दा माथि) कायम गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने नेपालको लक्ष्य छ। त्यसअघिको लक्ष्य हो, ०७९ सम्म अति कमविकसित मुलुकबाट विकासशील मुलुकमा रूपान्तरण हुने। सोहीअनुरूप १५ औँ पञ्चवर्षीय योजना पनि स्वीकृत भइसकेको छ।

तर ऊर्जा, सहरी पूर्वाधार, विमानस्थल, यातायातलगायत पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी बढाउन नसके लक्ष्य प्राप्ति कठिन हुने विश्व बैंकले औँल्याएको छ।

'नेपालको पूर्वाधार क्षेत्र आकलन' सम्बन्धी प्रतिवेदनमा लगानीसँगै अन्तरसम्बन्धित अल्पकालीन र दीर्घकालीन हस्तक्षेप, नीतिगत परिमार्जन तथा तयारी र प्राथमिकतासहित परियोजना कार्यान्वयनमा सार्वजनिक–निजी क्षेत्रको साझेदारीमा लगानी आकर्षित गर्नुपर्ने उल्लेख छ।

सरकारले मुलुकमा पूर्वाधार क्षेत्र प्राथमिकतामा रहेको बताइरहे पनि ठूला परियोजना अगाडि बढ्न सकेका छैनन्। पूर्वाधार क्षेत्रमा देखिएको लगानी खाडललाई सन्तुलनमा ल्याउनुपर्ने देखिन्छ। त्यसको ज्वलन्त उदाहरण हो, राष्ट्रिय गौरवका आयोजना। कतिको निर्माण सुरु भएर पनि प्रगति शून्य छ भने केहीको बल्ल डीपीआर थालिएको छ। लागत नखुल्नु, साइट क्लियर नहुनु, बजेट तय नहुनु, सुरु र सम्पन्न गर्ने योजना तय नहुनुलगायतका कारण आयोजना निर्माणमा प्रगति हुन नसकेको हो। यसको सीधा असर अर्थतन्त्रमा पर्ने गर्छ। 'सरकार जवाफदेही हुँदाहुँदै पनि सहरी क्षेत्रमा मागअनुसार अपर्याप्त पुँजीगत खर्च र खर्च गर्ने क्षमता नदेखिनु आफैँमा विरोधाभासपूर्ण छ,' विश्व बैंकको प्रतिवेदनमा भनिएको छ।

०८७ सालसम्म पूर्वाधार क्षेत्रमा करिब ४८.३४ बिलियन डलर लगानी गर्नुपर्ने अर्को अध्ययन प्रतिवेदनले औँल्याएको छ। 'नेपाल इन्फ्रास्ट्रक्चर २०३० : इन्भेस्टमेन्ट एन्ड फाइनान्सिङ निड्स' नामक अध्ययन इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस) र नेपाल उद्योग परिसंघ (सीएनआई) ले संयुक्त रूपमा गरेका हुन्।

नेपाल
राष्ट्रिय साप्ताहिक
समसामयिक विषयवस्तुको वृत्तान्त नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट
www.nepalmag.com.np
GET IT ON Google Play
Available on the App Store



अश्लील साइट प्रतिबन्ध, परिणाम शून्य

बलात्कारको जड हाम्रो सामाजिकीकरण र पितृसत्तात्मक सोच

गोकर्ण गौतम

ठ्याक्कै एक वर्ष पुग्यो, सरकारले अश्लील साइट रोकेको। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १२१ लाई आधार मानेर यौनजन्य अश्लील सामग्रीको आदान-प्रदान, प्रकाशन र प्रसारणमा बन्देज लगाएको थियो। सरकारको तर्क थियो, इन्टरनेटमा यौनजन्य सामग्रीको सहज पहुँचले बलात्कार र अन्य यौनहिंसाका लागि प्रेरित गरेकाले प्रतिबन्ध अत्यावश्यक छ। स्वतन्त्रता हनन भएको र प्रभावकारी नहुने भन्दै आलोचना भयो। तर सरकार आफ्नो निर्णयबाट पछि हटेन बरु प्रतिबन्धलाई ठूलै उपलब्धिझैँ प्रचार गरियो। एउटा तप्काले यौन अपराध शिथिल बनाउन यो कदम केही प्रतिफलमूलक हुने आशासमेत राख्यो।

तर नेपाल प्रहरीको तथ्यांकमा यौनजन्य हिंसा घट्नुको सट्टा बढेको छ। आर्थिक वर्ष ०७४/७५ मा १ हजार ४ सय ८० बलात्कार र ७ सय २७ बलात्कार प्रयासका घटना भएका थिए भने ०७५/७६ मा यो संख्या क्रमशः २ हजार २ सय ३१ र ७ सय ९२ पुगेको छ। केही दिनअघि मात्र राजधानीको मनमैजुमा दुई बालिका बलात्कार आरोपमा एक सहचालक पक्राउ परे। समाजशास्त्री महिमा सिंह भन्छिन्, "पोर्न साइटको बन्देजले बलात्कार रोकिँदैन। बलात्कारको जड हाम्रो सामाजिकीकरण र पितृसत्तात्मक सोच हो, अश्लील सामग्री होइनन्।" सन्तान हुर्काइ पद्धतिमा छोराछोरी समान हुन्छन् भन्ने सचेतना अभिवृद्धि नगरी अश्लील सामग्रीमाथि प्रतिबन्ध उपयोगी नहुने सिंहको दाबी छ।

हाल चार लाखभन्दा बढी अश्लील साइट बन्द गरिएको छ। सरकारले दूरसञ्चार प्राधिकरणमार्फत सञ्चार सेवाप्रदायक, इन्टरनेट सेवाप्रदायक (आईएसपी) र सामाजिक सञ्जालका सञ्चालकलाई अश्लील सामग्री र वेबसाइट प्रतिबन्ध गर्न निर्देशन दिएको थियो। तर यो पूर्ण प्रभावकारी हुन सकेको छैन। आईएसपी वर्ल्डलिंकका प्रमुख प्राविधिक

> बलात्कार बढाउने तत्वमध्ये यौनजन्य भिडियो पनि हुन् । त्यसैले यसको प्रचार प्रसार रोक्नैपर्छ । भोलि अवस्था सुध्रियो भने खोलौँला ।
>
> **– विश्वराज पोखरेल**
> प्रवक्ता, नेपाल प्रहरी

बलात्कार ■ बलात्कारको प्रयास

अधिकृत समित जैनका अनुसार इन्टरनेटको सामान्य ज्ञान भएकाले हेर्न सक्दैनन् तर दक्ष प्रयोगकर्ताले भीपीएन वा अन्य माध्यमबाट पहुँच राख्छन्। जैन भन्छन्, "शतप्रतिशत रोक्न त असम्भव हुन्छ। कसले, कहाँबाट, कसरी के-के चलाउँछन् भन्ने आईएसपीले हेर्न पनि मिल्दैन ।" नयाँ खुल्ने अश्लील साइट रोक्न पनि त्यत्तिकै चुनौतीपूर्ण हुन्छ ।

नेपाल प्रहरीका प्रवक्ता डीआईजी विश्वराज पोखरेल अश्लील साइट पूर्ण बन्देज हुन नसकेको स्वीकार्छन्। डाउनलोड गरेर हेर्नेहरू उत्तिकै हुन्छन् तर अहिलेकै लागि प्रतिबन्ध लगाउनुको विकल्प नभएको उनको दाबी छ। पोखरेल भन्छन्, "बलात्कार बढाउने तत्वमध्ये यौनजन्य भिडियो पनि हुन्। त्यसैले यसको प्रचारप्रसार रोक्नैपर्छ। भोलि अवस्था सुध्रियो भने खोलौँला ।" त्यसो भए बन्देजपछि किन यौन अपराधमा कमी आएन ? यसमा हाम्रो सामाजिक व्यवहार र संरचनामै खोट देखाउँछन्, पोखरेल। उनको बुझाइमा बच्चा टीनएजमा पुग्नुअगावै नैतिक शिक्षा र सद्मार्गमा हिँड्न सिकाउनुपर्छ। वयस्क भएपछि सोच परिवर्तन गराउन मुस्किल पर्छ। भन्छन्, "कानुन वा अश्लील साइट प्रतिबन्धले मात्र बलात्कार रोकिँदैन। मुख्य कुरा सानै उमेरबाट बलात्कारप्रति घृणा पैदा हुने ज्ञान र व्यवहार प्रदान गर्नुपर्छ ।"

प्रतिबन्धका अलावा यौनजन्य अपराध रोक्न सरकारी तबरबाट प्रभावकारी अभियान चालिएको देखिँदैन । न त सामाजिक र पारिवारिक स्तरमै सचेतना उकासिएको देखिन्छ। त्यसमाथि नीति-निर्माताको बुझाइ उत्तिकै हास्यास्पद छ । जस्तो, नेपाली कांग्रेसकी सांसद डिला संग्रौलाले सिनेमाका कारण समाजमा बलात्कारका घटना बढेको अभिव्यक्ति दिइन्। नेपाल चलचित्र सम्मेलनमा आयोजित 'राजनीतिको आँखामा चलचित्र' नामक प्यानलकी वक्ता संग्रौलाको चिन्ता यस्तो थियो, 'फिल्ममा राष्ट्रप्रेमभन्दा मायाप्रेम बढी भए, जसका कारण बलात्कार बढिरहेको छ ।' सवाल उठिहाल्छ, अब के सिनेमा पनि बन्देज गर्ने ? समाजशास्त्री सिंह भन्छिन्, "बलात्कारलाई गहन अध्ययन नगरी हल्का ढंगले लिनु र सम्बन्धित निकायबाट त्यस्तै व्यवहार हुनु दुर्भाग्य हो ।" ने

स्थायी उपविजेता !

हिरो कपमा भारतीय भूमिमा उसैलाई हराउन सक्नु र समूह चरणमा महिला फुटबलको एसियाली पावरहाउस इरानलाई पराजित गर्नु नेपाली महिला फुटबल टिमको सफलता

पवन आचार्य

पेमा डोल्मा लामा, नेपाली महिला फुटबल टोलीबाट पहिलो अन्तर्राष्ट्रिय गोल गर्ने खेलाडी हुन्। सन् १९९९ मा फिलिपिन्समा भएको एसियन वुमन च्याम्पियनसिपमा पेमाले उज्वेकिस्तानविरुद्ध गोल गर्दै नेपाली महिला फुटबलरको गोलको अन्तर्राष्ट्रिय खाता खोलिन्। पहिलो हाफमै ४ गोल खाइसकेको अवस्थामा पेमाले ६५ औं मिनेटमा सान्त्वना गोल फर्काउँदा नेपाली खेलाडीमा खेल जितभन्दा बढीको उत्साह भरिएको थियो । किनभने त्यसअघि सन् १९८६ र १९८९ मा खेलिएको सोही प्रतियोगितामा नेपालले गोल मात्रै खाएको थियो। उज्वेकिस्तानलाई ६-१ ले नतिजा सुम्पिए पनि नेपाली महिला टोली पहिलो अन्तर्राष्ट्रिय गोलको अनुभव बटुलेर घर फर्किएको थियो।

संयोग नै मान्नुपर्छ, २ दशकपछि उज्वेकिस्तानसँग नाडेज्डा कपको फाइनल खेल्दा उनै पेमा टोलीको व्यवस्थापकको भूमिकामा देखा परिन्। फिफा वरीयतामा नेपालभन्दा ५७ स्थान माथि रहेको उज्वेकिस्तानसँग नेपाली महिला खेलाडीले ३-२ को नतिजा निकाले। पेमा भन्छिन्, “२० वर्षअघि हामीले खेलेको उज्वेकिस्तानभन्दा निकै बलियो टोली थियो। तर ३-२ को नतिजा निकाल्न सक्नु भनेको हाम्रो स्तर पनि बढेको प्रमाण हो।” किर्गिस्तानमा भएको फाइनलमा २ गोल गरेकी सावित्रा भण्डारी प्रतियोगिताको सर्वाधिक गोलकर्ता पनि बनिन् । प्रतियोगितामा ७ गोल गरेकी सावित्राले अनु लामाको ३५ अन्तर्राष्ट्रिय गोलको कीर्तिमान बराबरी गरिन् । महिला टोलीबाट पहिलो अन्तर्राष्ट्रिय गोल गर्ने पेमा नेतृत्वको टोलीले नेपाली महिला खेलाडीले बनाएको सर्वाधिक गोलको कीर्तिमान बराबरी गर्नु पनि अर्को संयोग थियो ।

यद्यपि, यसबीचमा नेपाली महिला टोलीले खेलेको ९ वटा फाइनलमा उपविजेताभन्दा माथि उक्लिन सकेको छैन । सुरुका २३ वर्षमा मात्रै ३ वटा प्रतियोगिता खेल्ने अवसर पाएको महिला फुटबल टोली अहिले व्यस्त छ। नेपाली टोलीले यो वर्ष ५ वटा महत्त्वपूर्ण प्रतियोगिता खेलिसकेको छ। सन् २०२० मा जापानमा हुने ओलम्पिक छनोटको पहिलो र

नेपाली महिला टिम

दोस्रो चरण, हिरो कप, साफ च्याम्पियनसिप र नाडेज्डा कपमा नेपाली महिला टोलीको प्रदर्शन लोभलाग्दो छ। हिरो कपमा भारतीय भूमिमा उसैलाई हराउन सक्नु र समूह चरणमा महिला फुटबलको एसियाली पावरहाउस इरानलाई पराजित गर्नु नेपालको सफलता हो। त्यस्तै, ओलम्पिक छनोटको दोस्रो चरणमा इन्डोनेसियालाई हराएर पनि नेपाली टोलीले क्षमता प्रदर्शन गरिसकेको छ। यद्यपि स्थायी उपविजेताको कलंक मेटाउन भने बाँकी नै छ।

नेपाली टोलीका प्रशिक्षक हरि खड्का भन्छन्, "खेलाडीमा लगानी बढाउने र प्रतियोगिताको संख्या थप्ने हो भने नेपाली महिला टोलीबाट उपाधिसँगै नतिजाको आश गर्न सकिन्छ।" हुन पनि ५०-६० जनाले खेलेर मात्रै महिला फुटबल माथि जाँदैन। फुटबलको विकासका लागि देशभर हजारौँ खेलाडीले प्रतिस्पर्धा गर्ने वातावरण निर्माण हुनुपर्छ। फुटबलको स्तर वृद्धि तब मात्र सम्भव हुन्छ, जब लामो अवधिको लिग नियमित हुन्छ। नेपालको हकमा महिला लिग नाम मात्रैको छ।

खेलाडी पलायनको मार

पछिल्लो एक वर्षमा महिला फुटबलले गति लिए पनि समय सधैँ उस्तै थिएन। सशस्त्र प्रहरी बलबाट व्यावसायिक फुटबल खेल्ने र नेपाली टोलीकी कप्तान सजना राना मगरले १६ औँ राष्ट्रिय लिग छाडेर वैदेशिक रोजगारीका लागि दुबई रोजिन्। उनीसँगै अनुभवी गोलरक्षक नमिताकुमारी दली पनि पुलिसको जागिर छाडेर विदेश उडिन्। भरपर्दो गोलरक्षकको अभाव नेपाली टोलीले अहिले पनि भोगिरहेको छ। पुलिसका धेरै महिला फुटबलरले विदेश यात्रा रोजिसकेका छन्। सुधा लामा र रीना गुभाजु पनि फुटबललाई निरन्तरता दिन सकेनन्।

विवेक सुवेदी/एन्फा

अहिले समय फेरिएको छ। महिला फुटबलरले पनि अब विदेशमा व्यावसायिक फुटबल खेल्न थालेका छन्। पुरुष खेलाडीको हकमा धेरै पहिलेबाट विदेशी लिगको ढोका खुला भए पनि नेपाली महिलाले भने भर्खरै मात्रै यस्तो मौका पाउन थालेका हुन्। नेपालका सावित्रा भण्डारी र अनिता बस्नेतले भारतीय महिला लिग सेथु क्लबबाट खेले। सन् २०१७ मा अनिता मालदिभ्सको टोलीबाट खेल्न उता गएकी थिइन्।

पहिलोपल्ट अन्तर्राष्ट्रिय व्यावसायिक लिगको अनुभव बटुलेकी सावित्रा भन्छिन्, "नेपालमा व्यावसायिक फुटबलको अवस्था दयनीय छ। क्लबको कुरै छाडौं, राष्ट्रिय टोलीले अब के गर्ने भन्ने अन्योल छ। राष्ट्रिय प्रतियोगिता छैनन्। जिल्लामा महिला फुटबलर उत्पादन गर्ने कार्यक्रम छैनन्। भएका खेलाडीको क्षमताको पहिचान र मूल्यांकन पनि हुन सकेको छैन।"

अन्तर्राष्ट्रिय एक्सपोजर पाए र नियमित फुटबल खेल्ने अवस्था भए नेपाली महिला फुटबलको भविष्य राम्रै देख्छिन्, उनी। लामो समयको लिग, बेलाबेला हुने अन्तर्राष्ट्रिय सहभागिता र महिलामा लगानी बढाए नेपाली महिला फुटबलले राष्ट्रका लागि उपविजेताको मात्र नभई विजेताको पदक दिलाउने सावित्राको विश्वास छ।

लगानीबिनाका क्लब

विभागीय टोलीलाई हटाइदिने हो भने नेपाली महिला फुटबलको कल्पना पनि गर्न सकिँदैन। नेपाली राष्ट्रिय टोलीलाई मात्रै होइन, महिला फुटबलरलाई आश्रय दिने विभागीय टोली नै हुन्। सशस्त्र प्रहरी बलले ०६० सालमा महिला फुटबल क्लब स्थापना गरेर महिला खेलाडीको संरक्षण सुरु गरेको हो। त्यसको सिको अन्य दुई विभागीय टोली त्रिभुवन आर्मी र नेपाल पुलिसले पनि गरेका छन्। विभागीय

"यहाँ व्यावसायिक फुटबलको अवस्था दयनीय छ। क्लबको कुरै छाडौँ, राष्ट्रिय टोलीले अब के गर्ने भन्ने अन्योल छ।

– **सावित्रा भण्डारी**, खेलाडी

टोलीको संरचना र नियमित प्रशिक्षणले पनि महिला फुटबलमा भरथेग गरेको छ। जमुना गुरुङ र अनु लामाले सुरुआत गरेको नेपाली महिला फुटबलको विरासत अहिले सावित्राले धानिरहेकी छन्। उनी दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरका रूपमा परिचित छन्।

राष्ट्रिय टिमका सदस्यमध्ये ६ खेलाडी रौतहट चन्द्रनिगाहपुरका छन्। उनीहरू आफ्नै रहर र प्रशिक्षणबाट खेलाडी बनेका हुन्। खाली खुट्टाबाटै फुटबल खेल्न थालेकाहरूको बाहुल्य रहेको टिममा एन्फा आफैँले उत्पादन गरेको दाबी गर्न मिल्ने खेलाडी पनि छैनन्।

फुटबलको सर्वोच्च प्रशासनिक निकाय फिफा आफैँले पनि महिला फुटबलको विकासमा ठूलो लगानी गर्न थालेको छ। फिफाले फुटबललाई लैंगिक भेदभाव हटाउने माध्यमको रूपमा अघि सारेको छ। फिफा सदस्य राष्ट्रहरूले पाउने आर्थिक सहयोगमा १५ प्रतिशत रकम महिला फुटबलमा खर्च गर्नैपर्ने प्रावधान छ। तर नेपालमा अखिल नेपाल फुटबल संघ एन्फाले त्यो १५ प्रतिशत रकम पनि महिला फुटबलमा लगानी गरेको छैन। पछिल्लो वर्षको बजेटबाट महिला फुटबलमा खर्चिन नसकेको रकम फिफाले कटौती गर्ने चेतावनी एन्फालाई दिइसकेको छ। वार्षिक २०-२२ करोड रुपैयाँको बजेटमा चलिरहेको एन्फाले महिला फुटबलमा बिनालगानी नै दक्षिण एसियाली च्याम्पियन बन्ने सपना देखेको छ। ने

सन्दुक रुइत

‘मलाई एक बाकस आँखा

ताप्लेजुङको दुर्गम हिमाली भेगमा जन्मेका सन्दुक रुइतले संघर्षैसंघर्षले खारिएको आफ्नो चिकित्सा करिअरमा १ लाख २० हजारभन्दा बढी दृष्टिविहीनलाई आँखाको ज्योति प्रदान गरिसकेका छन् । विपन्न जनताप्रति समर्पित सेवाका लागि म्यागसेसे पुरस्कारलगायत विश्वप्रसिद्ध सम्मान पाइसकेका रुइतले नेपालको चिकित्सकीय संस्थापनसँग जुध्दै खडा गरेको नेपाल आँखा कार्यक्रम र तिलगंगा आँखा केन्द्र आजपर्यन्त नेपाल र यो क्षेत्रकै विख्यात संस्था/अभियान मानिएका छन्। आफ्नो असाधारण योगदानले अग्लिएका यी विरलाकोटी नेपालीमाथि पत्रकार अली ग्रिपरले *द बेयरफुट सर्जन* नामक जीवनी लेखिन्। खगेन्द्र संग्रौलाले उल्था गरेको यो जीवनी *सन्दुक रुइत*लाई फाइनप्रिन्टले चाँडै पाठकमाझ ल्याउँदै छ। प्रस्तुत अंश त्यसैको एक भाग हो। *-सम्पादक*

ा ल्याइदिन नबिर्सिनु है’

^ आँखा शल्यक्रियापछि
बिरामीहरूमाझ डा सन्दुक रुइत

सन्दुक रुइत

नेपाल आँखा अस्पतालमा फर्किएपछि सन् १९८८ सम्ममा सन्दुक रूइतले इन्ट्राअकुलर मोतियाबिन्दुको शल्य-चिकित्सालाई कतिसम्म परिमार्जन गरेका थिए भने घाउ एकदमै सानो बनाए पुग्थ्यो । टाँका मार्नु पर्दैनथ्यो । बिरामीका आँखा पनि आफैँ निको हुन्थे ।

आफैँ निको हुने यो शल्यक्रिया पुरानो तरिकाको शल्यक्रियाभन्दा कता हो कता किफायती र सुरक्षित थियो । यसमा शल्यक्रियापछि मोटो चस्मा लगाउनु पर्दैनथ्यो । आँखा अस्पताल र विश्व स्वास्थ्य संगठनको आर्थिक सहयोगमा आफैँले सञ्चालन गरेको दुर्गम क्षेत्रको पहिलो शिविरमा रूइतले आफैँ निको हुने शल्यक्रिया बिरामीहरूका लागि साँच्चि नै कति जीवनदायी हुने रहेछ भन्ने कुरा देख्न पाए । शल्यक्रिया भएको केही दिनपछि बिरामीहरू जुरुक्क उठेर उज्यालो संसार हेर्दै आफ्नै सुरले फटाफट घर जान सक्ने भए ।

रूइत यो क्रान्तिकारी विधिलाई अपनाएर काम गर्ने एक मात्र मानिस थिएनन् । तर अनेक दिन लगातार पैदल हिँडेर, घोडा चढेर वा खटखटाउँदै झङ्ल्याङझुङ्लुङ हल्लाउने थोत्रो बस चढेर यो नयाँ विधिलाई अति दुर्गम समुदायहरूकहाँ पुऱ्याउने ज्यादै ठूलो काम गर्न अरू कोही तत्पर थिएन ।

रूइत मोतियाबिन्दुको आधुनिक शल्यक्रियाको एउटा उत्कृष्ट प्रणाली विकास गर्ने कार्यको सँघारमा पुगेका थिए । यो एउटा त्यस्तो प्रणाली थियो, जसले नेपाल र सारा विकासशील विश्वको आँखा उपचार विधिलाई नै रूपान्तरित गर्न सक्थ्यो । यो काम थाल्न समय परिपक्व भएको थियो ।

तैपनि रूइतले जीवनभरकै भयंकर निराशाको सिकार हुनुपऱ्यो । वरिष्ठ डाक्टरहरूले यी नयाँ विधि अपनाउन कत्ति पनि चासो देखाएनन् । यो विषयको उठान गर्दा रूइतले प्रत्येक पटक अजंगको विरोध झेल्नुपऱ्यो । यो कठोर वास्तविकताले के कुराको संकेत गऱ्यो भने रूइतले अब नेपाल आँखा अस्पतालको पद त्यागेर आफ्नो उदात्त आकांक्षालाई साकार रूप दिन आफ्नै बाटोमा लाग्नुबाहेक अरू उपाय नहुन सक्छ ।

उनी चरम निराशाको भित्तोमा पुगे ।

अन्धोपनसम्बन्धी राष्ट्रिय सर्वेक्षणमा काम गर्दाताक रूइतले थुप्रै त्यस्ता नेपालीलाई आफ्नै आँखाले देखेका थिए, जो क्लिनिक वा अस्पतालमा गएर आधुनिक विधिले आँखाको उपचार गराउन नसक्दा दृष्टिविहीन बन्न अभिशप्त थिए । उनी यो दयनीय स्थितिमा सुधार ल्याउने काम थालिहाल्न आतुर थिए । उनले ग्रामीण भेगमा क्लिनिक खडा गर्ने कार्य सुरु गर्न इन्ट्राअकुलर लेन्स र बोकेर हिँड्न मिल्ने माइक्रोस्कोपको बन्दोबस्त मिलाउने अभियानको थालनी गरे । तर उनको बाटोमा नेपालको नोकरशाहीले पाइलैपिच्छे भयानक अवरोध खडा गऱ्यो । सरकारी अस्पतालको कनिष्ठ डाक्टरको नाताले उनको हातमा न कुनै प्राधिकार थियो, न त शक्ति नै । क्षुद्र टिप्पणी गर्दै उनका सुझावहरूलाई लत्याइयो । उनलाई के कुरा खुलस्त भयो भने आफ्नो सपनालाई साकार रूप दिन उनले सरकारी अस्पताल, त्यसभित्रको जडता र भ्रष्टाचारसँग नाता नतोडी धरै छैन । तर त्यो भयंकर काम थियो । त्यो काम एकदमै जोखिमपूर्ण थियो । त्यसो गर्ने कार्यलाई नेत्र चिकित्सा फाँटका बोसहरू देशद्रोहका दृष्टिले हेर्न सक्थे ।

सबैभन्दा ठूलो अवरोध- एउटा इन्ट्राअकुलर लेन्सलाई करिब दुई सय डलर पर्थ्यो । नेपालको कुनै गाउँलेलाई त्यति कमाउन ६ महिनाजति लाग्थ्यो । नेपालका सम्भ्रान्तहरू त आँखाको सामान्य शल्यक्रिया गराउन विमानमा सवार भई दिल्ली, बैंकक वा युरोप जान सक्थे । तर नेपालका अनुमानित ६० हजार अन्धोपन भएका गरिबका लागि भने यी प्लास्टिकका ससाना टुक्राको मोलले गर्दा आँखाको यो सामान्य शल्यक्रिया पनि आकाशको फल आँखा तरी मर् भनेजस्तै थियो ।

यी लेन्सहरू महँगा त थिए नै, अझ त्यसमाथि यिनलाई पाउन बडो कठिन थियो । रूइतको एक मात्र स्रोत भन्नु नै पश्चिमा मुलुकका मिति गुज्रिएसरहका पुराना ढाँचाका लेन्स थिए । इन्ट्राअकुलर लेन्सहरूका ढाँचा तीव्र गतिमा बदलिँदै थिए । तर विकासशील मुलुकहरूमा भने यी अझै राम्ररी काम लाग्थे । त्यसले गर्दा उत्पादकहरू यी थोत्रा लेन्स विकासशील मुलुकहरूलाई अनुदान दिन सक्थे । रूइतको कडा मिहिनेतले पश्चिमा चिकित्सकहरूकै ध्यानाकर्षण गर्न थाल्यो । ती चिकित्सक रूइतको ध्येयबाट सम्मोहित थिए । उनीहरू उनलाई मद्दत गर्न चाहन्थे । रिचर्ड लिटविनजस्ता अमेरिकी डाक्टर प्रत्येक पटक काठमाडौँ आउन लाग्दा रूइत बिन्ती बिसाउँथे, 'मलाई एक बाकस आँखा ल्याइदिन नबिर्सिनुहोला है ।'

> “अस्पताल जान बस भाडा तिर्ने औकात नभएका मानिसहरूलाई यो संसार देख्न पाउने हक छैन ? ती हामीकहाँ आउन सक्दैनन् भने हामी नै तिनकहाँ किन नजाने ?

मनमौजी क्यालिफोर्नियावासी लिटविन 'सान्ता क्लज' का रूपमा नामी थिए । हिउँसरी सेता दाह्री भएर मात्र उनी यसरी नामी भएका होइनन् । उनी प्वाँखझैँ हलुंगा लेन्सहरू भरिएका झोला लिएर काठमाडौँ आउन कहिल्यै चुक्दैनथे । उनी विमानस्थलका अधिकारीहरूलाई 'ल है, आफ्ना हजुरआमाहरूलाई फेरि देख्न सघाउनोस्' भनेर ती झोला छुटाउँथे । तर मोतियाबिन्दुको शल्यक्रिया नगराई नहुने हदै दयनीय बिरामीहरूका समस्या हल गर्न यो दीर्घकालीन उपाय किमार्थ थिएन ।

रूइत आफूभन्दा माथिका बोसहरूलाई मोतियाबिन्दुको आधुनिक शल्यक्रिया अपनाउन जति अनुनयविनय गर्थे, त्यसलाई इन्कार गर्न उनीहरू त्यति नै जिद्दी गर्थे । रूइतका कतिपय विरोधीहरू त उनीप्रति खुलेआम वैरभाव राख्थे । 'यस्तो सपना देख्न छाड, सन्दुक । यो काम गर्न तिमीसँग न उपकरणहरू छन्, न त लेन्सहरू नै,' तिनीहरू भन्थे, 'यो काम कदापि हुनेवाला छैन । तिमी असम्भव कुरा गरिरहेका छौ । यसलाई यति महँगो पर्छ कि कल्पना गर्नै सकिन्न ।'

हतोत्साहित तुल्याउन तिनले भनिरहे, 'हेर रूइत, एउटा इन्ट्राअकुलर लेन्सलाई दुई सय डलरजति पर्छ । त्यति पैसाले त पुरानो विधिअनुसार बिरामीलाई चस्मा लगाइने खालका ५०

वटा शल्यक्रिया गर्न सकिन्छ ।' तिनले मोतियाबिन्दुको आधुनिक तरिकाले शल्यक्रिया गर्न पर्याप्त तालिमप्राप्त शल्य-चिकित्सक छैनन् भन्दै रट लगाइरहे । 'यी लेन्स लगाउने काम बडो जटिल छ,' रूइतका विरोधीहरूले तर्क गरिरहे, 'ल भैगो, एक पटकलाई त तिमी गएर कसैका आँखाको शल्यक्रिया गरौला रे । फेरि कसले त्यो दुर्गम ठाउँमा गएर शल्यक्रिया गर्छ ?'

तिनले नानावली किताबी चालबाजी प्रयोग गर्दै रूइतलाई उल्याए । क्लिनिकल जाँचद्वारा यो विधि प्रमाणित भएको छैन भन्दै तिनले बकवास गरे । यसले रूइतको चित्तमा चोट लगायो ।

'होला, होला, पश्चिममा यो प्रमाणित भएको छैन,' आजित भएर रूइतले भने, 'तिनले गोराहरूमा त यो विधिले काम गर्छ भन्ने प्रमाणित गरेका छन् । तर विकासशील विश्वमा पनि यसले काम गर्छ भन्नेचाहिँ प्रमाणित गरेका छैनन् ।' रूइतलाई यो पूर्वाग्रहको ताण्डव हो भन्ने थाहा थियो । यसमा उनले गर्न सक्ने के नै थियो र !

रूइत निरीह भए । पछि फर्केर गम्दै उनी भन्छन्, "यो विधिको क्लिनिकल जांच गरेर देखाइदिएको भए सायद यो पद्धति अलि छिटो स्वीकृत हुंदो हो । तर त्यस बखत यो असम्भव काम थियो । नेपाल आँखा अस्पताल एकदमै थोरै पैसाले चलेको थियो । यो विधिको क्लिनिकल जाँच गर्न थुप्रो समय र पैसा आवश्यक पर्थ्यो । यो जाँचमा विशिष्ट तहका थुप्रै चिकित्सकहरू संलग्न हुनु जरूरी थियो । इन्ट्राअकुलर शल्यक्रियाले विकासशील विश्वमा एकदमै राम्रोसँग काम गर्छ भन्ने कुरा नेत्र चिकित्सा फाँटको हरेकलाई थाहा थियो । यसका लागि खाँचो पर्ने जम्मा कुरा थियो- सफा कोठा, स्टराइल गरिएका उपकरण र काम गर्ने असल टोली ।"

आफ्नो आग्रह अस्वीकार गरिंदा रूइत बिल्कुलै विनम्र मुद्रामा मौन रहे । तर नयाँ विधिबाट उनी पूर्ण रूपले सम्मोहित भएको उनका आलोचकहरूलाई अत्तोपत्तो भएन । उनी पछि फर्कने कुरै थिएन । प्रत्येक पटक इन्ट्राअकुलर शल्यक्रिया गर्दा रूइत यो विधि सारा विकासशील विश्वमा लागू गर्न कसरी डाक्टरहरूको अगुवा जमातलाई प्रशिक्षण दिन सकिएला, लेन्सको मोल कसरी घटाउन सकिएला, बस, जिप र घोडाका पिठ्युँमा लादेर दूरदराजका उपत्यका र दुर्गम पहाडी चुचुरासम्म लैजान मिल्ने बलिया र हल्का माइक्रोस्कोपहरू कसरी प्राप्त गर्न सकिएला भनी गम खाइरहन्थे । नेपालका अन्धोपनबाट सबैभन्दा ग्रस्त ठाउँहरूमा आफ्नो विधि लागू गरेरै छाड्ने विचारको नशाले रूइत त्यसैत्यसै लट्ठ थिए ।

आफ्ना सहकर्मीहरूका लागि दोस्रो दर्जाको उपचार सह्य भएको र अझ तिनले यसको पक्षमा पैरवीसमेत गरेको देखेर रूइत रूष्ट भए । नेपाल आँखा अस्पताल नयाँ विधिको डरले थुरथुर हुनाले नेपालका लाखौं मानिस केवल दोस्रो दर्जाको उपचार पाउन वा दृष्टिविहीन रहन अभिशप्त भएको उनले टुलुटुलु हेर्नुपर्ने भयो । उनले शल्यक्रियापछि ढ्याब्रे चस्मा लगाइएका अनेकौं बिरामी भेटे । वर्षायाममा भिराला बाटाहरूमा पटक पटक चिप्लिंदा तिनका जीउ नीलडाम र घाउहरूले थिलथिलो भएका थिए । लड्दा चस्मा फुटेका थुप्रै बिरामी अर्को चस्मा किन्ने पैसा नभएर अन्धकारका कैदी भएका थिए । अझ हिमाली भेगमा त चस्मा पसल छँदै थिएनन् भने पनि हुन्छ ।

"रूइतका लागि त्यो साह्रै असहज अवस्था थियो," अतीतको स्मरण गर्दै लिटविन भन्छन्, "उनी अस्पतालका हाकिम थिएनन् । उनको हृदय नेपाली जनताका दुःखले टनाटन भरिएको थियो । तर के लाग्छ, सरकार सहयोगका नाममा सिन्को भाँच्न पनि तयार थिएन । उनलाई त्यो बेला पक्का पनि आफ्ना हातखुट्टा बाँधिएजस्तो लाग्यो होला । इन्ट्राअकुलर लेन्स नेपाल आँखा अस्पतालका लागि मात्र खतरा नभई अमेरिकाका नेत्र चिकित्सकहरूको सिंगो पुस्ताका लागि पनि खतरा भएको थियो । यो विधि अपनाउन तिनले मोतियाबिन्दुको शल्यक्रियासम्बन्धी पूरै नयाँ तरिका सिक्नुपर्थ्यो । आफूलाई यो नयाँ तरिकामा ढाल्न गाह्रो लागेर थुप्रै शल्य-चिकित्सकहरूले अवकाश लिए । थुप्रै पाका नेत्र चिकित्सकले चर्को विरोध गर्दै नयाँ विधिलाई ठाडै अस्वीकार गरे ।"



नेपाल आँखा अस्पतालका प्रमुख डा रामप्रसाद पोखरेल निकै वर्षसम्म रूइतका प्रतिपक्षी भए । रामप्रसादलाई आफूमा आश्रित एक प्रतिभाशाली तरूण डाक्टर आफ्नो साम्राज्यबाट विद्रोह गरेर अलग भएको पटक्कै मन परेन । "उनले प्वाक्क मुख फोरेर हुन्न त भनेनन् । तर उनको हाउभाउबाट भने विरोध प्रकट भयो । उनको हाउभाउले यसलाई अनुमोदन नगरेको बुझियो," रूइत भन्छन् ।

यस्ता कडा विरोधको सामना गर्नुपर्दाका क्षणहरूमा रूइतका लागि आफ्नो घरायसी जीवन नै सबैभन्दा ठूलो आडभरोसा थियो । गृहिणीको भूमिकामा नन्दाले राम्रो दक्खल प्राप्त गरेकी थिइन् । उनी नेत्र चिकित्सककी कुशल सहायक थिइन् । उनलाई अस्पतालमा खुबै आदर गरिन्थ्यो । त्यसकारण सुरूमा उनले आफ्नो व्यवसाय छाड्न आनाकानी गरिन् । तर जब रूइतको कामको समय बढ्दै गयो र उनको कार्यक्षेत्र झन्झन् स्पष्ट हुंदै गयो, उनीहरू परम्परागत बिहेअनुसारका भूमिकामा बाँधिए । रूइत दानापानी कमाउने भूमिकामा लागे । नन्दाले

किनमेल गर्ने, पकाइतुल्याइ गर्ने र रूइत कतै पदयात्रामा जान लाग्दा उनका लुगाफाटा आदि झोलामा हालिदिने काम सम्हालिन् ।

"उनले जीवनमा किनमेल गर्ने झोला कहिल्यै बोकेजस्तो मलाई लाग्दैन," रूइतलाई इंगित गर्दै नन्दा भन्छिन्, "झोला बोक्दा उनका हात बर्बादै पो होलान् कि भनी हामी ठट्टा गर्थ्यौं ।"

"म कति मिहिनेतसाथ काम गर्छु, त्यसको नन्दाले सधैं नै सराहना गरेको थाहा छ," रूइत भन्छन्, "म अस्पतालमा बिहान सबेरैदेखि बेलुका अबेरसम्म काम गर्थें । नन्दाले यसबारे कहिल्यै गुनासो गरिनन् । उनले मेरो काममा दक्खल दिने वा बाधाविरोध गर्ने काम कहिल्यै गरिनन् । जे हुन्छ, ठीकै हुन्छ भनेर उनी सधैं निश्चिन्त भइन् । उनी मेरो छेउमा हुनु नै जीवनमा मेरा लागि सबैभन्दा ठूलो उपहार भएको छ ।"

बुद्धमार्गी उपदेशहरूप्रति रूइतको विश्वास पनि उनका लागि साहसको मुहान हुन गएको छ । अनेक बुद्धमार्गी गुरूहरूप्रतिको उनको आदरभाव र तीमध्ये कतिपय गुरूप्रतिको धककी भावना रूइतमा परेको उनका बाको अविचल निष्ठाको प्रभाव थियो । बा सोनामले वालुङको काठे घरमा बिहान भालेको डाकमा गुरू रिम्पोछेको प्रतिमासामु पलैंटी मारेर उनको भक्तिभजन गाएको सम्झना रूइतको चित्तमा एकदमै गडेर बसेको छ । "म बालाई नैतिक मूल्यहरूको प्रतिरूपका रूपमा हेर्थें । सहज चेतनाबाट मलाई के थाहा भयो भने बाको नैतिक दृष्टि बुद्धदर्शनप्रतिको भक्तिभावबाट बनेको थियो । त्यसैले म उनै गुरूहरूतर्फ आकर्षित हुनु स्वाभाविक थियो," उनी भन्छन् ।

गुम्बा वा मन्दिरमा नगए पनि रूइतका सबै कामकाज बुद्धका उपदेशहरूप्रतिको विश्वासबाट प्रेरित थिए । अनि आपत् आइलाग्दा ती उपदेशले उनलाई साहस र तागत प्रदान गर्थे ।

"कठिनाइ वा चुनौतीको अवस्थामा समस्याहरूले गाँजिरहेको खण्डमा म अक्सर आँखा चिम्लिन्थें । र, मेरो अन्तरात्माका आँखासामु झर्झराउँदो प्रकाशपुञ्ज देख्थें । त्यो प्रकाशपुञ्ज मैले दर्शन गरेका गुरूहरूबाट आएको हो भन्ने मलाई थाहा थियो," रूइत भन्छन्, "मलाई जम्मा के थाहा छ भने त्यो प्रकाशपुञ्जले मलाई चुनौती र समस्याहरूको सामना गर्ने एकदमै तनावमुक्त भावना प्रदान गर्छ । सधैं आँखा चिम्लेर त्यो चहकिलो प्रकाशपुञ्ज प्रकट हुन लागेको देख्दा मलाई राहत अनुभव हुन्छ । अनि त्यसपछि मलाई समस्याले पिरोलेजस्तो लाग्दैन ।"

■■■

आफ्नो कामविरूद्ध अनेकथरी गुनासाहरूको बढ्दो कोलाहलको सामना गर्नुपर्दा रूइत आफ्नो आस्थाको शरण पर्न बाध्य हुन्थे । सन् १९८९ मा अन्धोपन निवारण अन्तर्राष्ट्रिय संघले काठमाडौंमा सम्मेलन आयोजना गरेपछि स्थितिमा सुधार भयो । सम्मेलनको एजेन्डा 'इन्ट्राअकुलर शल्यक्रियाको क्षेत्रमा भएको पछिल्लो विकासक्रम' बारे छलफल गर्नु थियो । तर सम्मेलनको भित्री आशयचाहिं यी साहसी तरूण शल्य-चिकित्सकका कामकाजमा दह्रो भरथेग गर्नु थियो ।

रूइत भन्छन्, "हामी दुर्गम भेगमा एकदमै उन्नत तहको शल्यक्रिया गर्दै थियौं । हाम्रो यो काम देखेर बडेबडे पाँचतारे शल्य-चिकित्सकहरूलाई औडाहा भएको थियो । उनीहरू सोच्थे- हैन, यी घटिया मानिसहरू के गर्न लाग्या हुन् ? हामी जे गर्दै थियौं, त्यसले थुप्रो मानिसलाई भयभीत तुल्याएको थियो ।

सम्मेलन होटल याक एन्ड यतीको फूलबुट्टे ऐना र एकदम अग्ला सिलिङयुक्त राजधानीको सबैभन्दा भव्य सभाकक्षमा भएको थियो । संसारभरिका २० जना अत्युत्तम नेत्र चिकित्सा विशेषज्ञलाई स्वागत गर्न गमलामा सजाइएका ताडका पात र ध्वजाहरूले विश्राम कक्ष चिटिक्क सिंगारिएको थियो । ती विशेषज्ञमध्ये एक जना भारतको मदुराईस्थित अरबिन्द अस्पतालका सुविख्यात डा गोविन्दप्पा वेङ्कटास्वामी उर्फ डाक्टर भी थिए । रूइतले नेत्र चिकित्साको स्नातकोत्तर तहमा अध्ययन गर्दाताक ती डाक्टरसँग काम गरेका थिए । सन् १९७० को दशकमा गैरमुनाफाकारी संस्थाका रूपमा अरबिन्द अस्पताल स्थापना गर्ने 'डाक्टर भी' परोपकारी शल्य-चिकित्सक र रूइतजस्ता तरूण शल्य-चिकित्सकका लागि प्रेरणास्रोत थिए । बाथको रोग र औंलाको विकारबाट पीडित भए पनि उनले नेत्रज्योति फर्काइदिने हजारौं शल्यक्रिया गरे । आफ्ना आध्यात्मिक गुरू श्री अरिबिन्दोद्वारा सशक्त तुल्याएइएका 'डाक्टर भी' आफ्नो कामलाई रोजगारी भन्नुको सट्टा पवित्र अभिभारा मान्थे । "उनको नेतृत्व, आध्यात्मिकता र बिरामीहरूप्रतिको प्रतिबद्धता अविस्मरणीय छ," रूइत भन्छन् ।



सम्मेलनमा प्रवेश गर्दा रूइत एकदम अत्तालिए । उनी कुशल सार्वजनिक वक्ता थिएनन् । तर उनले समकक्षीहरूलाई आफ्नो टोलीले दुर्गम भेगका गाउँहरूमा इन्ट्राअकुलर लेन्स प्रत्यारोपण गरी हासिल गरेका उत्कृष्ट नतिजाहरू देखाइदिनु अत्यन्तै जरूरी थियो ।

डाक्टरहरूको एउटा समूहले मोतियाबिन्दुको पुरानो ढाँचाको शल्यक्रियाका स्लाइडहरू देखाउन थाल्यो । फ्रेड हलोज रूइतलाई सहयोग गर्ने मनसुवाले सम्मेलनमा भाग लिन फेरि आएका थिए । सँगसँगै बसेका यी दुई मित्र स्लाइडको बयान सुन्दा रिसले आगो भए ।

"इन्ट्राअकुलर लेन्सबिनै हजारौं शल्यक्रिया सम्पन्न भइरहेछन् । शल्यक्रियाका यी पुराना विधिहरू प्रयोग गर्दा कसलाई पो गर्वको अनुभव हुंदो हो र ?" रूइत स्लाइडको बयानको स्मरण गर्छन्, "तर हाम्रा बाध्यता छन् । नत्र किन पो मानिसहरूको नेत्रज्योति धमिलो बनाउने विधिको पछाडि लागिंदो हो र ?"

रूइतलाई चिटचिट पसिना आयो । अनि उनको मुटु जोडजोडले ढुकढुक गर्‍यो । आफ्नो टोलीले एकदमै कठिन परिस्थितिमा आँखाको विश्वस्तरको उपचार उपलब्ध गराउन गरेका अजंगका प्रयासहरूको सम्झनाले उनको छाती ढक्क फुलेको थियो । उनलाई आफ्नो टोली बसको छतमा बसेको

याद आयो, गह्रौं ब्याकप्याक र डोका बोकेर पहाडहरूमा पदयात्रा गरेको याद आयो । औषधोपचारसम्बन्धी उपकरणहरू पोका पारेको याद आयो । उनलाई आफ्ना बा सोनामको याद आयो, जसले उनलाई भनेका थिए, "छोरा, आफ्नो अगाडि सजिलो र अप्ठ्यारो बाटो छ भने सधैं अप्ठ्यारो बाटो रोज्नू ।"

आफ्नो बोल्ने पालो आएपछि रूइत हातमा टिपोटहरू बोकेर मञ्चतिर गए । उनको हिम्मत चुरचुर भएको थियो । प्रतिनिधिहरूको बीचमा सन्नाटा छायो ।

रूइतले मुन्टो निहुर्‍याएर टिपोटहरू हेरे । उनले लाटो र बेढंगे पाराले कनिकुथी भाषण गर्दै आफूहरूले ग्रामीण भेगमा सफलतापूर्वक गरेका इन्ट्राअकुलर लेन्सका प्रत्यारोपणहरूका स्लाइड देखाए । हलमा भयंकर सन्नाटा छायो । त्यसपछिको घटना सम्झिँदै रूइत भन्छन्, "हरेकले जुरुक्क उठेर भने, "धत् ! तिमीलाई त्यो गर्न छूट छैन !" त्यहाँ साँच्चि नै खैलाबैला मच्चियो । ती सब रिसले रन्थनिए । तिनले विरोधमा हात उठाए अनि विश्व स्वास्थ्य संगठनका एक जना प्रतिनिधिले तिमीहरूले क्लिनिकल ट्रायल किन नगरेका हौ भनेर सोध्यो ।

एक सफेदपोस डाक्टरको टिप्पणीले रूइतको हृदय चिराचिरा भयो । "ती भलाद्मीले मलाई अब उप्रान्त तिमीले यस्तो वाहियात कुरा नगर्नू भने," रूइत भन्छन्, "उनले अगाडि भने- तिमीले चाहेजस्तो गरी हरेक मानिसलाई मद्दत गर्ने हाम्रो औकातै छैन । तिमीले दुई सय डलरको इन्ट्राअकुलर लेन्स लगाएर अन्धोपन भएको एक व्यक्तिको उपचार गरेछौ । त्यति पैसाले त हामी पुरानो तरिकाले शल्यक्रिया गरी ६०-७० जनालाई पुरानो ढाँचाको चस्मा लगाइदिन सक्छौं । कुरै गर्नलाई त योभन्दा महत्त्वका कतिकति कुरा छन् । त्यसकारण तिमीहरूको समय बर्बाद गर्नुको सट्टा म अब चुप लागेर बस्छु ।"

वर्षौं मरिमेटेर गरेको कामलाई बडो निर्ममतासाथ मैनबत्तीलाई झैं झ्याप्प निभाइयो । रूइतलाई सारा नेत्र चिकित्सा समुदाय नै आफ्नो विरोधमा खनिएझैं लाग्यो । आफ्नो कामको वैधतामाथि प्रश्न उठाइँदा उनी रिसले मुर्मुरिए ।

रूइत हडबडाएका भए पनि चुप लागेर बस्न सकेनन् ।

"सुरुमा त मेरो बोली नै खुलेन । तर मैले भन्न खोजेको कुरा जसोतसो गरी भनेरै छाडें," उनी भन्छन्, "तिनलाई सोधें- तपाईंहरूका छोराछोरी अन्धोपन भएका भए के तपाईंहरू आँखाका लेन्स झिकेपछि हप्ताभरि कत्ति हलचल गर्न नदिई तिनलाई सुताएर अलि दिनमै हराउने वा फुट्ने ढ्याब्रे चस्मा लगाइदिनुहुन्थ्यो होला त ? अस्पतालै पुग्न नसक्नेहरूलाई यो संसार देख्न पाउने हक छैन ? अनि बस भाडा तिर्ने औकात नभएका मानिस वा लेखपढ गर्न नजान्ने र कतै नेत्रज्योति फर्काउने सहयोग पाइन्छ भन्नेसम्म पनि थाहा नपाएका मानिस नि ? तिनको हेरचाह गर्नु पनि हाम्रो कर्तव्य हो । ती हामीकहाँ आउन सक्दैनन् भने हामी नै तिनकहाँ किन नजाने ?"

हलोज आफ्नो हक्कीपनका लागि नामी थिए । रूइतले आफ्नो मनको कुरा प्वाक्क भन्न नसके हलोज आफैं फटाफट मञ्चमा गएर ती भद्रजनहरूप्रति रूइतका मनमा भएको भावना तिनलाई सुनाइदिन्थे ।

"फ्रेडले फूलबुट्टे भाषामा भनेका कुरा म यहाँ जस्ताको तस्तै भन्न सक्दिनँ । तर पनि उहाँको भनाइ मोटामोटी यस्तो थियो- सम्झिराख, एक न एक दिन विश्व स्वास्थ्य संगठनले यी हास्यास्पद ढ्याब्रे चस्माको सट्टा रूइतले प्रचलनमा ल्याएजस्ता इन्ट्राअकुलर लेन्स सिफारिस गर्नेछ । अनि तिमी ल्वाँठ अमेरिकी साम्राज्यवादीहरूलाई लाज मर्नु हुनेछ," रूइत भन्छन् ।

त्यसपछि हलोज कोठामा भएका अरू प्रतिनिधिहरूतिर फर्किए । चस्मामाथिबाट तिनलाई क्रुद्ध दृष्टिले एक टकले हेरे अनि दोस्रो काँटको तरिका नछाड्न हत्ते हालेकामा तिनलाई गिज्याए । "उनले तिनलाई तिमीहरू स्वाँठ हौ, तिमीहरू उपनिवेशवादी धक्कुबाज नवधनाढ्य हौ । तिमीहरू धनी गोराहरूलाई आँखाको उत्कृष्ट खालको उपचार टक्र्याउँछौ अनि तिनको घरपछाडिका गरिबहरूलाई चाहिं चुत्थो खालको उपचार दिन्छौ । गरिब र दुर्गम भेगका मानिसहरू आँखाको राम्रो स्याहार नपाई मुख बाएर निसास्सिएका देख्दा तिमीहरूलाई लाज लाग्नुपर्ने हो भनिदिए," रूइत सम्झिन्छन् ।

रूइतले घुँडा टेकेर 'त्वम् शरणम्' हुन इन्कार गरे । उनले सनातन कच्चा उपचार विधिलाई स्वीकार गर्न इन्कार गरे ।

ब्रिटेनमा जन्मिएका एम्बुलेन्स ड्राइभर रेक्स सोर रूइतका लिपिकार, अनुवादक, सचिव, इन्जिनियर, हल्कारा र चालक थिए । उनी विश्राम कक्षमा व्यग्रतापूर्वक कुरिरहेका थिए । यी दुईको सिड्नीमा भेट भएको थियो । चिनापर्ची भएपछि रूइतले उनलाई आफ्ना सपना साकार पार्न सघाउन बिन्ती बिसाएका थिए । सोरको हृदयमा नेपालप्रति गहिरो प्रेम जागृत भइसकेको थियो । उनले आफ्नो जागिरबाट राजीनामा दिए अनि काठमाडौं उडानको टिकट बुक गरे । सबै कुराका सामान्य ज्ञाता भएर उनले रूइतका थुप्रै चिट्ठीको खेस्रा तयार पारिदिए ।

"रूइतले एकदमै बेचैन देखिंदै बाहिर निस्केर फ्रेडलाई भने, "तपाईंले त्यसरी नबोलेको भए हुन्थ्यो !" सोर भन्छन् ।

रूइत र हलोजले होटलको बारमा कटु संघर्षबाट पैदा भएका आफ्ना घाउमा मल्हम लगाए । एकाध पेग कडा ह्विस्कीको चुस्की लिएपछि रूइतलाई आफू संस्थापनतर्फ कहिल्यै फर्किन नसक्ने कुरा महसुस भयो । त्यहाँ त उनलाई वहिष्कृत अपराधी मानिएको थियो । अनि गद्दार पनि । अझ पागल पनि । ती फत्तुरहरू त वास्तवमा रूइतलाई संस्थापनको पिंजराबाट मुक्ति दिने तत्त्व पो बने ।

रूइतले घुँडा टेकेर 'त्वम् शरणम्' हुन इन्कार गरे । उनले सनातन नियमअनुसार चल्दै आएका कच्चा उपचारविधिलाई स्वीकार गर्न इन्कार गरे । नतिजा, थुप्रै समकक्षीहरूमा उनीप्रति एक प्रकारको ईर्ष्याजनक आदरभाव पैदा भयो । नेत्र चिकित्सा फाँटका थुप्रै मानिस उनको ध्येयतर्फ आकर्षित हुन थाले । तिनले रूइतको 'युटोपिएन' सपनाको अंग बन्ने चाहना प्रकट गरे । ने

सञ्जीवको अर्कै खेती

राजकुमार बानियाँ

तस्बिर : पर्वत पोर्तेल

१२ वर्षपछि सञ्जीव उप्रेती, ५६, को दोस्रो उपन्यास आउँदै छ, *हंस* । दोस्रो किताब लेखकका लागि चुनौतीपूर्ण हुन्छ । पहिलेको दोहोर्‍याउनु पनि भएन । विषयवस्तु, भाषा अनि आख्यानको संरचनामा फरक स्वाद दिन कठिनै । "मेरो दोस्रो किताब *सिद्धान्तका कुरा* भयो, तेस्रो किताब *मकैको अर्कै खेती,*" उनी भन्छन्, "ती समालोचना र नाटक थिए ।"

सञ्जीवको नयाँ उपन्यासमा हाँसको कथा मात्र छैन, मानवको पनि छ । उनले यथार्थ र स्वैरकल्पनाको मिश्रणमार्फत आप्रवासी अनुभव, पर्यावरणीय संकट, भाषाको सीमितता, पुंसत्व र नारीत्वबारे चलिआएका भाष्य तथा प्रेम, विछोड, ईर्ष्या र हिंसासँग जोडिएका मानवीय अनुभवलाई केलाएका छन् ।

"संसारमा किसिम-किसिमका जीव छन्, मानवभन्दा पहिले आएका जीव पनि," उनी भन्छन्, "आख्यानको संरचनामार्फत चरा, सर्प र अन्य मानवेत्तर प्राणीका कथा मानवीकरण गर्दै मानवकेन्द्रित विश्वदृष्टिलाई केही हदसम्म विस्थापन गर्ने कोसिस गरेको छ ।"

१२ अध्यायका शीर्षकले नै उपन्यासप्रति उत्सुकता जगाउँछन्, जारको घाँटी, टौदहका कथा, सिमसारमा झ्याँगिएको प्रेम, किचेनभित्र सेन्ट्रल पार्क, समुद्रमा बूढो मान्छे, जीवनको लटरी, न्युयोर्कका मुसा, हाँसको कथा, पोखरीको पींध, लुआ नलाउनेको कथा र अन्तिम उडान ।

खासमा टौदहले लेखाएको हो, सञ्जीवलाई *हंस* । पहिलो उपन्यास *घनचक्कर* पुनर्लेखनका लागि हिउँदमा उनी टौदह पुगेका थिए । त्यहाँ उनले लोकल हाँस पनि देखे, बाहिरबाट आएका उडन्ते हाँस पनि । र, ती हाँसको उडान र डुबानले उनको मस्तिष्कमा उपन्यासको गर्भाधान भयो ।

त्रिभुवन विश्वविद्यालयको प्राध्यापन, अल्जाइमर्सपीडित आमाको हेरचाह आदि व्यस्तताबीच उनी नयाँ उपन्यासमा सक्रिय हुन पाएनन् । साँच्चै भन्ने हो भने यी अध्याय अलगअलग समय तर पानीको छेउमा बसेर लेखिए ।

सुरुआत टौदहमा भइहाल्यो । केही भाग इन्डोनेसियाको बालीस्थित हिन्द र प्रशान्त महासागर जोडिने ठाउँमा लेखे, केही भाग झापाको मेची, विरिङखोला किनारमा । पानीले कति प्रभाव पारेछ भने उनले मानसरोवरलाई 'मन-सरोवर' बनाएका छन् । आखिर उड्ने भनेको पनि मनमै हो, डुब्ने भनेको पनि मनमै ।

नयाँ उपन्यास लेख्दा उनले चराबारे धेरै नै अनुसन्धान गरे । कुन चराले के खान्छन् ? कुन चरा कहाँ गएर बस्छन् ? कुन चरा कतिखेर कराउँछन् ? चराको संसार नियाल्न

सञ्जीवको नयाँ उपन्यासमा हाँसको कथा मात्र छैन, मानवका अनेक प्रवृत्तिको पनि वर्णन छ ।

उनी काठमाडौँ छेउछाउका रानीबारी, नागार्जुन, शिवपुरी, गोदावरीसम्म पुगेछन् ।

नेपालीमा सम्भवतः चरालाई समर्पण गरिएको यो पहिलो उपन्यास हो । "प्रकृति मूर्त छ तर मैले अमूर्त रूपमा बुझेको रहेछु," उनी भन्छन्, "अब मूर्त रूपमा बुझ्नुपर्‍यो भनेर चरा र मान्छेका सम्बन्धको कथा लेखेको हुँ ।"

उपन्यासमा चराले यसरी बोल्छ, 'हो नि ! लुआ लाउनेको सोच अरूले हत्तपत्त पढ्न सक्दैनन् । मनमा एउटा कुरा सोच्छन्, बोल्दा अर्कै कुरो गर्छन् । त्यसैले त तिनलाई आखन्डी भनेको नि !'

घनचक्करले धेरैजसो पाठकको दिमाग चक्कराएन मात्र, उनलाई 'घनचक्कर बाबा' नै बनाइदियो । पाठकलाई सम्मान गर्दै दोस्रो संस्करणमा उनले उपन्यासको भाषा केही सजिलो पारिदिए । हाँस र आत्मा जनाउने द्विअर्थी हंसको के हाल होला ? "यसको विषय, भाषा र प्रस्तुति बिलकुलै फरक छ," उनी भन्छन्, "पहिलो उपन्यासबाट मैले केही सिकेको पनि छु ।"

धेरैजसो लेखक पहिलो मस्यौदा लेखेपछि ९० प्रतिशत काम सकियो भन्छन् । सञ्जीव पहिलो मस्यौदालाई १० प्रतिशत काम मात्रै मान्छन् । धेरैजसो लेखक फ्ल्याट लेखनमा हुरुक्कै हुन्छन् भने सञ्जीव लेयर्ड लेखनमा । सलल बगेको भाषा पढ्न जति नै मजा आए पनि उनी त्यसलाई दोहोर्‍याएर पढ्दैनन् । यद्यपि सचेत भएर उनी लेयर्ड लेखन गर्दैनन् ।

सञ्जीवका सबैजसो किताब अक्षर क्रिएसनबाट छापिए । पत्नी अर्चना थापाको त्यो प्रकाशनगृह छाडेर उनी यस पटक बुकहिलतिर लागे । प्रश्न पनि उठे, घरको रोयल्टी नपाएर त होइन ? एउटै घरमा लेखक-प्रकाशकबीच मनोमालिन्य त छैन ? अर्चना स्पष्ट छिन्, "प्रकाशक छान्न लेखक स्वतन्त्र छ ।"

सञ्जीव आफ्नो अवकाश जीवनलाई अर्थपूर्ण बनाउने जोसमा छन् । कस्मोलोजी र फ्युचरोलोजीमा अपडेट भइरहेका छन् । विज्ञ हुन होइन, रमाइलो र खुसीका लागि । नयाँ रुचि खोज्ने क्रममा रुख र चरालाई पनि पछ्याइरहेका छन् ।



यी सब उनी केका लागि गरिरहेका छन् त ? जवाफ छ, सिर्फ खुसीको खोजी । अर्थात्, अरूलाई दुःख नदिईकन खुसी हुनु नै उनको जीवनको बटमलाइन हो । उनलाई विश्वास छ, "स-साना कुरामा पनि खुसी हुन सकिन्छ ।"

कर्ली कपालको ब्रान्ड बनाएका सञ्जीव आफैँमा रमाउने मस्तमौला हुन् । अतीव प्रचारप्रसारमा उनलाई संकोच लाग्छ । "मैले जीवनमा कमै लेखेको छु तर जे लेखेँ, त्यसलाई पाठकले मन पराइदिए । नाटक खेल्दा पनि धेरैले हेरिदिए," उनी भन्छन्, "यस्तै हो, यो उपन्यास पाठकले मन पराउन पनि सक्छन्, मन नपराउन पनि । म त्यसलाई सहर्ष स्वीकार्छु ।" नै

कोलाज

पिताकै पथ



पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र अर्जेन्टिनी लियोनल मेसी आफ्नो पुस्ताका सर्वोत्कृष्ट फुटबल खेलाडी हुन् । यी दुईमा को उत्कृष्ट भन्नेमा ठूलै बहस हुने गरेको छ । रोनाल्डो ३४ र मेसी ३२ वर्षका भए । उमेरसँगै दुवैको करिअर संन्यासतर्फ मोडिँदै छ । प्रदर्शन र उपलब्धिको आधारमा विश्व फुटबलमा सर्वकालीन महान खेलाडी मानिएका यी दुईपछि बन्ने सुपरस्टारबारे पनि धेरैखाले अनुमान हुने गरेका छन् ।

अबको २० वर्षतिर प्रतियोगिताको उपाधि र अवार्डमा फेरि रोनाल्डो र मेसीकै प्रतिस्पर्धा भयो भने त्यो आश्चर्य नहुन पनि सक्छ । किनभने दुवैका छोरा साने उमेरमा फुटबल क्रेजी देखिएका छन् । दुवै सुपरस्टारले आफू सानो छँदा जस्तो खेलाडी थिए, अहिले छोरा पनि उस्तै भएको बताइसकेका छन् । मिडिया रिपोर्ट र *युट्युब* तथा *इन्स्टाग्राम*मा आइरहेका भिडियोले पनि रोनाल्डो र मेसीका सन्तान फुटबलमा उमेरअनुसार कुशल भएको देखाउँछ ।

रोनाल्डोका छोरा क्रिस्टियानो जुनियर ८ वर्षका छन् ।

रोनाल्डो जुनियर युभेन्ट्सको एकेडेमीमा ट्रेनिङ गर्छन् । उनले हालै बुबाले जस्तै 'ओभरहेड किक' मा गरेको गोल *युट्युब*मा भाइरल नै बन्यो । बुबाले जस्तै ७ नम्बरको जर्सी लगाउने उनले यू-९ को डेब्युमै चार गोल गरेका थिए । रोनाल्डो कहिलेकाहीं छोरासँगै अभ्यास गर्छन् । फुटबल कौशल सिकाउँछन् ।

मेसीका छोरा थियागो भने एकेडेमीमा भर्ना भएका छैनन् । 'थियागो पहिले खेल मन पराउँदैनथे,' मेसीको भनाइ स्पेनी पत्रिका *मार्का*ले लेखेको छ, 'अहिले सबै खेल हेर्ने, मन पराउने भएका छन् । खेलको प्राविधिक पक्षबारे कुरा गर्छन् । पहिला मजस्तो थिएँ, छोरा त्यस्तै क्रेजी छन् ।'

जेठा छोराले खेलको राम्रो-नराम्रो पक्ष केलाइरहँदा ४ वर्षे माटेओ भने मैदानमै उत्रिएर बुबाले जस्तै बल हान्न थालेका छन् । उनकी आमाले केही अघि *इन्स्टाग्राम*मा अपलोड गरेको भिडियो लाखौंले हेरे, जहां माटेओले बुबाले जस्तै बल अगाडि बढाएर गोल गर्दै खुसियाली

हेरून्जेलको रमाइलो

'मर्दको जीवनमा प्रेम एक पटक मात्र हुन्छ, त्यो मैले मैयालाई गरिसकें,' छाडेर गएकी मैया (रिस्मा गुरुङ) प्रति काजी (दयाहाङ राई) यतिविघ्न दत्तचित्त छ । सपनामा मैया नै देखे पनि उनको खोजखबर छैन । त्यही बेला गाउँमा नयाँ सोल्टिनी काशी (उपासनासिंह ठकुरी) को उदय हुन्छ । विस्तारै काजीको सिद्धान्त डगमगाउँछ ।

काजीले मैयालाई बिर्सेला-नबिर्सेला तर *कबड्डी* र *कबड्डी कबड्डी* हेरेकाले उसको एकोहोरो प्रेम बिर्सिएका छैनन् । शैलीमा समस्या भए पनि काजीको प्रेम चोखो छ । तर *कबड्डी कबड्डी कबड्डी*मा आइपुग्दा काजीको मन नयाँ सोल्टिनीतिर भुल्न थाल्छ ।

मौलिक पात्र र परिवेशको कथा पस्किएको *कबड्डी* अनेक कोणबाट नेपाली फिल्मको आदर्श थियो । नाम र दाम कमाउने थोरै फिल्ममा दर्ज भयो । *कबड्डी कबड्डी*मा पनि यसले धर्म छाडेन । जस जान्छ, निर्देशक रामबाबु गुरुङलाई । तर यस पटक नयाँ सोल्टिनीले काजी बिग्रिएझैं *कबड्डी*को 'ब्रान्ड भ्यालु' बाट फाइदा लिने एकोहोरो नियतले निर्देशक विचलित भएका छन् । त्यसैले अघिल्ला दुई भागझैं *कबड्डी कबड्डी कबड्डी* आदर्श फिल्म हुन सकेको छैन । नयाँपनकै अभाव छ ।

फिल्मको सुरूआत हुन्छ, उही काजीको बेचैनीबाट । छन्त्याल (बुद्धि तामाङ) पत्नीका साथ गाउँबाट भागिहाल्यो तर बिके (विजय बराल) काजीकै साथमा छ । मैयाको वियोगबाट मुक्ति पाउन प्रेरित गरिरहन्छ । काजीको घाउमा मल्हमपट्टी लगाएझैं गर्छिन्, काशी । तर जब माया बस्न थाल्छ, तब काशीका अरू सोल्टीहरू बाधक बनिदिन्छन् । काशीको प्रेमी म्याकी (कर्मा) पनि थपिन्छ । काशी पाउने घम्साघम्सीमै केन्द्रित छ, फिल्म ।

अन्तरजातीय विवाह र सम्बन्धविच्छेदलाई उजागर गर्न खोजिएको छ तर सोल्टीहरूको रस्साकस्सीमा पूरापूर ओझेल परेको छ । चरित्रकरणदेखि कथाको उठान, विकासक्रम र बैठानमा पटकथाकारद्वय गुरुङ र उपेन्द्र सुब्बाको कुशलता देखिँदैन । द्वन्द्वको निर्माण र त्यसबाट कथाप्रति कौतूहल पैदा नहुनु विडम्बना हो ।

फिल्म : *कबड्डी कबड्डी कबड्डी*
★★☆☆☆

मध्यान्तरसम्म मनग्ये हँसाइन्छ । पात्र र सन्दर्भअनुकूलका पन्चलाइनले ताजा बनाउँछ । काजी र काशीबीचको प्रेम अंकुरण गराउने शैली रोचक छ । काजी र बिकेको दोस्ती प्रेमपूर्ण लाग्छ । दृश्य खास वजनदार नभए पनि तिनलाई परिपक्व शैलीमा खिच्ने र सिलसिला मिलाएर बुन्ने मामलामा चाहिं गुरुङ प्रभावशाली देखिन्छन् । पात्रको बोलीचाली, भेषभूषा र जीवनशैलीमा मुस्ताङको स्थानीय स्वादलाई निरन्तरता दिइएको छ । तर संवादजस्तै पटकथामा मिहिनेत गरेको भए कुरा अर्कै हुन सक्थ्यो ।

कबड्डी सिरिज मात्र होइन, निर्देशक

मनाएका छन् । फुच्चे केटोले मैदानको मध्यभागबाट ड्रिब्लिङ गर्दै पोस्टनजिक पुर्‍याएर हानेको गोलले मेसीको खेलको झल्को दिन्छ ।

मेसी र रोनाल्डोको उमेरमा जति अन्तर छ, संयोगले दुवैका जेठा सन्तानको उमेरमा पनि उति नै फरक छ । मेसीले १७ वर्ष र रोनाल्डोले १६ वर्षको उमेरमा व्यावसायिक फुटबलमा करिअर सुरू गरेका थिए । मेसीले क्लब फुटबलमा निरन्तर बार्साबाटै खेलिरहेका छन् । रोनाल्डोको चौथो क्लब हो, युभेन्टस । मेसीले ३४ र रोनाल्डोले २९ उपाधि जितेका छन् । दुवै सुपरस्टारले देश र क्लबका लागि ६ सयभन्दा बढी गोल गरेका छन् । वर्षको उत्कृष्ट खेलाडीको अवार्ड बालोन डि'अर ५-५ पल्ट जितेका कीर्तिमानी रोनाल्डो र मेसीकै पथमा छोराहरू आउँछन् भन्ने अहिले अनुमान मात्रै गर्न सकिन्छ ।

▪ राजु घिसिङ

गुरूङका हरेक फिल्म धेरै हदसम्म *कबड्डीकै* पुनरावृत्ति भइरहेका छन् । जे बिक्छ, त्यो दिनेलाई सर्जक होइन, व्यापारी भनिन्छ । सिर्जनशील भनिएका निर्देशक गुरूङले बजारको हाइहाइको आत्मरतिमा नअल्झिई आफ्ना फिल्म र ध्येयप्रति आत्मालोचना गर्नु आवश्यक भइसकेको छ । घुमाइफिराई जसरी हुन्छ, केटीको पछाडि केटा दौडाउने रबैयालाई सधैं मौलिकताको नाममा स्वीकार्न सकिँदैन ।

कबड्डी कबड्डी कबड्डीको सशक्त पक्ष भनेकै कलाकारको अभिनय हो । काजीको चरित्रमा दयाहाङ पहिलेझैं स्वाभाविक लाग्छन् । उपासनाको अभिनय निखारिएको छ । कर्मा र विल्सनविक्रमले पात्र आत्मसात् गरेका छन् । चरित्रको वजन घट्न नदिएका अर्का कलाकार हुन्, विजय बराल ।

दयाहाङका फ्यान र हेरून्जेल रमाइलो भए पुग्ने 'मनकारी' दर्शकका लागि हो, *कबड्डी कबड्डी कबड्डी* । नयाँपन र सिर्जनात्मक अपेक्षा राख्नेको चाहिं मन खल्लो हुन्छ ।

▪ गोकर्ण गौतम

८ प्रश्न | योगेन्द्र गौचन

'सरकार सक्रिय नहुँदा बजारमा बदमासी'

चाडबाड नजिकिएसँगै सधैंजस्तो अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले बजारमा सक्रियता बढाएको छ । यस्ता मौसमी अनुगमनका बखत व्यापारीसँग अक्सर मनमुटावसमेत हुने गरेको छ । विभागका महानिर्देशक गौचनसँगको संवाद ।

जहिल्यै चाडपर्व केन्द्रित अनुगमन किन ?

अरू बेलाभन्दा यस बेला बजार बढी चलायमान हुने भएकाले उपभोक्ता ठगिने सम्भावना बढी हुन्छ । त्यसैले अरू बेलाभन्दा चाडवाडको छेकोमा हामी बढी सक्रिय हुनुपर्छ । अरू बेला पनि अनुगमन भइरहन्छ ।

चाडबाडका बेला बढी सक्रिय हुने, अरू बेला कम । एकनासले काम गर्दा यस्तो बेला दबाब कम हुन्थ्यो कि ?

संघीय संरचनामा गएपछि विभागको जनशक्ति घटेसँगै अनुगमन पनि घट्यो । अहिले त हामीले मन्त्रालयसँग हारगुहार गरेर २९ जना जनशक्ति काजमा ल्याएका छौं र बजार अनुगमन भइरहेछ ।

जनशक्ति नभएर नै पहिलेभन्दा कम अनुगमन भएको हो यसपालि ?

कम भएको होइन । पहिले मिडियालाई सँगै लगिन्थ्यो । अहिलेचाहिं कैफियत नदेखीकन अनुगमनका समाचार आउँदा ग्राहक भड्किन्छन् भनेर व्यवसायीले गुनासो गरेपछि मिडिया नगलेर कम भएजस्तो लागेको हो ।

विभागले अर्धन्यायिक अधिकार पाए पनि बजारमा त्यसको प्रभाव त देखिएन नि ?

उपभोक्ता संरक्षणसम्बन्धी नयाँ ऐनले विभागलाई एक वर्ष कैद र नगद जरिवाना तोक्ने अधिकार दिएको छ । फिल्डमै दण्ड दिन सक्छ । हामीले विभिन्न क्षेत्रमा अनुगमन गरेर कारबाही गर्‍यौं । धेरै सुधार भएको छ ।

उपभोक्ताले त्यसको अनुभूति गर्न पाएका छन् त ?

विभाग संघीय सरकारको निकाय हो । ठूला आयातकर्ता र थोक बिक्रेतालाई मात्र हामीले ध्यान दिन्छौं । खुद्रादेखि तलका पसल अनुगमन प्रदेश, स्थानीय निकायले गर्नुपर्छ । हामीले हात नहालेको क्षेत्रमा सबैभन्दा बढी बदमासी भइरहेको छ ।

प्रदेश र स्थानीय निकाय सक्रिय नभएकाले बजारमा समस्या भएको हो ?

नयाँ उपभोक्ता ऐनले प्रदेश र स्थानीय निकायमा बजार अनुगमन समिति रहने भनेको छ । प्रदेशले नियमावली बनाएर र स्थानीयले कार्यवधि बनाएर बजार अनुगमन गर्नुपर्ने हो । भएको छैन । संघीय सरकारले मात्र गरिसाध्य छैन ।

बजारको यो समस्या त आजको होइन ?

०४६ सालपछि भित्रिएको खुला अर्थतन्त्रपछि यो समस्या देखियो । प्रतिस्पर्धाका रूपमा आयात खुला गरेपछि 'ट्रेडिङ' मा आधारित अर्थतन्त्र विकास भयो । राजस्वको मूल स्रोत आयात भयो । जस्तो पायो त्यस्तो सामान भित्र्याउने र मूल्यसूची नराखी बेचेर रातारात नाफा कमाउने लालच बढ्यो ।

यसको मूल समस्या त न्यून बिल बिजकीकरण हो । समाधान त्यता किन नखोजिएको ?

हो, भन्सार मूल्यांकन कम गरेर बजारमा अर्कै मूल्य राख्ने गरेका छन् । यसले एकातिर सरकारी ढुकुटीमा राजस्व दाखिला कम भएको छ भने अर्कोतिर उपभोक्ता मारमा परेका छन् । बजारमा मात्र समाधान खोजेर भएन ।

▪ मनबहादुर बस्नेत

सिद्धार्थको
कश्मीरी पुलाउ

भनिन्छ, कसैले राम्ररी खाना खान पाएको छैन भने उसले राम्ररी सोच्न, माया गर्न र सुत्नसमेत सक्दैन । त्यसैले मीठो पकाउने मान्छे अगाडि जो पनि झुम्मिने । यस्तै, स्वादिस्ट परिकार खान मन छ भने तीनकुनेस्थित सिद्धार्थ कटेज रेस्टुराँ तपाईंका लागि उपयुक्त छ । यहाँ कश्मीरी पुलाउ, फ्राई माछा, चिकेन करीलगायत थाली खानासमेत पाइन्छ । दुई दशकदेखि होटल र हस्पिटालिटी व्यवसायमा आबद्ध सिद्धार्थका होटल र रिसोर्ट पनि छन् ।

महेश प्रधान

बुद्धिमानी
सोफिया

पहिले कपडा शरीर ढाक्न लगाइन्थ्यो भने अहिले कपडाले व्यक्तित्व दर्शाउँछ । त्यसैले होला, बजारमा हरेक दिन नयाँ-नयाँ डिजाइनका कपडा माग भएको । जिन्सको वानपिसमा सजिएकी छन्, मोडल सोफिया श्रेष्ठ । ग्रीक भाषामा सोफियाको अर्थ हुन्छ, बुद्धिमान । सेतो जिन्स र कालो बेल्टमा सोफिया साँच्चै नै प्यारी देखिन्छिन् । नाममा जस्तै कपडा छान्ने मामिलामा सोफिया बुद्धिमानी देखिएकी छन् । वनपिसले उनलाई सुन्दर देखाएको छ ।

पर्दामा चिनियाँ चलचित्र

पर्दामा पानी झमझम परिरहेको हुन्छ । आइपी म्यान आउँछन् र दर्जनौं लडाकूसँग एक्लै भिड्छन् र जित्छन् पनि । जितसँगै उनी आफ्ना पुराना अतीतमा फर्कन्छन् । यो कुनै काल्पनिक कथा होइन । आइपी म्यानले वास्तवमै उक्त लडाइं जितेका थिए । उनको लड्न सक्ने अद्‌भुत कलालाई पर्दामा उतारेका थिए, निर्देशक वाङ्कार वाईले *द ग्रान्डमास्टर*को रूपमा सन् २०१३ मा । ब्रुस लीका गुरूसमेत रहेका आइपी म्यानको फिल्म देखाइएको छ, भर्खरै सम्पन्न चिनियाँ चलचित्र महोत्सवमा ।

३१ भदौदेखि २ असोजसम्म काठमाडौं नाचघरमा भएको महोत्सवमा *द ग्रान्डमास्टर, अपरेसन मेकङ वुल्फ टोटेम, ब्याटल अफ मेमोरिज*लगायत ६ वटा चलचित्र देखाइएको थियो । अपरेसन मेकङमा सन् २०११ मा थाइल्यान्डको मेकङमा दुइटा चिनियाँ कार्गो जहाजमाथि भएको नरसंहार देखाइएको छ । यस्तै, *ब्याटल अफ मेमोरिज*मा प्रोटागोनिस्टले मेमोरी सेन्टरबाट देखिने मेमोरी हटाउन खोज्छ जब, तब उसले आफ्नो दिमागमा सिरियल किलर भेट्टाउँछ । सन् २०२५ को सेटिङमा बनेको चलचित्र रोमाञ्चक छ ।

महाराजगन्जस्थित चिनियाँ सांस्कृतिक केन्द्रको आयोजना तथा वर्ल्ड कल्चरल नेटको सह-आयोजनामा चिनियाँ फिल्म ग्रुप कर्पोरेसनको पनि सहभागिता थियो । महोत्सवका बेला १ असोजमा पेकिङ युनिभर्सिटीको आर्ट इन्स्टिच्युटका प्रोफेसर चेन सुगुआङसँग विशेष अन्तरसंवादको कार्यक्रमसमेत भएको थियो ।

केकीको भर

एक समय थियो, केकी अधिकारीलाई फिल्मको ओइरो लागेर छान्नै मुस्किल पर्थ्यो । तर उनका फिल्मले बक्स अफिसमा गतिलो प्रदर्शन गर्न सकेनन् । एउटै शैलीको पात्र र अभिनयमा मग्न भएको आलोचना खेप्नुपर्‍यो । साम्राज्ञीराज्यलक्ष्मी शाह, स्वस्तिमा खड्काजस्ता हिरोइनको आगमन भयो । केकी ओझेल पर्दै गइन् । तैपनि उनलाई फिल्मको खडेरी लागेन । एकाध फिल्ममा काम गरिरहिन् तर पुरानो साख फर्काउने प्रयास सधैं असफल भइरह्यो । भलै उनले हिम्मत हारेकी छैनन् । *छ माया छपक्कै* पछिल्लो उदाहरण हो ।

ब्लकबस्टर *छक्का-पञ्जा* सिरिजका निर्माता दीपकराज गिरीको यस फिल्ममा केकी मुख्य भूमिकामा छिन् । फिल्म हिट हुने र आफ्नो क्रेज फर्कनेमा आशावादी छिन् । त्यसमाथि निर्माण पक्षले अर्की हिरोइन सुपुष्पा भट्टभन्दा उनलाई प्रमोसनमा प्राथमिकता दिएको छ । केकीको करिअरका लागि *छ माया छपक्कै* सञ्जीवनी बुटी साबित होला त ? फिल्म २४ असोजमा प्रदर्शन हुँदै छ ।

कुबेर डंगोल

नोटबुक

मनबहादुर बस्नेत

सेनाका पत्याइनसक्नु गफ

सैनिक जंगी अड्डाले ३१ भदौमा तात्तातो खबर पस्कियो, संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा खटिने सैनिकको भत्ता बढाएको । राष्ट्रसंघको साधारण सभाले मिसनमा खटिने जनशक्तिको भत्ता बर्सेनि निर्धारण गर्छ । सोझो हिसाब गरौं, अहिले मिसनमा खटिने हरेक सैनिकले १ हजार ४ सय २८ अमेरिकी डलर पाउँछन् । यो रकमको निश्चित प्रतिशत सेनाले आफ्नो सैनिक कल्याणकारी कोषका लागि काट्छ । दर्जाअनुसार भिन्नभिन्न भत्ता दर तोकेर सेनाले दिन्छ ।

यसरी तलबभत्ता दिने प्रक्रियामा कल्याणकारी कोषका लागि काटिने रकम घटाउँदा सैनिकको आम्दानी बढेको हो । सेनाले सोझै भत्ता बढाइदिएको होइन । तर जंगी अड्डाले आफ्नै तजबिजले भत्ता बढाइदिएको जसरी प्रचार गरेर लाभ लिन खोज्यो । राष्ट्रसंघको साधारण सभालाई मात्र शान्ति मिसनमा खटिने कर्मचारीको सुविधा निर्धारण गर्ने अधिकार हुन्छ । सशस्त्र प्रहरीले ०७५ देखि नै मिसनमा खटिने कर्मचारीबाट कोषमा रकम काटिने व्यवस्था बन्द गरेको छ । त्यही निर्णय सेनाले अहिले गरेको हो ।

सांगठिनक सुधारका काम थालेर वाहवाही कमाइरहेका प्रधानसेनापति पूर्णचन्द्र थापाकै अध्यक्षतामा बसेको कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिले गरेको निर्णयबाट मिसनमा जाने सैनिक लाभान्वित पक्कै भए । तर त्यो मिसनवालाकै पैसा हो, सेनाले बढाएको होइन । कोषमा रकम नकाट्ने हो भने भत्ता अझै बढ्छ । कोषको मुख्य आम्दानी यही कट्टी रकम हो । कोषको पैसाको बलमा सेनाले बेलाबेला व्यापारिक आकांक्षा बढाउँदै आएको छ । मूल चरित्रबाट विचलित बनिरहेको सेना झन् प्रचारमुखी बन्दा क्षति कसले बेहोर्ला सेनापतिज्यू ?

गुप्तचरका निम्तालु गायब

भारतीय खुफिया संस्था रअका प्रमुख सामन्त गोयल साउनको पहिलो साता राष्ट्रिय अनुसन्धान विभाग (एनआईडी) को निमन्त्रणामै नेपाल आएका थिए । समकक्षी संस्थाको निमन्त्रणामा आए, गए । तर कुरो यत्तिमै सकिएन । निम्तो दिनेले नै निम्तालु कहाँ गए भन्ने पत्तो नपाएपछि के होला ?

४ साउनमा काठमाडौं ओर्लिएको गोयल टिमका लागि हायात होटलमा भारतीय दूतावासले बासको बन्दोबस्त मिलाएको थियो । साँझ आएको टोली होटल पुग्यो । केही समय आराम गरेर दुइटा गाडीमा पाहुना टोली निस्कियो । तर चाबहिलदेखि एकाएक गायब भएछ । एनआईडीले पाहुनाले समेत थाहा नपाउने गरी पछ्याइरहेको थियो । शनिबार भएकाले काठमाडौंको ट्राफिक अन्य दिनको तुलनामा चाप थिएन । यस्तो बेलासमेत पाहुना कता गए भन्ने एनआईडीले लख काट्नै सकेनछ ।

एनआईडीले झन्डै दुई घन्टासम्म आफ्नै पाहुना गायब भएको पीडा बेहोर्नुपर्‍यो । त्यसपछि दुई गाडी फरक-फरक स्थानमा देखिएछन् । एउटा महाराजगन्ज र अर्को बालुवाटार । तर मान्छेबिनाका गाडी मात्रै । एनआईडीले राती ११ बज्न लाग्दा मात्रै चाल पाएछ, गोयलको टिम प्रधानमन्त्री केपी ओलीको पाहुना बनेर बालुवाटार छिरेको ।

तीन दिने नेपाल बसाइमा गोयल भ्रमणबारे छिसिक्क सूचना चुहिएन । तर सोमबार पशुपतिनाथको दर्शन गरेर दिल्ली फिर्तीपछि गोयल भ्रमण र उनका राजनीतिक भेटघाटबारे सूचना छ्यालब्याल भए । हिन्दु कट्टरपन्थी भारतीय सरकारले साउने सोमबारको साइतमा महत्त्वपूर्ण कदम चालिरहेको रहेछ । साउनको पहिलो सोमबार चन्द्रयान २ नामक यान चन्द्रमा पठायो । अन्तिम साउने सोमबार कश्मीरको विशेष अधिकार खारेज गरिदियो । नेपालको राजनीतिमा हाबी संस्था रअ प्रमुखले पहिलो सोमबार नेपालको पशुपतिनाथ दर्शन गरे । सरकारका प्रवक्ताले रअ प्रमुख गोयलले प्रधानमन्त्रीसँग नभेटेको जिकिर गरिरहे । प्रधानमन्त्रीकै स्वकीय सचिव राजेश वज्राचार्यले भेटको प्रबन्ध गरेपछि प्रधानमन्त्री मातहतकै संस्था एनआईडीले कसरी चाल पाओस् । यस्तो हुस्सुपन हटाउन एनआईडीले पनि साइत हेर्ने विकल्प रोज्ने कि !

हराएको नो हर्न

सरकारले दुई वर्षअघि जथाभावी सवारी साधनको हर्न बजाउन निषेध गर्‍यो । यो कामको प्रशंसा देशविदेश सर्वत्र भयो । ट्राफिक प्रहरी, काठमाडौं महानगर, यातायात व्यवस्था विभागको सहकार्यमा ध्वनि प्रदूषण कम गर्ने अभियान थियो, त्यो । कार्यान्वयन, नियमन गर्ने जिम्मा ट्राफिक प्रहरीको थियो । एक वर्षजति यो नियम राम्ररी लागू भयो । धेरैले ठानेका थिए, यो थिति सदाका लागि बस्यो । अभियान सुरू हुँदा डीआईजी मिङमार लामा महानगरीय ट्राफिक महाशाखाको प्रमुख थिए । त्यसपछि सर्वेन्द्र खनालले यसलाई लागू गराउन थप तदारूकता देखाए ।

सडकमा हर्नको आवाज एक वर्षजसो नसुनिएसरह थियो । तर अहिले सडकमा ट्याँट्याँटुँटुँको राज फेरि फर्किएको छ । ट्राफिक प्रहरी नसुनेझैं गर्छ । नो हर्न अभियानका अगुवा स्वयं कानुन कार्यान्वयन गर्ने निकाय प्रहरीको प्रमुख बनेका छन् । तर आफैंले थिति बसालेको चीज हेर्दाहेर्दै बिग्रिएको आईजीपीले देखेनन् । अगुवापछुवा सुरक्षा दस्तासहित साइरनजडित गाडीमा हुइँकिंदा सडकको हर्न आतंक नसुनिएको हो वा पदमा पुगेपछि भुइँका आवाज नसुन्ने रोग लागेको हो, आईजीपीसाब ? ने

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

2x पावर
- >2.2 mHawk engine with 140 BHP power
- > 320 NM Torque
- > 6 forward + 1 reverse gear transmission
- > Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- >Dual Airbags
- >ABS
- >Control lock with remote control and alarm
- >ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- >Air Conditioning
- >Power Window
- >Driver Information Display
- >Hydraulic Bonnet Struts
- >Bluetooth Connectivity
- >Projector Headlamps
- >Rear Demister
- >Fog Lamps

*शर्तहरू लागू हुनेछन्

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP
रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Url: mahindrapikupnepal.com **Email:** marketing@agnigroup.com.np **Service Helpline No.:** 16600-100-200 (NTC), 980-157-1212 (Ncell)

www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५५/५७ म.श्रे.हु.नि.का.द.नं. २/०५७/५८
Since 1760
Lewis Berger
Paint your imagination
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN
10 YEAR WARRANTY
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी